
असोज – २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २८, अङ्क १२ | २०७६, असोज १६-३० | पूर्णाङ्क ६५४



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे, सर्वोच्च अदालत | - अध्यक्ष |
| मुख्य रजिष्ट्रार श्री नृपध्वज निरौला | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिष्ट्रार श्री नारायणप्रसाद पन्थी | - सदस्य |
| अधिवक्ता श्री रूद्रप्रसाद पोख्रेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिष्ट्रार श्री भीमकुमार श्रेष्ठ, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री देवी चौधरी
शाखा अधिकृत श्री गोपी विश्वकर्मा
शाखा अधिकृत श्री नेत्र प्रसाद पौडेल
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री गीता लुइँटेल
ना.सु. श्री यशोदा निरौला
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

ना.सु.श्री अर्जुन चौधरी

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री गंगा थापा
बुकबाइन्डर श्री धनमाया मानन्धर

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | १२ |
| इजलास नं. १ | २ |
| इजलास नं. २ | ७ |
| इजलास नं. ३ | १२ |
| इजलास नं. ४ | ७ |
| इजलास नं. ५ | ५ |
| इजलास नं. ६ | ४ |
| इजलास नं. ७ | ६ |
| इजलास नं. ८ | ८ |
| इजलास नं. ९ | ५ |
| जम्मा | ६८ |

| | |
|---|---|
| इजलास नं. १० | ३ |
| इजलास नं. ११ | ३ |
| इजलास नं. १२ | २ |
| इजलास नं. १३ | २ |
| इजलास नं. १४ | २ |
| एकल इजलास | २ |
| जम्मा | १४ |

कूल जम्मा ६८ + १४ = ८२

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७६, असोज – २, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

# सूचना

**<u>"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन"</u>** को **<u>"वार्षिक ग्राहक"</u>** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

सर्वोच्च अदालतबाट २०७५ सालमा प्रकाशित **<u>नेपाल कानून पत्रिका अतिरिक्ताङ्क २०७१</u>** सीमित मात्रामा रहेकाले आफ्नो प्रति सुरक्षित गर्न सम्बन्धित सबैको लागि जानकारी गराइन्छ।

**ने.का.प.को अतिरिक्ताङ्क २०७२ र २०७३ क्रमश: प्रकाशन हुँदै गरेको पनि जानकारीका लागि अनुरोध छ।** साथै सर्वोच्च अदालतबाट नेपाल कानून पत्रिका संवैधानिक इजलास खण्डको छुट्टै प्रकाशन भएको जानकारी गराउन चाहन्छौं। यस वर्ष **<u>वातावरणसँग सम्बन्धित फैसलाहरूको सङ्गालो, २०७६</u>** पनि प्रकाशन भएकाले आफ्नो प्रति बेलैमा सुरक्षित गर्न सम्बन्धित सबैको लागि अनुरोध छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ – १०** |
| १. | कर्तव्य ज्यान | नेपाल सरकार वि. कामी शेर्पा | १ |
| २. | कर्तव्य ज्यान | नेपाल सरकार वि. प्रमोद साह सोनार | २ |
| ३. | उत्प्रेषण / परमादेश | नरेन्द्रकुमार कार्की वि. राजकुमार विमली | ३ |
| ४. | बाँकी रकम दिलाई पाऊँ | रामदयाल यादव वि. मुकुन्दप्रसाद शर्मा | ४ |
| ५. | उत्प्रेषण | शिवप्रसाद घिमिरे वि. राष्ट्रिय वाणिज्य बैंक के.का. काठमाडौं | ४ |
| ६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रामएकवाल ठाकुर | ५ |
| ७. | जबरजस्ती करणी | बलबहादुर राई वि. नेपाल सरकार | ६ |
| ८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. धन्जन महर्जन | ७ |
| ९. | उत्प्रेषण | नगेन्द्रप्रसाद खरेल वि. पुनरावेदन अदालत इलाम | ७ |
| १०. | उत्प्रेषण | विष्णुप्रसाद खरेल वि. पुनरावेदन अदालत इलाम | ८ |
| ११. | कर्तव्य ज्यान | नेपाल सरकार वि. आशापति थरूनी | ९ |
| १२. | उत्प्रेषण / प्रतिषेध / परमादेश | युवराज गौतम वि. पुनरावेदन अदालत विराटनगर | १० |
| **इजलास नं. १** | | | **१० – १२** |
| १३. | जबरजस्ती करणी | नेपाल सरकार वि. पुष्कल बस्नेत | १० |
| १४. | लागु औषध डाइजेपाम समेत | नेपाल सरकार वि. मवन गुरूङ | ११ |
| **इजलास नं. २** | | | **१२ – १६** |
| १५. | निषेधाज्ञा | अर्जुनप्रसाद साह वि. शंकर साह व्याहुत सुकी | १२ |
| १६. | परमादेश | उत्तम मुखिया मलाह वि. जिल्ला प्रशासन कार्यालय, सप्तरीसमेत | १२ |
| १७. | परमादेश | गोपिचन साह कानुसमेत वि. जिल्ला प्रशासन कार्यालय, पर्सा वीरगन्जसमेत | १३ |
| १८. | उत्प्रेषण | विशेश्वर यादव वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत | १३ |
| १९. | लेनदेन | रिखिदेव राउत अहिर वि. राजकुमार पण्डित | १४ |
| २०. | उत्प्रेषण | हरिनाथ साह वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत | १५ |
| २१. | निषेधाज्ञा | सितेश ठाकुर वि. रामलाल मण्डलसमेत | १५ |
| **इजलास नं. ३** | | | **१६ – २५** |
| २२. | उत्प्रेषण / | हेराजिव झा वि. पूर्व | १६ |

| | | | |
|---|---|---|---|
| | परमादेश | क्षेत्रीय प्रहरी कार्यालय, रानी विराटनगरसमेत | |
| २३. | उत्प्रेषण / परमादेश / प्रतिषेध | लक्ष्मीबहादुर श्रेष्ठ वि. नेपाल राष्ट्र बैंक, के.का. बालुवाटारसमेत | १७ |
| २४. | लागु औषध खैरो हेरोइन | नेपाल सरकार वि. सागरबहादुर गुरूङ | १८ |
| २५. | लागु औषध | विकास गुरूङ वि. नेपाल सरकार | १९ |
| २६. | अपहरण तथा शरीर बन्धक | राजकुमार चापागाई वि. नेपाल सरकार | २० |
| २७. | ठगी तथा सरकारी दस्तखत किर्ते | राजकुमार चापागाई वि. नेपाल सरकार | २० |
| २८. | जबरजस्ती करणी | नेपाल सरकार वि. प्रेम बहादुर कार्की | २२ |
| २९. | उत्प्रेषण / परमादेश | हेमराज पौडेल वि. सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारसमेत | २३ |
| ३०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सुवास राई | २४ |
| **इजलास नं. ४** | | | **२५ – ३१** |
| ३१. | मिलापत्र बमोजिम भएको दा.खा. निर्णय बदर | सर्मिष्ठा रघुवंशीसमेत वि. रघुवंशी वैद्य | २५ |
| ३२. | उत्प्रेषण / | जगदिश आचार्य वि. | २६ |

| | | | |
|---|---|---|---|
| | परमादेश | सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचल, काठमाडौंसमेत | |
| ३३. | दर्ता बदरसमेत | गोविन्दबहादुर खत्री वि. सुशिला अधिकारी | २७ |
| ३४. | कर्तव्य ज्यान | रमेश महर्जन वि. नेपाल सरकार | २८ |
| ३५. | कम्पाउन्ड सेफ्टी ट्याङ्की हटाई जग्गा खिचोला मेटाई हक कायम गरिपाऊँ | लेखबहादुर कामीसमेत वि. सूर्यमान श्रेष्ठ | २९ |
| ३६. | जग्गा खिचोला मेटाई चलनसमेत चलाई पाऊँ | बद्री थापा मगर वि. डम्बरप्रकाश योङहाङ | ३० |
| **इजलास नं. ५** | | | **३१ – ४३** |
| ३७. | भ्रष्टाचार | नेपाल सरकार वि. पदमप्रसाद पोखरेल | ३१ |
| ३८. | वैदेशिक रोजगार | नेपाल सरकार वि. रंगकुमार न्यौपाने | ४० |
| ३९. | ज्यान मार्ने उद्योग तथा डाँका | नेपाल सरकार वि. सुशिलकुमार सिंह | ४० |
| ४०. | वैदेशिक रोजगार | कल्याणप्रसाद अर्याल वि. नेपाल सरकार | ४१ |

| | | | |
|---|---|---|---|
| | कसुर | | |
| ४१. | राजीनामा लिखत बदरसमेत | सुनिता गुरूङ वि. हर्कबहादुर वि.क. समेत | ४२ |
| **इजलास नं. ६** | | | **४३ – ४६** |
| ४२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. हसिव मियासमेत | ४३ |
| ४३. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. पदमबहादुर दमाई (नेपाली) | ४४ |
| ४४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. भगवतीकुमारी वि.क. | ४४ |
| ४५. | कर्तव्य ज्यान | पवन नायक वि. नेपाल सरकार | ४५ |
| **इजलास नं. ७** | | | **४६ – ५१** |
| ४६. | सरकारी छाप दस्तखत किर्ते | नेपाल सरकार वि. विष्णुमाया देवकोटा | ४६ |
| ४७. | कर्तव्य ज्यान | रम्भादेवी ढोली वि. नेपाल सरकार | ४६ |
| ४८. | उत्प्रेषण | धनबहादुर सुनुवार वि. सावित्री सुनुवारसमेत | ४७ |
| ४९. | लागु औषध इन्जेक्सन | नेपाल सरकार वि. जेम्स गुरूङ | ४८ |
| ५०. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. छविलाल गिरी | ४९ |
| ५१. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. दिपा लिम्बूसमेत | ५० |

| | | | |
|---|---|---|---|
| **इजलास नं. ८** | | | **५१ – ५७** |
| ५२. | मूल्य अभिवृद्धि कर | सुरेश प्रधान वि. निवास सारदा | ५१ |
| ५३. | आयकर | सुरेश प्रधान वि. बृज सिमेन्ट उद्योग प्रा.लि. | ५२ |
| ५४. | मूल्य अभिवृद्धि कर | सुरेश प्रधान वि. निवास सारदा | ५३ |
| ५५. | मूल्य अभिवृद्धि कर | आन्तरिक राजस्व कार्यालय, भद्रपुर वि. निर्मल निर्माण सेवा | ५३ |
| ५६. | बन्दी प्रत्यक्षीकरण | मोहम्मद हनिफ खाँ वि. बाँके जिल्ला अदालत, नेपालगन्जसमेत | ५४ |
| ५७. | लिखत दर्ता बदर | अमिना खातुन वि. प्रदीप हरिजनसमेत | ५५ |
| ५८. | उत्प्रेषण / परमादेश | कल्पना ज्ञवाली वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगरसमेत | ५६ |
| ५९. | बन्दी प्रत्यक्षीकरण | टेकबहादुर बस्नेत वि. मोरङ जिल्ला अदालत, मोरङ | ५६ |
| **इजलास नं. ९** | | | **५७ – ६१** |
| ६०. | सरकारी छाप दस्तखत किर्ते | नेपाल सरकार वि. विष्णुप्रसाद डुम्रे | ५७ |
| ६१. | चोरी | शम्भु थापा वि. नेपाल सरकार | ५८ |
| ६२. | बन्दी प्रत्यक्षीकरण | कौशल्य जिम्वा लामा वि. महानगरीय प्रहरी वृत्त, स्वयम्भूसमेत | ५९ |
| ६३. | नापी निर्णय | रामानन्द चौधरी थारू | ६० |

| | | | |
|---|---|---|---|
| | दर्ता बदर | वि. ममताज आलम अन्सारी | |
| **इजलास नं. १०** | | | **६१ – ६४** |
| **६४.** | मिलापत्र बमोजिम मोही लगत कट्टा गरिपाऊँ | जायदा खातुन वि. गोविन्दबहादुर चिपालु | **६१** |
| **६५.** | उत्प्रेषण | प्रमोदप्रसाद यादवसमेत वि. क्षेत्रीय शिक्षा निर्देशनालय मध्यमाञ्चल हेटौंडा मकवानपुरसमेत | **६२** |
| **६६.** | उत्प्रेषण / परमादेश | अमरबहादुर देउवा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | **६३** |
| **इजलास नं. ११** | | | **६४ - ६८** |
| **६७.** | अंश नामसारी | खालिदा बानुसमेत वि. मुहम्मद खालिद | **६४** |
| **६८.** | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. धनकुमारी थारू (वि.क.) समेत | **६५** |
| **६९.** | उत्प्रेषण | विनोद झा वि. गुठी संस्थान केन्द्रीय | **६७** |

| | | | |
|---|---|---|---|
| | | कार्यालय, डिल्लीबजारसमेत | |
| **इजलास नं. १२** | | | **६८ – ६९** |
| **७०.** | चोरी | नेपाल सरकार वि. इम्तियाज उद्धिन | **६८** |
| **७१.** | जबरजस्ती करणी | नेपाल सरकार वि. पासाङ तामाङ | **६९** |
| **इजलास नं. १३** | | | **७० – ७१** |
| **७२.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. रामवृक्ष चमारसमेत | **७०** |
| **७३.** | सार्वजनिक बाटो खिचोला चलन | सिंहबहादुर डंगोल वि. लक्ष्मीदेवी शाक्य | **७०** |
| **इजलास नं. १४** | | | **७१ – ७४** |
| **७४.** | नागरिकता किर्ते | शिवनाथ मण्डल वि. नेपाल सरकार | **७१** |
| **७५.** | कर्तव्य ज्यान | राजकुमार श्रेष्ठ वि. नेपाल सरकार | **७२** |
| **एकल इजलास** | | | **७४ – ७६** |
| **७६.** | उत्प्रेषण | इन्द्रामैयाँ मानन्धर डंगोलसमेत वि. काठमाडौं जिल्ला अदालतसमेत | **७४** |
| **७७.** | उत्प्रेषण / परमादेश | रामबहादुर शाह वि. ऋण असुली न्यायाधिकरण, कमलपोखरीसमेत | **७५** |

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०७३-RC-००२०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. कामी शेर्पा*

प्रतिवादी कामी शेर्पाले आफ्नो श्रीमतीलाई पाहुनाको अगाडि गालीगलौज गरेको रिसइवी लिई आफ्नो बाबुको घरबाट आफ्नो घरमा आई कुटपिट गरेको र श्रीमतीलाई भुइँमा लडाई निजको छातीमा घुँडाले थिची घाइते बनाई घरमा (कोठामा) छोडी बाहिरबाट ढोकाको साङलो लगाई छाडी बाबुको घरमा गई सुतेको कुरामा अनुसन्धान अधिकारीसमक्ष साबित नै रहेको एवम् जाहेरवालाको बकपत्रसमेतबाट प्रतिवादी कामी शेर्पाकै कुटपिटबाट मृतक ङिमादिकी शेर्पाको मृत्यु भएको तथ्य पुष्टि हुन आउने।

प्रतिवादी कामी शेर्पालाई आफ्नी श्रीमतीले पाहुनाको अगाडि गालीगलौज गरेको, नानीहरूलाई कुटपिट गरेको र बच्चा रूवाएको देखिँदा स्याहार सम्भार गर भनी सम्झाउँदा खुकुरी प्रहार गर्न खोजेकोमा खुकुरी खोसी कुटपिट गरेको र घरबाट निस्किँदा बाहिरको ढोकामा रहेको साङ्लो लगाई दिई घाइतेलाई छोडी बाहिर निस्किएको कारणसमेतबाट ङिमादिकी शेर्पाको मृत्यु भएको र निज प्रतिवादी कामी शेर्पा मुद्दाको पुर्पक्ष हुँदादेखि नै कारागार कार्यालय, संखुवासभामा थुनामा रहेकोमा मिति २०७२।१०।६ गते राति निज बिरामी भई उपचारार्थ खाँदाबारी अस्पतालमा भर्ना गरिएकोमा मिति २०७२।१०।७ गते बिहान २.०० बजे निजको मृत्यु भएको भन्ने कारागार कार्यालय, संखुवासभा खाँदबारीको च.नं. ४१६ मति २०७२।१०।८ को पत्रबाट देखिएकोले प्रतिवादी कामी शेर्पाको मृत्यु कैद सजायकै क्रममा कारागारमा भएको देखिन्छ। प्रस्तुत सन्दर्भमा मुलुकी ऐन, दण्ड सजायको महलको ३ नं. को व्यवस्था हेर्नु वाञ्छनीय देखिन आयो। उक्त ३ नं. मा "जरिवाना, कैद वा बिसौंद लागेको मानिस सो असुल नहुँदै मऱ्यो भने ऊ मरेपछि माफ हुन्छ। उसको अपुताली खाने वा जमानी हुनेलाई पक्राउ गर्न हुँदैन। बिगो भराउने वा लिनु पर्ने कुरा रहेछ भने अपुताली खानेले तिर्नु पर्छ। जायजात गरी लिएपछि नपुगेको बाँकीमा अपुताली खानेलाई पक्रन हुँदैन" मिन्हा (माफ) हुने प्रस्ट कानूनी व्यवस्था भएको देखिन्छ। प्रस्तुत मुद्दाका प्रतिवादीको कारागार कार्यालयमा कैद सजाय भोगिरहेको अवस्थामा मृत्यु भएको भन्ने देखिएको हुँदा उल्लिखित कानूनी व्यवस्थाअनुसार निजलाई सजाय गरी रहन नपर्ने।

नाबालक बच्चाहरूको आमाको मृत्यु आफ्नै बाबुबाट भएको र बाबु कामी शेर्पा सजाय भुक्तान गर्दैको अवस्थामा बिरामीको कारणबाट मृत्यु भएकोले नाबालकहरूले आफ्नो आमा बाबुको मातृत्व एवम् पितृत्वबाट प्राप्त हुने न्यानो माया, प्रेम एवम् वात्सल्यभावसमेतबाट विमुख हुनुपर्ने अवस्था सिर्जना हुन पुगेको देखिन्छ। यस्तो अवस्थालाई मध्यनजर गर्दै बालबालिकाको सर्वोत्तम हित (Best Intrest) मा समेत मानवीय दृष्टिकोणबाट प्रतिवादी कामी शेर्पाको भागमा पर्ने सम्पत्ति जफत गरिँदा बालबालिकामाथि नै ठूलो अन्याय हुने भएकोले कामी शेर्पाको सम्पत्ति निजका आश्रित बालबच्चाले पाउने गरी फुकुवा हुनु न्यायको रोहबाट समेत उचित हुने देखिन्छ। तसर्थ, प्रतिवादी कामी शेर्पा र मृतकको नाबालक सन्तानको सर्वोत्तम हितलाई विचार गरी सर्वस्वसम्बन्धी कारबाही अगाडि बढाउनु पर्ने अवस्था देखिएन। प्रस्तुत मुद्दाको घटना विवरण कागज, वस्तुस्थिति मुचुल्कासमेतबाट यी प्रतिवादीले आफ्नै श्रीमतीलाई पाहुनाको अगाडि गालीगलौज गरेकोमा रिस उठी कुटपिट गर्दा मृत्यु हुन गएकोले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी भएको पुनरावेदन अदालत धनकुटाको फैसलालाई अन्यथा गरिरहनु नपर्ने।

अतः माथि विवेचित आधार र कारणबाट प्रतिवादी कामी शेर्पाले आफ्नो श्रीमतीलाई कुटपिट गरी घाइते बनाएको र सोही चोटबाट निजको मृत्यु भएको

पुष्टि भई प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्ने भएको भनी कैद वर्ष १२ (बाह्र) मात्र गर्ने गरी साधक फैसला गरेको संखुवासभा जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरी पुनरावेदन अदालत धनकुटाबाट मिति २०७३।१।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । मृतक कामी शेर्पाले गरेको कसुरमा भएको सजायतर्फ कैदको हकमा निजको मृत्युपश्चात् माफ हुने भएकोमा सर्वस्वतर्फ प्रतिवादीले कसुर गरेको प्रमाणित भएमा आफ्नो सम्पत्ति उपभोग गर्न नपावस् भनी निजको सम्पत्ति हरण गर्ने विधायिकी मनसाय रहेको देखिए तापनि प्रस्तुत मुद्दामा यी प्रतिवादी कसुरदार ठहरिई तोकिएको सजाय भुक्तान नहुँदै मृत्यु भइसकेकोले निजको सम्पत्ति राज्यले सर्वस्व गर्दा प्रतिवादीका आश्रित निजका बालबच्चाले समेत सम्पत्ति उपभोग र प्रचलन गर्न पाउने हकबाट समेत वञ्चित हुने अवस्था देखिँदा त्यस्तो अवस्था सिर्जना हुनु बालबालिकासम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेज, विधिशास्त्रीय मान्यताविपरीत एवम् न्यायको रोहबाट समेत मनासिब नदेखिँदा प्रतिवादी कामी शेर्पाको सम्पत्तिसमेत फुकुवा हुनुपर्ने भन्ने पुनरावेदन अदालतको फैसला सदर हुने ।

इजलास अधिकृत: ठगिन्द्र कट्टेल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल भदौ २० गते रोज २ शुभम् ।

**२**

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७३-RC-००११, कर्तव्य ज्यान, *नेपाल सरकार वि. प्रमोद साह सोनार*

दुर्घटनावश वारदात घटेको हो कि भन्ने सम्बन्धमा विचार गर्दा वारदातस्थलमा कुनै जलनशील वस्तु पनि देखिँदैन । न त खाना बनाइरहेको भन्ने अवस्था नै छ अर्थात् तत्काल चुलो बलिसकेको वा ग्याँस बलेको वा खान बनाउने प्रयोजनका लागि आगो बलिरहेको भन्ने पनि देखिँदैन । दुर्घटनावश जल्नका लागि तत्काल कुनै जलनशील वस्तुको विद्यमानता हुनैपर्ने ।

वारदातस्थल लिपपोत गरी फरक बनाउने प्रयास गरिएको भन्ने मिसिल संलग्न प्रहरी सञ्चार बेहोराले समेत देखाएको छ । जलेको लासको वरपर शरीरका कपडाहरू जलेका टुक्राहरूसहितको फोहोर रहेको भन्ने पनि छैन । मृतकको शरीरको सबैभन्दा बढी छातीमा जलेको भन्ने देखिन्छ । मृतक लास ओछ्यानमा रहेको देखिन्छ । दुर्घटनावश जलेको मानिस बेहोस हुन पुग्दा भुइँमा लड्न पुग्छ र भुइँमा घोप्टो वा उत्तानो परी लडेको हुन्छ । त्यसरी लडिसकेपछि कोल्टे परी अड्ने अवस्था सामान्यतया हुँदैन । त्यसरी लडेको शरीरको भाग अर्थात् जमिनतिर परेको शरीरको भागमा जलन नहुन पनि सक्दछ र जलन भइहाले पनि कम जलेको हुन्छ तर लास कोल्टे अवस्थामा रहेको छ र शरीरको वरिपरि नै जलेको अवस्था छ । मिसिल संलग्न तस्वीरबाट मृतकले लगाएको ब्लाउज कतै जलेको छ भने कतै नजलेको देखिन्छ । शरीरमा आगो लागेपछि बाहिर जाने, भाग्ने, गुहार माग्ने वा बचाउका अन्य प्रयत्न गर्ने स्वाभाविक मानवीय प्रयासका अवस्थाहरू भएको भन्ने पनि नदेखिने ।

दुर्घटनावश शरीरको कपडामा आगो सल्केको हो भने उक्त आगो क्रमशः बढ्दै गई शरीरका बाँकी कपडा र भागसम्मलाई जलाउन पुगेको हुन्छ । कपडाले नछोपिएको शरीरको भागमा नजिकको जलनको रापले केही रातोपन वा सामान्य घाउहरू रहे पनि गहिरो घाउ हुँदैन । तर मृतकको शरीरमा कपडा लगाएको भागतिर क्रमशः जलेको नभई अस्वाभाविक रूपमा यत्रतत्र र कपडा नभएको शरीरको भागमा समेत जलेको भन्ने देखिन्छ र सबैभन्दा बढी छातीको भागमा जलेको भन्ने देखिन्छ । वारदातस्थल र लास प्रकृति मुचुल्काबाट निजको मृत्यु दुर्घटनावश नभई कसैको कर्तव्यबाट नै भएको हो भन्ने पुष्टि हुने ।

वारदातको समयमा प्रतिवादी सर्लाहीमा आफन्तकोमा थिएँ भन्ने जिकिर लिएको भए तापनि उक्त जिकिर विश्वासलायक प्रमाणबाट समर्थित हुन सकेको देखिँदैन । परिस्थितिबस स्वाभाविक रूपमा बनेका

प्रमाणहरू जस्तो:- विवाहोत्सवमा सहभागी भएका तस्विरहरू आदि वा कुनै सरकारी कार्यालयमा उपस्थित भई कुनै काम गराएको अवस्था देखिने प्रमाणहरू वा कुनै सार्वजनिक कार्यक्रमको सहभागिताको प्रमाणित अवस्थाबाहेकका केबल व्यक्तिका मौखिक भनाइ वा प्रस्तुतिहरूलाई Alibi प्रमाणिकताको आधार मान्न मिल्दैन। वारदातको समयमा अन्यत्रै थिएँ भनी जिकिर लिएबमोजिमको स्थानमा भएको कुनै सार्वजनिक महत्त्वको कार्यक्रममा पुनरावेदक सहभागी भएको भए सो कुराको पुष्ट्याई हुने आधार प्रस्तुत मुद्दाको कुनै न कुनै सन्दर्भमा प्रस्तुत हुनु पर्दथ्यो सोको पुष्ट्याई हुन सकेको छैन । यस्तो अवस्थामा केवल प्रतिवादीको मौखिक जिकिर र निजको काकाको बकपत्रलाई आधार मानेर प्रतिवादीको एलिबी (Plea of alibi) को जिकिरलाई सत्य साँचो मान्नु न्यायको रोहबाट कदापि नमिल्ने।

मौकामा कागज गर्ने स्थानीय व्यक्तिहरू र पुनरावेदकका बाबु तथा आमाले मौकामा गरेको कागजभन्दा फरक बेहोराका साथ प्रतिवादीलाई सफाइ दिने उद्देश्यबाट बकपत्र गरेपनि माथि विवेचित परिस्थितिजन्य प्रमाणहरूको आधारमा पुनरावेदक प्रतिवादी बेकसुरदार हुन् भन्न मिल्ने अवस्था नदेखिने । अपराधका सबै अवस्था तथा चरणमा र सधैजसो प्रत्यक्ष प्रमाण नै हुन्छ भन्ने पनि हुँदैन। यसरी परिस्थितिजन्य प्रमाणको मालाकार रूपले कसुरमा संलग्न रहेको प्रमाणित गरिरहेको अवस्थामा पनि प्रत्यक्ष प्रमाणको अभाव रहेको आधारमा कसुरदारलाई उन्मुक्ति दिँदै जाने हो भने परिस्थितिजन्य प्रमाणको प्रमाणिक महत्त्वमा शुन्यता आउने हुन्छ र आपराधिक मनोवृत्तिका मानिसहरूले परोक्ष्य रूपमा हौसला पाउने हुँदै जान सक्ने हुन नसक्छ । परिस्थितिजन्य प्रमाण वस्तुगत प्रमाण हो । यसमा पनि प्रत्यक्षदर्शीसरहको वास्तविक प्रमाणको महत्त्व (वजन) रहेको हुन्छ । भनिन्छ "मानिसले झुठ बोल्न सक्दछ तर वस्तुले झुठ बोल्न सक्दैन", यही नै परिस्थितिजन्य प्रमाणको शाश्वत् पक्ष हो । एकपछि अर्को क्रमिकता अर्थात् एक कडीपछि अर्को कडीको विद्यमानता परिस्थितिजन्य प्रमाणको मूल्याङ्कनको विश्वसनीयताको वजन हो जो प्रस्तुत मुद्दाको सन्दर्भमा पनि देखिएको पाइने।

माथि विवेचित प्रमाणहरूले यी पुनरावेदक प्रतिवादीले मृतकलाई मार्ने नियतले आगो लगाई जलाएर मारेको देखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी भएको पुनरावेदन अदालत हेटौंडाको फैसलालाई अन्यथा गरिरहन नपर्ने।

अतः पुनरावेदक प्रतिवादी प्रमोद साह सोनारले अभियोग दाबीबमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद सजाय हुने ठहर गरी रौतहट जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।३।२२ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृतः ठगिन्द्र कट्टेल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल भदौ २१ गते रोज ३ शुभम्।

३

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपककुमार कार्की,** ०६८-WO-०८३२, उत्प्रेषण / परमादेश, *नरेन्द्रकुमार कार्की वि. राजकुमार विमली*

निवेदक दीपज्योति एजुकेसन फाउण्डेसनद्वारा सञ्चालित विद्यालयका शिक्षक विपक्षी राजकुमार विमलीलाई शिक्षक पदबाट हटाउने गरी निर्णय भएउपर विद्यालयको शिक्षक पदबाट हटाइएका शिक्षक निज राजकुमार विमलीले श्रम अदालतमा निवेदन दिएकोमा श्रम अदालतबाट निजलाई पुनर्बहाली गर्ने र क्षतिपूर्तिसमेत भराई दिने गरी भएको फैसला यी रिट निवेदकहरूले कार्यान्वयन नगरेकाले निज शिक्षक राजकुमार विमलीले श्रम अदालतमा अदालतको अवहेलनासम्बन्धी मुद्दा दायर गरी उक्त विद्यालयका सञ्चालकसमेतलाई अदालतको अवहेलनामा श्रम अदालतबाट सजाय

भएकोसमेत देखिन्छ । श्रम अदालतबाट भएको फैसला कार्यान्वयनको सम्बन्धमा विभिन्न चरणमा मुद्दा चली सोही मुद्दाको फैसला कार्यान्वयनको सिलसिलामा विपक्षी राजकुमार विमलीले श्रम अदालतमा रिट निवेदक दीपज्योति एजुकेसन फाउण्डेसनका नाममा रहेको जग्गा रोक्का राख्न माग गरी निवेदन दायर गरेकोमा श्रम अदालतबाट जग्गा रोक्का राख्ने गरी भएको आदेशमा केही परिवर्तन गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६८।९।९ मा भएको आदेशलाई बदर माग गरी प्रस्तुत रिट निवेदन दिएको देखिने ।

श्रम अदालतबाट मिति २०६७।१०।२० मा भएको फैसला कार्यान्वयनको क्रममा श्रम अदालत, र पुनरावेदन अदालत पाटनबाट भएको आदेश रिट निवेदकले बदर गर्न माग गरी प्रस्तुत निवेदन दायर गरेको र यिनै रिट निवेदकहरूले नै उक्त श्रम अदालतको २०६७।१०।२० को फैसला गैरकानूनी भएकोले बदर गरिपाउँ भनी यस अदालतमा दायर गरेको रिट नं. ०६९-WO-०३५० को रिट निवेदन यस अदालतबाट मिति २०७३।४।१८ मा निवेदन खारेज हुने ठहरी फैसला भएकोसमेत देखिन्छ । यसरी श्रम अदालतबाट भएको उक्त मिति २०६७।१०।२० को फैसला बदर गर्न माग गरेकोमा सो निवेदन खारेज भई उक्त श्रम अदालतको फैसला कायम रहिरहेको र सोही फैसला कार्यान्वयनको सिलसिलामा परेको निवेदनउपर कानूनबमोजिम भएका आदेशलाई अन्यथा भन्न नमिल्ने ।

तसर्थ, उल्लिखित तथ्य एवम् विवेचनासमेतका आधारमा अदालतबाट फैसला भई अन्तिम भई बसेको फैसला कार्यान्वयनको सिलसिलामा अदालतबाट कानूनबमोजिम भएको आदेशउपर निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने अवस्थाको विद्यमानता रहेको नदेखिँदा निवेदन मागबमोजमको आदेश जारी गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

इति संवत् २०७३ साल असोज १० गते रोज २ शुभम् ।

४

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६६-CI-०६५९, बाँकी रकम दिलाई पाऊँ, *रामदयाल यादव वि. मुकुन्दप्रसाद शर्मा*

वादी जनकपुर चुरोट कारखानाले सन्नी ट्रेड लिंकसँग असुल हुनुपर्ने रकम प्रतिवादीलाई दायित्व बेहोराउन खोजेको देखिन्छ जुन न्यायसम्मत देखिँदैन । सन्नी ट्रेड लिंकसँग रकम असुलीका लागि कानूनी प्रक्रिया अगाडि नबढाउने र उक्त सन्नी ट्रेड लिंकसँग असुल नगरी बक्यौता रकम भनी प्रतिवादीलाई दायित्व बोध गराउन खोज्नु न्यायको रोहमा मिलेको देखिँदैन । तसर्थ वादी दाबी नपुग्ने गरी सुरूबाट भएको फैसला सदर गरी पुनरावेदन अदालत जनकपुरबाट भएको फैसला मनासिब देखिने ।

अतः माथि विश्लेषण गरिएका आधार, कारण र प्रमाणहरूसमेतबाट वादी दाबीको रकम प्रतिवादीबाट असुलउपर गर्न नमिल्ने भनी वादी दाबी पुग्न नसक्ने ठहऱ्याई गरेको सुरू धनुषा जिल्ला अदालतको फैसलालाई सदर गर्ने ठहऱ्याएको पुनरावेदन अदालत जनकपुरको मिति २०६३।११।६ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । मुलुकी ऐन, बाँकी नतिर्नेको महलको १, २ र ३ नं. बमोजिम चुरोट बिक्रीको रकम प्रतिवादीबाट असुलउपर गरिपाउँ भन्ने पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल वैशाख २७ गते रोज २ शुभम् ।

५

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६७-WO-११२१, उत्प्रेषण, *शिवप्रसाद घिमिरे वि. राष्ट्रिय वाणिज्य बैंक के.का. काठमाडौं*

नगद फाँटमा काम गर्न भनी यी निवेदक र बैंकबिच सम्झौता भए पनि सो सम्झौता नगद फाँटमा काम गर्न र सोबापत दिइने कमिसनको सन्दर्भमा मात्रै

रहेको देखिन्छ। सो सर्तनामा कर्मचारीको आचरणको सम्बन्धमा नभएको र निवेदन राष्ट्रिय वाणिज्य बैंकका कर्मचारी भएकोले राष्ट्रिय वाणिज्य बैंकको कर्मचारी विनियमावली, २०६१ निजले पालना गर्नु नपर्ने प्रश्न नै उठ्दैन। निवेदक र बैंकबिच भएको सर्तनामामा उक्त विनियमावलीबमोजिम सजाय निजलाई नहुने कुरासमेत उल्लेख नभएको देखिँदा विनियमावलीमा उल्लिखित बेहोराअनुसारको आचरण पालना नभएको खण्डमा सो विनियमावलीबमोजिम नै कारबाही हुने देखिन्छ। साथै निवेदक एवम् बैंकको बिच उक्त विनियमावलीको व्यवस्थाविपरीत कुनै सर्तनामा हुन नसक्ने।

निवेदकलाई निजउपरको आरोपमा सुनुवाइको मौका दिई भविष्यमा बैंकको नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट बरखास्त गर्ने गरी भएको निर्णय कानूनसम्मत नै देखिएको हुँदा त्यस्तो कानूनसम्मत निर्णयबाट यी निवेदकको संविधान एवम् कानूनप्रदत्त हक आघातित भएको मान्न मिलेन। निवेदक शिवप्रसाद घिमिरेलाई नोकरीबाट हटाउने सजाय गरेको निर्णय र सोलाई सदर गरेको सञ्चालक समितिको मिति २०६८।१।२१ को निर्णय बदर गरी नोकरीमा पुनः बहाली गरी तलब सुविधा दिनु भन्ने आदेश जारी गरिपाउँ भन्ने निवेदन दाबी एवम् निवेदकतर्फबाट उपस्थित विद्वान् अधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, निवेदक शिवप्रसाद घिमिरेलाई भविष्यमा बैंकको नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने नेपाल वाणिज्य बैंकको कर्मचारी सेवा विनियमावली, २०६१ को विनियम ७८(१) बमोजिम गठित समिति (सजाय दिने अधिकारी) को मिति २०६७।०४।१६ को निर्णयलाई सदर गरेको राष्ट्रिय वाणिज्य बैंकको सञ्चालक समितिको मिति २०६८।०१।२१ को निर्णयबाट निवेदकको नेपालको अन्तरिम संविधान, २०६३ द्वारा प्रदत्त हकाधिकार हनन् भएको नदेखिँदा निवेदन मागबमोजिमको उत्प्रेषणसमेतको आदेश जारी गरिरहनु परेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: सिजन रेग्मी / सुदर्शनप्रसाद आचार्य

इति संवत् २०७३ साल वैशाख १४ गते रोज ३ शुभम्।

६

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०७२-RC-००७९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रामएकवाल ठाकुर*

मिसिल संलग्न अनुसन्धानका क्रममा बुझिएका व्यक्तिहरूले कसैउपर कसुर आरोपित नगरी तथ्यहरू देखाएको र सो तथ्यहरूलाई प्रतिवादीले समेत अन्यथा भन्न नसकेको तथा उक्त तथ्यलाई अन्य प्रमाणहरूले समेत पुष्टि गरिरहेको अवस्थामा तिनलाई ग्रहण गर्न सकिने नै देखिन्छ। मृत्यु भएको दिन बिहान मृतक विन्दुकुमारीलाई घर बाटो साथीको घर कहिँकतै कसैले पनि जिउँदै नदेखेको, लास फेला परेको घरमा प्रायः मानिस नबस्ने गरेको, सो स्थानबाट उत्तरतर्फ कुलो, खेत, पोखरीसमेत रहेको तर घरहरू नभएको मृतक विन्दुको मृत्यु लास रहेको ठाउँमै जली भएको अवस्था नदेखिएकोसमेतका तथ्यहरूले अपराधका सम्बन्धमा अभियुक्तको काम तथा व्यवहारका विभिन्न अवस्था र क्रियाकलापबाट तथ्यहरूको कडी एकआपसमा श्रृङ्खलाबद्ध रूपमा जोडिन गई यी प्रतिवादी रामा ठाकुरसमेतको कर्तव्यबाट विन्दुकुमारीको मृत्यु भएको पुष्टि हुन आउने।

अतः खानतलासी मुचुल्का र मृतकको घर कोठाको प्रकृति मुचुल्काबाट दायाँतर्फको कोठामा माटोको चुल्होभित्र बोराले छोपी राखेको १० इन्च लम्बाई भएको पिँधमा मट्टितेलसहितको प्लाष्टिकको डिब्बा थान-१ र बायाँ कोठामा चेकजाँच गर्दा जलाइएकोजस्तो देखिने मट्टितेलको गन्ध आउने कालो माटो फेला पर्नु, मृतक सुत्ने कोठामा कालो धैंसो भेटिएको र सोमाथि लिपेको, बढारेको पाइएको भन्ने देखिनु तथा शव परीक्षण प्रतिवेदनबाट मृत्युको कारण The above finding reveals death due to Asphyxia due

ante-mortem burning भन्ने उल्लेख भएको पाइनुका साथै र सो प्रमाणलाई डा. अभिषेक सिंहले अदालतसमक्ष आई मिति २०७०।१०।२४ मा गर्नु भएको बकपत्रसमेतको कागजातबाट निसासिएको अवस्थामा जलाइएको कारण मृत्यु भएको भन्ने उल्लेख भएको देखिँदा प्रतिवादी रामा ठाकुर हजामलाई आरोपित कसुरमा अभियोग दाबीबमोजिम कसुरदार ठहर गरी ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गरेको र प्रतिवादी रामएकवाल ठाकुरलाई आरोपित कसुरबाट सफाइ दिने ठहर गरेको सुरू बारा जिल्ला अदालतको मिति २०७०।११।५ को फैसलालाई सदर गर्ने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७२।२।२६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल वैशाख २९ गते रोज ४ शुभम्।

७

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CR-१२२२, जबरजस्ती करणी, *बलबहादुर राई वि. नेपाल सरकार*

प्रतिवादीको अनुसन्धान अधिकारीसमक्ष भएको बयान बेहोरा हेर्दा मिति २०६७।४।२० गते रक्सी खाई जाहेरवालीको घरमा पुग्दा मसिना केटाकेटी र जाहेरवालीको दिदी (आमाजु) बोल्न नसक्ने अपाङ्ग महिलासमेत थिए। घरमा ठूलो मान्छे कोही नदेखेपछि निज महिला (ख) लाई घरभित्र बोलाउन इसारा गरी उठी ढोका छेउमा आएकोले समाई घरभित्र लगी खाटमा सुताई मैले लगाएको हाफपेन्ट खोली लिङ्ग निकाली निजको सुरूवालसमेत खोलिदिई मैले करणी गरी मेरो वीर्य निजको योनिभित्र स्खलन भएपछि निज महिला (ख) हल्ला गरी कराएकोले बाहिर झ्यालबाट केटाकेटीले कराएकाले ढोका खोली बाहिर निस्की हल्ला नगर भन्दै डरत्रास देखाई त्यहाँबाट भागेको हुँ भनी आरोपित कसुरमा पूर्णतः साबित रही बयान गरेको देखिन्छ । अदालतमा भएको निजको बयान बेहोरा हेर्दा मैले निज (ख) लाई जबरजस्ती करणी गरेको होइन । रम खाएको कारण रिंगटा लागी आराम गर्न जाहेरवालाको घरमा गई खाटमा ढल्किएको हुँ। करणी गरेको होइन भनी कसुरमा इन्कार रही बयान गरेको देखिन्छ। जबरजस्ती करणी गरेको होइन भनी इन्कार रहे पनि वारदात भएको स्थलमा रम खाएको हुँदा रिंगटा लागेकोले पल्टिइरहेको थिएँ भनी वारदातस्थलको उपस्थितिलाई स्वीकारै गरेको देखिन आएको छ । साथै मौकामा भएको साबिती बयानलाई खण्डन गर्न ठोस प्रमाण गुजार्न सकेको नदेखिने।

प्रतिवादी बलबहादुर राईले पीडिता परिवर्तित नाम (ख) लाई जबरजस्ती करणी पीडिताकै घरमा आई गरेको हो भन्नेसमेत बेहोराको वस्तुस्थिति मुचुल्काका मानिस कुमारी लाप्चा, बुझिएका मानिस विमला राई, विजय राई तथा प्रेम राईले बकपत्र गरिदिएको देखिन्छ भने प्रतिवादीले आफ्नो इन्कारी बयानलाई समर्थन हुने गरी कुनै साक्षी प्रमाणसमेत उपस्थित गराई बकपत्र गराउन सकेको अवस्थासमेत मिसिल संलग्न कागजातहरूबाट देखिन नआएको अवस्थामा प्रतिवादीको मौकामा अनुसन्धानको क्रममा गरेको साबिती बयान, मिसिल संलग्न कागज प्रमाणसमेतबाट प्रतिवादी बलबहादुर राईले आरोपित कसुर गरेकै देखिन आउने।

तसर्थ माथि विश्लेषण गरिएका आधार, कारण र प्रमाणहरूसमेतबाट प्रतिवादीले आरोपित कसुर गरेको भनी निजलाई मुलुकी ऐन, जबरजस्ती करणीको ३(५) नं. बमोजिम ५ वर्ष र सोही महलको ३ क.नं. बमोजिम थप ५ वर्षसमेत जम्मा १० वर्ष कैद हुने र प्रतिवादीबाट पीडितालाई रू.२०,०००।– (बीस हजार) क्षतिपूर्तिसमेत भराई दिने ठहऱ्याएको सुरू इलाम जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत इलामको मिति २०६८।९।१२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : रामप्रसाद बस्याल

कप्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल असार ६ गते रोज २ शुभम्।

८

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CR-०१५० र ०६९-RC-००१८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. धन्जन महर्जन र नेपाल सरकार वि. रन्जन महर्जन*

लास जाँच प्रकृति मुचुल्का हेर्दा मृतकको शरीरमा टाउकोमा कपाल रगतले भिजी सुकेको, नाकको दुवै प्वालबाट रगत निस्की बगेको, बायाँ हातको कुहिनासमेतको भागमा ५ इन्च लम्बाइको पोलिएकोजस्तो घाउ रहेको, बायाँ कानको भागबाट रगत निस्किएको, बायाँपट्टि कोखामा साँढे एक इन्च लम्बाइको घाउ रहेको, बायाँपट्टि टाउकोको कन्चटको भागमा १ इन्च चौडाई आधा इन्च तीनकुने घाउ रही भित्री हड्डीको भाग देखिएको, उक्त स्थानबाट प्रशस्त मात्रामा रगत निस्की बगेको भन्ने देखिन आएको छ भने मृतकको शव परीक्षण प्रतिवेदन हेर्दा The cause of death is due to Head Injury भन्ने उल्लेख भएको देखिँदा मृतकको मृत्यु कर्तव्यबाटै भएको कुरामा विवाद नदेखिने।

सुरू अदालतमा उपस्थित भई बकपत्र गर्दा रन्जनले कुटेको देखेकी हुँ। धन्जनले गरेको चाहिँ देखिन भनी स.ज. ७ मा उल्लेख गरेको देखिन्छ। जाहेरीमा यी प्रतिवादी धन्जन महर्जनको नाम उल्लेख भएकोबाहेक जाहेरवालाको अदालतमा भएको बकपत्रबाट नै जाहेरी दरखास्तको बेहोरा खण्डित भइरहेको देखिन्छ । सहप्रतिवादी रन्जन महर्जनको अदालतमा भएको बयान बेहोरा हेर्दा मैले भाइ धन्जन महर्जनलाई मार्न खोज्दा भागेको र बाबुलाई टाउकोमा ढुंगाले हानेको हो, भाइले हानेको होइन भनी बयान गरेको देखिँदा निजउपरको कसुरमा गडाउ गर्ने स्वतन्त्र प्रमाणहरूको सर्वथा अभाव रहेको देखिन्छ । वारदातस्थलमा यी प्रतिवादीको उपस्थिति पनि नदेखिएको अवस्थामा जाहेरवालाले कसुर गरेको हो भनी शङ्का जाहेर गरेकै आधारमा धन्जन महर्जनसमेतले बाबुलाई मारेको हो भनी प्रतिवादी धन्जन महर्जनले अभियोग माग दाबीबमोजिमको कसुर गरेको मान्न मिल्ने नदेखिँदा आरोपित कसुरबाट निज प्रतिवादीलाई सफाइ दिने ठहऱ्याएको सुरू तथा पुनरावेदन अदालतबाट भएको फैसलालाई अन्यथा परिवर्तन गर्नुपर्ने नदेखिने।

जाहेरवालीले अदालतमा उपस्थित भई गरेको बकपत्र हेर्दा रन्जनले कुटेको देखेकी हुँ । धन्जनले कुटेको चाहिँ देखिन भनी स.ज. ७ मा स्पष्टसँग लेखाइदिएको देखिन्छ। साथै मिति २०६७।३।६ गते राति हामी बाबु छोरा बसिरहेको ठाउँमा दाइ रक्सीले मात्तिँदै आई मलाई ढुंगामुढा गरी मार्ने उद्देश्य लिएपछि म त्यहाँबाट भागेपछि सोही रिसले चौथो तलामा बसेको बुबालाई कुटपिट गरी पूजा गर्ने ढुंगाले बुबाको टाउकोमा हानी लडाई लाइटर बाली बुबाको शरीरमा आगो लगाई दिन थालेपछि अन्य मानिसहरूले थाहा पाई तत्काल उपचारको लागि पाटन अस्पताल लाँदालाँदै मृत्यु भएको हो, मैले कर्तव्य गरेको होइन, दाइले बुबाको कर्तव्य गरी मारेको हो भनी सहप्रतिवादी धन्जन महर्जनको बयान बेहोरासमेतबाट यी प्रतिवादी रन्जन महर्जनको प्रहारबाट मृतक हाकुचा महर्जनको मृत्यु भएको पुष्टि हुन आउने।

तसर्थ माथि विश्लेषण गरिएका आधार, कारण र प्रमाणसमेतबाट प्रतिवादी रन्जन महर्जनलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने र अर्का प्रतिवादी धन्जन महर्जनलाई आरोपित कसुरबाट सफाइ दिने गरी सुरू ललितपुर जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको २०६८।१२।१४ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल वैशाख ३० गते रोज ५ शुभम्।

९

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-WO-१२१५, उत्प्रेषण, *नगेन्द्रप्रसाद खरेल वि. पुनरावेदन अदालत इलाम*

निवेदक नगेन्द्रप्रसाद खरेल र वैदेशिक

रोजगार ठगी मुद्दाका प्रतिवादी सुवास खरेल दाजुभाइ नाताका भएकोमा विवाद छैन । निजहरूबिच विधिवत् रूपमा अंशबन्डासमेत भएको नदेखिएकोले एकासगोलमा नै रहेको मान्नुपर्ने हुन्छ । वैदेशिक रोजगार ठगी फौजदारी मुद्दा भएकोले त्यसमा अपराधमा संलग्न व्यक्तिको व्यक्तिगत दायित्व हुने भएकोले वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६८।१०।२९ को फैसलाबमोजिम प्रतिवादी सुवास खरेलबाट रू.३७,१९,१००।- रकम बिगो र क्षतिपूर्तिबापत असुलउपर गर्नुपर्ने देखिएको छ । निज सुवास खरेल एकासगोलमा नै रहेको देखिएको र निजहरू ८ जना अंशियार रहेको मिसिल संलग्न कागज प्रमाणबाट देखिएकोले वैदेशिक रोजगार ठगी मुद्दामा भएको फैसलाबमोजिम प्रतिवादी सुवास खरेलले पीडित हेमबहादुर थापालाई बिगो र हर्जाना गरी जम्मा रू.३७,१९,१००।– बुझाउनुपर्ने ठहर भई सो बिगो भराउन पीडितको तर्फबाट निवेदन पर्दा झापा जिल्ला अदालतको तहसिलदारबाट सबै जग्गा रोक्का राखेकोमा नगेन्द्रप्रसाद खरेलको निवेदन परी झापा जिल्ला अदालतबाट तहसिलदारको आदेश बदर गरी ८ भागको १ भाग जग्गा रोक्का राखेकोमा सोउपर पुनरावेदन अदालत इलाममा मुलुकी ऐन, अ.बं. १७ नं. बमोजिम निवेदन परी जिल्ला अदालतको आदेश सदर गरेको आदेश कानूनसम्मत नै देखिन्छ । यसरी कानूनसम्मत रूपमा साधिकार अदालतबाट भएको आदेशले यी निवेदकको संविधानप्रदत्त हक अधिकार हनन् भएको मान्न नमिल्ने ।

वैदेशिक रोजगार ठगी मुद्दामा भएको फैसला कार्यान्वयन गरी बिगो भराई पाउँ भनी परेको निवेदनमा झापा जिल्ला अदालतका तहसिलदारले यी निवेदकको नामको कि.नं.१६९२ र २२३६ को जग्गा रोक्का राखेकोमा सो आदेशलाई बदर गरी ८ भागको १ भाग जग्गा मात्र रोक्का गर्ने मिति २०६९।८।१५ को झापा जिल्ला अदालतको आदेशलाई सदर गरेको पुनरावेदन अदालत इलामको मिति २०६९।११।१० को आदेशले निवेदकको संवैधानिक एवम् कानूनी हकमा आघात पुगेको नदेखिँदा निवेदन मागबमोजिम आदेश जारी गरिरहनु परेन । रिट निवेदन खारेज हुने । रिट निवेदन नै खारेज हुने ठहरेकोले यस अदालतबाट मिति २०७०।२।५ मा जारी भएको अन्तरिम आदेशसमेत निष्क्रिय हुने ।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल जेठ २१ गते रोज ६ शुभम् ।

१०

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-WO-१२१४, उत्प्रेषण, *विष्णुप्रसाद खरेल वि. पुनरावेदन अदालत इलाम*

निवेदक विष्णुप्रसाद खरेल र वैदेशिक रोजगार ठगी मुद्दाका प्रतिवादी सुवास खरेल बाबु छोरा नाताका भएकोमा विवाद छैन । निजहरूबिच विधिवत् रूपमा अंशबन्डासमेत भएको नदेखिएकोले एकासगोलमा नै रहेको मान्नुपर्ने हुन्छ । वैदेशिक रोजगार ठगी फौजदारी मुद्दा भएकोले त्यसमा अपराधमा संलग्न व्यक्तिको व्यक्तिगत दायित्व हुने भएकोले वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६८।१०।२९ को फैसलाबमोजिम प्रतिवादी सुवास खरेलबाट रू.३७,१९,१००।- रकम बिगो र क्षतिपूर्तिबापत असुलउपर गर्नुपर्ने देखिएको छ । निज सुवास खरेल एकासगोलमा नै रहेको देखिएको र निजहरू ८ जना अंशियार रहेको मिसिल संलग्न कागज प्रमाणबाट देखिएकोले वैदेशिक रोजगार ठगी मुद्दामा भएको फैसलाबमोजिम प्रतिवादी सुवास खरेलले पीडित हेमबहादुर थापालाई बिगो र हर्जाना गरी जम्मा रू.३७,१९,१००।– बुझाउनुपर्ने ठहर भई सो बिगो भराउन पीडितको तर्फबाट निवेदन पर्दा झापा जिल्ला अदालतको तहसिलदारबाट सबै जग्गा रोक्का राखेकोमा नगेन्द्रप्रसाद खरेलको निवेदन परी झापा जिल्ला अदालतबाट तहसिलदारको आदेश बदर गरी ८ भागको १ भाग जग्गा रोक्का राखेकोमा सोउपर पुनरावेदन अदालत इलाममा मुलुकी ऐन, अ.बं. १७ नं. बमोजिम निवेदन परी त्यहाँबाट जिल्ला

अदालतको आदेश सदर गरेको आदेश कानूनसम्मत नै देखिन्छ । यसरी कानूनसम्मत रूपमा साधिकार अदालतबाट भएको आदेशले यी निवेदकको संविधानप्रदत्त हक अधिकार हनन् भएको मान्न नमिल्ने ।

अतः वैदेशिक रोजगार ठगी मुद्दामा भएको फैसला कार्यान्वयन गरी बिगो भराई पाउँ भनी परेको निवेदनमा झापा जिल्ला अदालतका तहसिलदारले यी निवेदकको नामको किता नं. ३६३ को जग्गा रोक्का राखेकोमा सो आदेशलाई बदर गरी ८ भागको १ भाग जग्गा मात्र रोक्का गर्ने मिति २०६९।०८।१५ को झापा जिल्ला अदालतको आदेशलाई सदर गरेको पुनरावेदन अदालत इलामको मिति २०६९।११।१० को आदेशले निवेदकको संवैधानिक एवम् कानूनी हकमा आघात पुगेको नदेखिँदा निवेदन मागबमोजिम आदेश जारी गरिरहनुपरेन । रिट निवेदन खारेज हुने । रिट निवेदन नै खारेज हुने ठहरेकोले यस अदालतबाट मिति २०७०।२।५ मा जारी भएको अन्तरिम आदेशसमेत निष्क्रिय हुने ।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल जेठ २१ गते रोज ६ शुभम् ।

११

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-RC-०१५०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. आशापति थरूनी*

घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्का हेर्दा मास पूरा भएको बच्चा (छोरी) लाई खाल्डो खनी गाडेको अवस्थामा फेला परेको र सो लासको काटिएर टाउको छुट्टिएको अवस्थामा रहेको भन्ने देखिएको अवस्थालाई मध्यनजर गर्दा निजले मरेको बच्चा जन्माई खाल्डोमा पुरेको भनी मान्न मिल्ने अवस्था देखिएन । घटनास्थल र लासको अवस्थालाई हेर्दा निज प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानलाई समर्थित हुन गएको देखिन्छ । यी प्रतिवादीले परपुरूषसँगको शारीरिक सम्पर्कबाट अवैध गर्भधारण गरेको भन्ने कुरालाई कसैलाई थाहा जानकारी नदिई गुपचुप राखी बच्चा जन्मिसकेपछि घरदेखि ५०० मिटर पर लगी मुसा मार्नको लागि खनेको खाल्डोमा लगेर गाडी दिएको स्पष्ट हुन आउँछ । बच्चाको लासको टाउको अलग भई छुट्टिएको अवस्थामा भेटिनुसमेतका घटनाक्रमहरूबाट यी प्रतिवादी आशापति थरूनीले जिउँदो बच्चा जन्माई कर्तव्य गरी मारी खाल्डो खनी गाडेको भन्ने पुष्टि हुन आउने ।

अतः माथि विवेचना गरिएका आधार प्रमाणहरूसमेतबाट यी प्रतिवादी आशापती थरूनीले अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. बमोजिम कसुर गरेको ठहर गरी निजलाई ऐजन महलको १३ (३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याई भएको फैसला मनासिब देखिँदा उक्त सुरू बाँके जिल्ला अदालतको फैसलालाई सदर गर्ने ठहऱ्याएको पुनरावेदन अदालत नेपालगन्जको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

सुरू तथा पुनरावेदन अदालतले प्रतिवादी आशापति थरूनीका हकमा मुलुकी ऐन, अ.बं. १८८ नं बमोजिम ५ वर्षको कैद हुन व्यक्त रायका सन्दर्भमा विचार गर्दा निजका हकमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसुरमा ऐजनको १३(३) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय ठहर भएको देखिन्छ तापनि कसुरदारको कसुर गर्दाको परिस्थिति, कसुरको मात्रा र कसुरदारउपर तोकिएको सजायको असरबिचको सामञ्जस्यतालाई विवेकसङ्गतरूपमा विचार गरेर मात्रै अ.बं. १८८ नं. नम्बरको प्रयोग गर्नुपर्ने देखिन्छ । प्रस्तुत मुद्दामा प्रतिवादी आशापति थरूनीले लोग्ने रोजगारीको सिलसिलामा भारत गएको परिस्थितिमा वतनसमेत थाहा नभएको परपुरूषसँग अवैध यौन सम्बन्ध राखेको र सोही कारणबाट गर्भधारण भएको देखिन आउने ।

आफ्नो लोग्ने छँदाछँदै वतन नै जानकारी नभएको परपुरूषसँग शारीरिक सम्बन्ध हुनु तथा समयमै गर्भपतनको प्रयाससमेत नगरेको र जसको

गर्भ बोकेको हो त्यो व्यक्तिसँग सम्पर्क नभएपछि बाध्य भई बच्चा जन्माएको र आफैँले जन्म दिएको शिशुको कर्तव्य गरी मारेको घटनाक्रमबाट पुष्टि हुन आएको देखिन्छ । प्रस्तुत मुद्दाको घटना एवम् परिस्थिति हेर्दा सामाजिक लोकलाजको कारण आफैँले जन्म दिएको शिशुलाई मार्नुपर्ने परिस्थिति यी प्रतिवादी आशापति थरूनीलाई उत्पन्न भएको देखिन्छ । तसर्थ सुरू तथा पुनरावेदन अदालतले प्रतिवादीलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम कैद वर्ष ५ हुनुपर्ने भनी व्यक्त गरेको राय न्यायको रोहमा मिलेकै देखिन आउने हुँदा साधक सदर हुने ।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७३ साल असार १० गते रोज ६ शुभम् ।

१२

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-WO-०३६४, उत्प्रेषण / प्रतिषेध / परमादेश, *युवराज गौतम वि. पुनरावेदन अदालत विराटनगर*

निवेदन मागअनुसारको आदेश जारी हुने हो होइन भन्ने सम्बन्धमा विचार गर्दा विपक्षीका तर्फबाट रहनु भएका विद्वान् वरिष्ठ अधिवक्ताले रिट निवेदक र विपक्षीहरूका बिचमा चलेको बिगो भराइ पाउँ भन्ने निवेदनमा लेनदेन भई मोरङ जिल्ला अदातलमा मिलापत्र भइसकेको हुँदा रिट जारी हुनुपर्ने होइन भनी मोरङ जिल्ला अदालतमा चलेको बिगो भराइ पाउँ भन्ने निवेदन तामेलीमा राख्ने गरी सो अदालतका तहसिलदारबाट भएको आदेशको प्रतिलिपिसमेत बहसको क्रममा पेस गरेको देखियो । विपक्षीमध्येका मनोज ग्याँस उद्योगका अधिकारप्राप्त व्यक्ति अरूणकुमार दास र लिलाराज गौतमका बिचमा चलेको २०७२ सालको बिगो नं.६/२५२ को मुद्दामा दुवै पक्षबिच लेनदेन भई मिति २०७३।४।९ मा मिलापत्र भएको भनी मिलापत्रको कागजको प्रतिलिपिसहित मोरङ जिल्ला अदालतबाट जानकारी प्राप्त भई मिसिल सामेल रहेको देखिन्छ । जुन विवादमा निवेदकका नामको जग्गा रोक्का राख्ने भन्ने आदेश पुनरावेदन अदालत विराटनगरबाट भएको हो सोही विवादमा विवादका दुई पक्षबिच मिलापत्र भइसकेको देखिँदा हाल आएर सोही विषयमा निवेदकको मागबमोजिमको आदेश जारी गर्नुको कुनै औचित्य रहेको नदेखिने ।

अतः उल्लिखित तथ्य एवम् विवेचनासमेतको आधारमा बिगो भराई पाउनको लागि रिट निवेदकको जग्गा रोक्का राखिएकोमा बिगो भराई पाउँ भन्ने निवेदनका पक्ष विपक्षीका बिचमा मिलापत्र भइसकेको देखिएकोले रिट निवेदनको कुनै औचित्य रहेको नदेखिँदा निवेदन मागबमोजमको आदेश जारी गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

इति संवत् २०७३ साल असोज ९ गते रोज १ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७३-CR-१३८२, जबरजस्ती करणी, *नेपाल सरकार वि. पुष्कल बस्नेत*

मौकामा बयान गर्दा प्रतिवादी पुष्कल बस्नेतले आफू तीन महिनाअघि वैदेशिक रोजगारबाट फर्की नेपाल आएको र पीडित र आफूबिच माया प्रेमसमेतको कुरा भई १/२ महिनाभित्रमा विवाह गर्न सल्लाहसमेत भइसकेको भनी उल्लेख गरेको पाइयो । प्रतिवादीको उक्त कुरालाई पीडितकी फुपू फूलमायाले समेत निजहरूबिच कुराकानी हुने गरेको कुरा उल्लेख गरेबाट समर्थन पुगेकै देखियो । जबरजस्ती करणीको अभियोगमा आफू पक्राउ परी अनुसन्धानको क्रममा रहँदासमेत अन्य व्यक्तिलाई पोल्ने काम नगरी स्वयम् प्रतिवादीले वारदात आफूले मात्र गरेको, अर्का प्रतिवादी सुमन कार्कीको संलग्नता नरहेको र भेट गरेकोसम्म देखे होलान् भनी शङ्कासम्म व्यक्त गरी मौकामा बयान गरेको पाइएबाट प्रतिवादीसमेतले पीडितउपर सामूहिक करणीको वारदात गराएको भए आफूले मात्र सजाय

बेहोरी सहअभियुक्तले उन्मुक्ति पाउने गरी बयान गर्ने र गर्नुपर्ने आधार कारणसमेत खुल्न नआएकोले सामूहिक करणी भएको तथ्यको पुष्ट्याइँ वस्तुनिष्ठ रूपबाट समर्थित नभएकोले प्रतिवादी पुष्कल बस्नेतलाई सामूहिक जबरजस्ती करणीतर्फ सजाय गर्न मनासिब देखिन नआउने।

पीडित १५ वर्षीय नाबालक 'क' भोगटेनीउपर कोही कसैले सहमतिमै करणी गरेको भएपनि निजको उमेरसमेतलाई दृष्टिगत गर्दा जबरजस्ती करणी गरेको ठहरी सजायसमेत हुने अवस्थामा प्रस्तुत मुद्दामा प्रतिवादी पुष्कल बस्नेत स्वयम्ले मौकामा वारदात भएको कुरा स्वीकार गरी बयान गरेको, स्वास्थ्य जाँच प्रतिवेदनबाट पीडितको पुरानो Hymen Rupture भन्ने उल्लेख भई आएको, वारदातको तत्काल अघिसम्म प्रतिवादी पीडितसँगै रहेकोसमेतका आधारमा निजलाई प्रतिवादी पुष्कल बस्नेतले जबरजस्ती करणी गरेका हुन् भन्ने कुरा पुष्टि हुन आउने।

अतः उपर्युक्त विवेचित तथ्य, प्रमाण एवम् मिसिल संलग्न कागजातहरूको अध्ययनसमेतबाट पीडित 'क' भोगटेनीउपर जबरजस्ती करणीको वारदात पुष्टि हुन आएको तर सामूहिक जबरजस्ती करणी भएको भन्ने तथ्य स्थापित हुन नआएको अवस्थामा पुनरावेदन अदालत विराटनगरबाट प्रतिवादी पुष्कल बस्नेतले आरोपित कसुरबाट सफाइ पाउने गरी जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी निज प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको दफा १ र ३(३) नं. को कसुरमा ऐ.३(३) नं. बमोजिम ६(छ) वर्ष कैद भई सोही महलको १० नं. बमोजिम पीडितले निज प्रतिवादीबाट रू.२५,०००।- (रूपैयाँ पच्चीस हजार) क्षतिपूर्तिसमेत भराई पाउने ठहऱ्याई गरेको उच्च अदालत विराटनगरको मिति २०७३।७।३० गतेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुभाशचन्द्र दाहाल

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७५ साल असार २६ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७४-CR-०४०१, लागु औषध डाइजेपामसमेत, *नेपाल सरकार वि. पवन गुरूङ*

प्रतिवादीको साथबाट बरामद लागु औषध डाइजेल्याव, एबोर्ट र नुर्फिन गरी तीन प्रकारका ४२ थान रहेको पाइयो। प्रतिवादीको बयानबाट उक्त लागु औषधको सेटमा १५ थान भएकोमा १ थान तत्काल आफूले सेवन गरी अन्य थान पछि सेवन गर्ने प्रयोजनार्थ बोकी ल्याएको हो। आफूले विगत १० महिनादेखि डाइजेपामसमेतको लागु औषध सेवन गर्ने गरेको छु, उक्त लागु औषध पनि आफैँले सेवन गर्ने प्रयोजनार्थ लिई हिडेँको हुँ भनी अदालतसमक्ष बयान गरेको र निज पक्राउ पर्दाको अवस्थामा पनि लागू पदार्थ सेवन गरेकै अवस्थामा पक्राउ परेको देखिने।

प्रहरी प्रतिवेदनबाट सुरू भएको प्रस्तुत मुद्दाका प्रतिवेदक प्रा.ना.नि. राजेन्द्रप्रसाद वाग्लेसमेतका प्रतिवेदकहरूले यस अदालतमा आई बकपत्र गर्दा बरामद लागु औषध यिनै प्रतिवादीका साथबाट बरामद भएको र निजले बरामद गर्दाको अवस्थामा उक्त लागु औषध बिक्री गर्न नभई सेवन गर्ने प्रयोजनार्थ लिइआएको हो भनेका थिए भनी बकपत्र गरेको देखिने।

उपर्युक्तबमोजिमका तथ्य एवम् प्रमाणसमेतका आधारमा स्वयम् प्रतिवेदकहरूले बरामद गर्दाको अवस्थामा बिक्री प्रयोजनको लागु औषध हो भन्ने नखुलेको भनी बकपत्र गरेका, प्रतिवादीले बयान गर्दाको बखतमा पोल गरेका अन्य व्यक्तिहरूका बारेमा थप अनुसन्धान हुन नसकेको, बरामद लागु औषधको परिमाण पनि अधिक नरहेको अवस्थामा यी प्रतिवादीको साथबाट बरामद लागु औषध निजले बिक्री वितरण वा ओसारपसार गर्ने प्रयोजनार्थ नै बोकी हिँडेका हुन् भनी वस्तुनिष्ठ प्रमाण पेस हुन नसकेको अवस्थामा शङ्काको भरमा बिक्री वितरण तथा ओसारपसारतर्फ सजाय गर्नु न्यायोचित हुने नदेखिने।

प्रतिवादी पवन गुरूङका साथबाट बरामद भएको लागु औषध डाइजेल्याव, एबोर्ट, नुर्फिनसमेत

निजै प्रतिवादीले लुकाई छिपाई सँगसाथमा ल्याउँदै गरेको अवस्थामा निजैको साथबाट बरामद भएको, उक्त बरामद लागु औषध बिक्री वितरणकै लागि थियो भन्ने कुरा वादी नेपाल सरकारबाट पुष्टि हुन नसकेको, आफैँले सेवन गर्ने प्रयोजनार्थ लिई आएको हुँ भनी प्रतिवादीले बयान गरेको तथा बरामद परिमाण न्यून भएको अवस्थासमेत देखिँदा मिसिल संलग्न कागजातबाट समर्थित भइरहेको अवस्थामा उक्त लागु औषध प्रतिवादीले आफैँले सेवन गर्ने प्रयोजनार्थ बोकी हिँडेको पुष्टि हुन आउने।

अतः उपर्युक्त विवेचित तथ्य, प्रमाण एवम् कानूनी व्यवस्थासमेतका आधारमा प्रतिवादी पवन गुरूङलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(६) को कसुरमा ऐजन ऐनको दफा १४ को उपदफा (१)(ज) बमोजिम २ महिना कैद र रू.२,०००।- रूपैयाँ जरिवाना हुने गरी उच्च अदालत पोखराबाट मिति २०७४।१।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुभाशचन्द्र दाहाल

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७५ साल असार २६ गते रोज ३ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री हरिकृष्ण कार्की**, ०७२-CI-१६०९, निषेधाज्ञा, *अर्जुनप्रसाद साह वि. शंकर साह व्याहुत सुकी*

विपक्षीहरूले आफूहरूले निवेदनमा उल्लेख भएजस्तो निवेदकको जग्गामा कुनै पनि प्रकारको निर्माण कार्य नगरेको भनी जिकिर लिएको भए तापनि निवेदनसाथ संलग्न फोटोहरूबाट इनारवाला जग्गामा इँटा र बालुवा थुपारेको देखिन्छ। यसरी इँटा बालुवा थुपारिएको इनारको जग्गा सार्वजनिक जग्गा हो भन्ने निवेदकको जिकिर रहेको छ भने विपक्षीहरूले पनि उक्त इनारको जग्गा सार्वजनिक होइन भनी जिकिर लिन सकेको देखिँदैन। जसबाट उक्त इनारको जग्गा हक बेहक गर्नुपर्ने जग्गा नभई सार्वजनिक जग्गा नै भएको देखिन्छ। विपक्षीहरूले इनार भएको सार्वजनिक जग्गा र निवेदकको जग्गामा कुनै प्रकारको खिचोला गर्ने गराउने कार्य गरेको छैन भनी जिकिर लिएको भए तापनि सोको ठोस र भरपर्दो प्रमाण पेस गर्न सकेको देखिँदैन बरू सार्वजनिक जग्गामा इँटा र बालुवा थुपारी सकेको देखिन्छ। जसबाट विपक्षीहरूले निवेदकको जग्गा र इनार रहेको सार्वजनिक जग्गामा खिचोला गर्न सक्ने आशङ्काको विद्यमानता रहेको पाइने।

अतः माथि विवेचित कारण र आधारबाट विपक्षीहरूले इनार रहेको सार्वजनिक जग्गामा इँटा र बालुवा थुपारेको तथ्य मिसिलसाथ पेस गरिएका फोटोहरूबाट देखिएकोले निषेधाज्ञाको आदेशद्वारा तत्काल सो कार्य नरोकिए विपक्षीहरूले सार्वजनिक इनारवाला र निवेदकको जग्गासमेत कब्जा गरी इँटाको दिवाल लगाई घर बनाउने प्रवल सम्भावना रहेको देखिँदा निवेदन मागबमोजिम निवेदकसमेतले उपभोग गरेको इनारको जग्गामा कुनै कब्जा खिचोला र निर्माण कार्य नगर्नु र इनारको पानी उपभोग र निकाससमेतमा कुनै अवरोध नगर्नु भनी विपक्षीहरूको नाममा निषेधाज्ञाको आदेश जारी गरेको पुनरावेदन अदालत जनकपुरको मिति २०७२।३।२२ को आदेश मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल चैत १४ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री हरिकृष्ण कार्की**, ०७२-CI-१७६१, परमादेश, *उत्तम मुखिया मलाह वि. जिल्ला प्रशासन कार्यालय, सप्तरीसमेत*

निवेदक उत्तम मुखियाले आफूले दिएको जाहेरी दरखास्त दर्ता गर्न विपक्षीहरूले इन्कार गरेको भनी जिकिर लिएको भए तापनि विपक्षी जिल्ला प्रहरी कार्यालय, सप्तरीले आफ्नो लिखित जवाफमा

विपक्षी रिट निवेदकको जाहेरी हुलाकमार्फत प्राप्त हुन आएको तर सो जाहेरी सनाखतको लागि भने निवेदक नआएकाले प्रक्रिया अघि नबढेको हो । निज निवेदक सम्पर्क राख्न आएमा सनाखत गरी कानूनी प्रक्रिया अगाडि बढ्ने नै छ भनी उल्लेख गरेको देखिन्छ । यसरी निवेदकले हुलाकमार्फत जाहेरी दिएको र सोको सनाखत गर्न निवेदक नआएको कारणले उक्त जाहेरी दर्ता हुन नसकेको देखिन्छ । उक्त जाहेरी दर्ता नै नगर्ने मनसाय विपक्षी जिल्ला प्रहरी कार्यालय, सप्तरीको भएको देखिँदैन । जिल्ला प्रहरी कार्यालय, जाहेरी दर्ता गर्ने आधिकारिक निकाय भएको र निवेदक सम्पर्क राख्न आएमा जाहेरी सनाखत गराउनेलगायतका प्रक्रिया पूरा गर्ने प्रतिबद्धता लिखित जवाफमा नै व्यक्त गरेको अवस्थामा निवेदन मागबमोजिमको परमादेशको आदेश जारी गर्नु नपर्ने देखिएकोले निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत राजविराजको मिति २०७२।५।२७ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल चैत १४ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री हरिकृष्ण कार्की**, ०७३-CI-०५४५, परमादेश, *गोपिचन साह कानुसमेत वि. जिल्ला प्रशासन कार्यालय, पर्सा वीरगन्जसमेत*

मिति २०७२।१२।१३ गतेका दिन भएको वारदातको सम्बन्धमा निवेदकहरूले विपक्षी जिल्ला प्रहरी कार्यालयमा ज्यान मार्ने उद्योगमा कारबाही गरिपाउँ भनी हुलाकमार्फत जाहेरी दरखास्तको निवेदन दिएको तथ्यमा कुनै विवाद छैन । विपक्षी जिल्ला प्रहरी कार्यालयले पनि आफ्नो लिखित जवाफमा यी निवेदकहरूले हुलाकमार्फत जाहेरी दरखास्तको निवेदन पठाएको तथ्यलाई स्वीकार गरेका छन् । केवल हुलाकमार्फत पठाएको जाहेरी दरखास्तलाई सनाखत गर्न नआएको भन्ने आधारमा मात्र दर्ता गर्न इन्कार गरेको देखिन्छ । कुनै पनि वारदात घटेपश्चात् सो सम्बन्धमा प्रहरी कार्यालयमा सूचना दिएकोमा सो दर्ता गरी कानूनबमोजिम अनुसन्धान तहकिकातको प्रक्रिया अगाडि बढाउनु सम्बन्धित प्रहरी कार्यालयको कानूनी दायित्व हो । आपराधिक घटनाबाट पीडित भई न्याय प्राप्त गर्नको लागि प्रहरी कार्यालयमा निवेदन दिन गएकोमा उक्त निवेदन नै दर्ता नगर्ने कार्य कानूनी राज्यको अवधारणाको विपरीत त हुन्छ नै यस्ता प्रकारको कार्यहरूबाट दण्डहीनताले समेत प्रश्रय पाउँछ । यी निवेदकहरूले वारदात घटेपश्चात् मौकामा जाहेरी दिन गएको, सो दर्ता गर्न नमान्दा हुलाकबाट जाहेरी दरखास्त पठाएको, जिल्ला प्रहरी कार्यालयले दर्ता गर्न नमान्दा जिल्ला प्रशासन कार्यालयमा निवेदन लिई गएकोलगायतका कार्य गरी जाहेरी दरखास्त दर्ता गराउन प्रयास गरेको देखिएको अवस्थामा यी निवेदकहरू जाहेरी दरखास्त सनाखत गर्न नै गएनन् भन्ने विपक्षीहरूको जिकिर विश्वासयोग्य नदेखिने ।

अतः माथि विवेचित कारण र आधारमा रिट निवेदकहरूले हुलाक कार्यालयमार्फत दिएको जाहेरी दरखास्त सनाखत गर्न विपक्षी कार्यालयमा नगएको भन्ने आधारमा रिट निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७३।३।२९ को आदेश मिलेको नदेखिँदा उल्टी भई निवेदकलाई जाहेरी दरखास्त सनाखत गर्न उपस्थित गराई जाहेरी दरखास्त दर्ता गरी अरूमा कानूनबमोजिम गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल चैत १४ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री अनिलकुमार सिन्हा**, ०७१-WO-०६८२, उत्प्रेषण, *विशेश्वर यादव वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत*

श्री रामेश्वर सरस्वती प्राथमिक विद्यालय निजी स्रोत र साधनबाट नै सञ्चालन भइरहेकोमा विद्यालय बन्द गर्ने भन्ने शिक्षा मन्त्रालय र अख्तियार

दुरूपयोग अनुसन्धान आयोगको निर्णयउपर यो रिट दायर भएको देखिन्छ । जिल्ला शिक्षा कार्यालयको च.नं. ३११६ मिति २०७१।३।२६ को पत्रको शिक्षा मन्त्रालय तथा अख्तियारबाट आएको टोलीको रोहबरमा मिति २०७१।३।२५ गतेको बैठकअनुसार अनियमित विद्यालयहरूलाई बन्द गर्ने र कार्यालयबाट गएका विभिन्न प्रकारका अनुदान रकम राजस्व खातामा दाखिला गर्ने निर्णय भएकोले विद्यालय बन्द गर्नु भन्ने आदेश भएको देखिन्छ र सो पत्रमा उक्त विद्यालयसमेत अनियमित रूपमा सञ्चालन रहेको भनी उल्लेख भएको पाइन्छ । त्यसैगरी च.नं. ३३ मिति २०७१।४।२१ को जिल्ला शिक्षा कार्यालय, धनुषाको पत्रानुसार श्री रामेश्वर सरस्वती राष्ट्रिय प्राथमिक विद्यालय लक्कड ३ अनियमित विद्यालय ठहर भई बन्द गरिएको हुनाले जिल्ला शिक्षा कार्यालयको प.सं. ०७१।०७२ च.नं. २८३ मिति २०७१।४।२० को प्राप्त पत्रानुसार त्यस विद्यालयमा स्थापनाकालदेखि हालसम्म आएको रकम मिति २०७१ साउन मसान्तभित्र बेरूजु राजस्व खातामा जम्मा गरी जिल्ला शिक्षा कार्यालयमा पेस गर्नु भनी पत्राचार भएको देखिने।

जिल्ला शिक्षा कार्यालयको च.नं.६७५ मिति २०७१।५।२७ को पत्रानुसार त्यस विद्यालयको प.सं. ०७१/०७२ मिति २०७१।४।२९ को प्राप्त पत्रानुसार बेरूजु रकम प्रमाणित गरिपाउँ भनी लेखिआएको हुँदा यस कार्यालयको निकासा अभिलेखमा सो विद्यालयलाई स्थापनाकालदेखि हालसम्म कुनै किसिमको रकम निकासा नभएकोले बेरूजु खातामा रकम दाखिला गरी रहनु नपर्ने भनी जानकारी दिएको देखिने।

जिल्ला शिक्षा कार्यालयको च.नं.६७५ मिति २०७१।५।२७ को पत्रबाट विद्यालयलाई स्थापनाकालदेखि हालसम्म कुनै पनि किसिमको रकम निकासा नभएकोले बेरूजु नै नदेखिएको हुँदा जिल्ला शिक्षा कार्यालयको मिति २०७१।३।२६ को च.नं.०७०।७१ ३११६ को निर्णय कार्यान्वयनयोग्य देखिन आउँदैन । अतः शिक्षा मन्त्रालय तथा अख्तियारबाट आएको टोलीको रोहबरमा बसेको बैठकको मिति २०७१।३।२५ को निर्णय, जिल्ला शिक्षा कार्यालयको प.सं.०७०।७१ च.नं. ३११६ को मिति २०७१।३।२६ को पत्र तथा बेरूजु दाखिला गर्नेसम्बन्धी २०७१।४।२१ को पत्रसमेत उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ। उक्त विद्यालयले हालसम्म कुनै पनि सरकारी अनुदान र रकम प्राप्त गरेको कागजातबाट पुष्टि हुन नसकेकोले रकम बेरूजु देखिन नआएको हुनाले विद्यालय सञ्चालन गर्न दिनु दिलाउनु भनी परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः हिरामाया अवाल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल जेठ २३ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री अनिलकुमार सिन्हा**, ०७१-CI-१०६४, लेनदेन, *रिखिदेव राउत अहिर वि. राजकुमार पण्डित*

प्रतिवादीले मिति २०६५।११।१ मा थैली रू.६,००,०००।- मा मालपोत कार्यालय, बाराको र.नं. ३१८२।२ बाट वादीलाई बिक्री गरेको देखिन्छ । उक्त जग्गा विपक्षीको एकलौटीको मात्र नभई त्यसमा अन्य अंशियारहरूको समेत हक मेट्ने गरी बिक्री भएकोले बारा जिल्ला अदालतमा २०६५ सालको दे.नं. ५६९।१५४७ को लिखत दर्ता बदर मुद्दा अन्य विपक्षीका अंशियारहरूले दिएकोमा फिराद दाबीबमोजिम उक्त लिखतको जग्गामध्ये ३ खण्डको २ खण्ड लिखत बदर हुने ठहरी मिति २०६७।३।१ गते फैसला भएको देखिने।

प्रतिवादीले अन्य अंशियारसमेत भएको र आफ्नो एकलौटी हकभोगमा नरहेको जग्गा विपक्षीलाई राजीनामा लिखत गरिदिएको कानूनसम्मत देखिन आएन । तसर्थ त्यस लिखतउपर मुद्दा परी बारा जिल्ला अदालतले लिखत बदर भई ३ भागको २ भाग फिर्ता भएजतिको थैलीमध्ये रू.४,००,०००। (चार लाख मात्र) रजिस्ट्रेसन दस्तुर रू.१२,०००।- मध्येको रू.८,०००।- (आठ हजार मात्र) र फैसला

भएको मितिदेखिको ब्याजसमेत लेनदेन व्यवहारको १० नं. बमोजिम कपाली भई कपालीसरह विपक्षी वादीले भराई लिन पाउने देखिई रजिस्ट्रेसन दस्तुर भराउँदा रू.१२,०००।- को दाबी भएकोमा बदर भएजति अर्थात् ३ भागको २ भाग रू.८,०००।- (आठ हजार मात्र) भराउनु पर्नेमा रू.८०,०००।- भराएको मिलेको नदेखिँदा सो हदसम्म सुरू बारा जिल्ला अदालतको फैसला केही उल्टी भई रजिस्ट्रेसन दस्तुर रू.८,०००।– (आठ हजार मात्र) भराई पाउने र साँवा रू.४,००,०००।– (चार लाख) र लिखत बदर मुद्दामा फैसला भएको मिति २०६७।३।१ देखिको ब्याज वादीले प्रतिवादीबाट भराई लिन पाउने ठहर्‍याई भएको पुनरावेदन अदालत हेटौंडाको मिति २०६९।०९।२९ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: हिरामाया अवाल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल जेठ २५ गते रोज ५ शुभम्।

६

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री अनिलकुमार सिन्हा**, ०७१-WO-०३८५, उत्प्रेषण, *हरिनाथ साह वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*

शिक्षा नियमावली, २०५९ को नियम ९३ (८) मा उल्लिखित व्यवस्थालाई हेर्दा प्रधानाध्यापकको अवधि किटान गरेको पाइन्छ भने पुनः सोही पदमा रहने सक्ने भन्ने व्यवस्था पनि रहेको देखिन्छ । तर एक पटक प्रधानाध्यापकमा नियुक्ति भएपछि सदाका लागि प्रधानाध्यापक भई राख्नु पर्ने भन्ने कानूनको मनसाय भने होइन । पुनः प्रधानाध्यापकको पदमा नियुक्त हुन सक्ने भन्नुको अर्थ सदैव सोही विद्यालयको प्रधानाध्यापकको रूपमा रहन पाउने भन्ने अर्थ लगाई कानूनको व्याख्या गर्नु मनासिब देखिन नआउने।

त्यसैगरी शिक्षा नियमावली, २०५९ को नियम १३१(१) मा भएक व्यवस्थाअनुसार निवेदकको उमेर साठी वर्ष नाघिसकेको देखिँदा रिट निवेदकको मागबमोजिम रिट निवेदन जारी गर्नुको औचित्यपूर्ण देखिन नआउने।

अतः विवेचित तथ्य, कानूनी व्यवस्थासमेतको आधारमा शिक्षा ऐन, २०२८ को दफा १६ज. को उपदफा ३ मा पाँच वर्ष सेवा अवधि पुगेको शिक्षकको हकमा जिल्ला शिक्षा अधिकारीले जिल्लाभित्र सरूवा गर्न पाउने अवस्था देखिन्छ । साथै शिक्षा नियमावली, २०५९ को नियम १३१ मा साठी (६०) वर्ष पूरा भएपछि अनिवार्य अवकाश पाउने व्यवस्था भएकोमा हाल निवेदकको उमेरसमेत साठी (६०) वर्ष काटिसकेको भन्ने देखिएको हुँदा प्रस्तुत रिट निवेदन हाल औचित्यविहीन देखिएको हुँदा मिति २०७१।५।१५ र मिति २०७१।६।१३ को निर्णय र रिट निवेदकलाई निज कार्यरत रहेको विद्यालयको प्रधानाध्यापकको रूपमा नै काम गर्न दिनु भनी परमादेश जारी गर्न मिलेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः हिरामाया अवाल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल जेठ २३ गते रोज ३ शुभम्।

७

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री अनिलकुमार सिन्हा**, ०७२-CI-०१४०, निषेधाज्ञा, *सितेश ठाकुर वि. रामलाल मण्डलसमेत*

निवेदकले उल्लेख गरेको घर जग्गा नापीबाट नापी भएको नदेखिई गाउँ ब्लकभित्रको रहेको भन्ने निवेदकले चार किल्ला उल्लेख गरी निवेदन गरेकोबाट देखिन्छ। साथै उक्त घर जग्गाको कि.नं. उल्लेख हुन नसकेको र जग्गाधनी प्रमाणपुर्जा निवेदनसाथ पेस भएकोबाट देखिन्छ। यस्तो गाउँब्लकको घर जग्गाको भोगको अवस्था गा.वि.स.को सिफारिसबाट हुने हुँदा प्रस्तुत मुद्दामा निवेदकले उल्लिखित जग्गा भोगमा रहेको छ भनी गा.वि.स.बाट सिफारिस लिई निवेदन दिइएको कहिँकतैबाट नदेखिने।

अतः विवेचित आधार कारणसमेतबाट उक्त विवादित जग्गा निवेदकको निर्विवादित भोगचलनमा रहेको भन्न सक्ने विद्यमान अवस्थाबाट देखिन आउँदैन । यसै जग्गाको विषयमा धनुषा जिल्ला अदालतमा २०६८ सालको दे.नं.२६७४, २६७६

र २६७७ को घर जग्गा खिचोला मुद्दासमेत चली निवेदकको दाबी नपुग्ने गरी फैसलासमेत भएकोबाट वादीको निवेदित जग्गाका विषयमा टुङ्गो लागिसकेको अवस्थामा निवेदक सोही विषयलाई लिएर यस अदालतमा पुनः निषेधाज्ञाको निवेदन लिई आएको देखिएकोले रिट निवेदनको गाम्भीर्य र औचित्यपूर्ण अवस्थाको विद्यमानता देखिन नआएकोले रिट निवेदन खारेज हुने ठहरी भएको पुनरावेदन अदालत जनकपुरको मिति २०७१।०३।१० को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हिरामाया अवाल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल जेठ २५ गते रोज ५ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६६-WO-०६३५, उत्प्रेषण / परमादेश, *राजिव झा वि. पूर्व क्षेत्रीय प्रहरी कार्यालय, रानी विराटनगरसमेत*

निवेदक मिति २०६४।१०।२८ मा अचानक बिरामी परी मिति २०६४।१२।१२ सम्म अस्पतालमा उपचार गराएको र उपचारपश्चात् मिति २०६४।१२।१३ मा आफू कार्यरत वडा प्रहरी कार्यालयमा प्रतिवेदन लिई उपस्थित हुँदा निजलाई थुनामा राखी जिल्ला प्रहरी कार्यालयसम्म पुऱ्याई मिति २०६५।१।८ मा तारेखमा छोडेको हो भनी जिकिर लिएको देखिन्छ । निवेदक सेवामा रहन चाहेको कुरा प्रतिवेदनसाथ उपस्थित हुन गएको र सेवाबाट हटाउने निर्णयउपर पुनरावेदन गरेबाट समेत प्रस्ट हुन्छ । सेवाबाट हटाउनुपूर्व विपक्षीले लिएको जिकिरबमोजिम सूचना प्राप्त गरेको भए निवेदकले लिखित स्पष्टीकरण दिन सक्ने नै हुन्थ्यो। तर सोबमोजिम निवेदकले सूचना प्राप्त गरेको र सफाइको मौका पाएको भन्ने अवस्था मिसिल संलग्न प्रमाणबाट पुष्टि नहुने।

प्रहरी कर्मचारीको सेवा सर्त सम्बन्धमा तत्काल प्रचलित प्रहरी ऐन र नियमावलीमा भइरहेको कानूनी व्यवस्थाको अध्ययनबाट सो नियमावलीको नियम ८८(झ) बमोजिम नोकरीबाट हटाउन सकिने भएपनि त्यस्तो सजाय गर्नुअघि प्रहरी ऐन, २०१२ को दफा १० र ११ तथा नियमावली, २०४९ को नियम ८९ मा उल्लिखित कार्यविधि अवलम्बन गर्नु पर्दछ । खासगरी नियमावलीको नियम ८९(२) को व्यवस्थाबमोजिम कर्मचारीलाई लगाइएको आरोप किटान गरी आधार र कारणसहित हुन सक्ने सजायसमेत उल्लेख गरी लिखित स्पष्टीकरण सोध्नुपर्ने र कारबाही गर्नुपूर्व आफ्नो कुरा भन्न पाउने सुनुवाइको मौका दिनुपर्ने भन्ने उक्त व्यवस्था प्राकृतिक न्यायको सिद्धान्तमा आधारित रहेको र यस किसिमको व्यवस्था सजाय गर्ने अधिकारीले अक्षरश: पालना गर्नुपर्ने हुन्छ । सफाइको मौका दिनु नपर्ने अपवादको विद्यमानता भए पनि सोको कारणसहित छुट्टै पर्चा खडा गर्नुपर्ने देखिन्छ। निर्णय पर्चामा सफाइको मौका दिन नपर्ने भनी आधार कारणसहित उल्लेख पनि नभएको र सफाइको मौका पनि नदिएको अवस्थामा भएको निर्णयलाई प्राकृतिक न्यायको सिद्धान्तअनुकूल भन्ने नदेखिने।

निवेदकले मिति २०६४।१०।२८ देखि मिति २०६४।१२।१२ सम्म उपचार गराई मिति २०६४।१२।१३ मा सम्बन्धित प्रहरी कार्यालयमा प्रतिवेदनसाथ उपस्थित हुन गएको भन्ने लिएको जिकिरको सन्दर्भमा निवेदकलाई मिति २०६४।१०।२९ बाटै लागू हुने गरी अवकाश दिने निर्णय मिति २०६५।१।१८ मा भएको र सोही निर्णयलाई क्षेत्रीय प्रहरी कार्यालयबाट मिति २०६६।७।१७ मा सदर गरेको अवस्था देखिन्छ। सुरूमा नै निर्णय गर्दा निवेदकलाई हुन लागेको सजायबारे पूर्वजानकारी दिएको वा सफाइको मौका दिएको भन्ने आधार निर्णयबाट नदेखिने।

अतः विवेचित आधार, कारण र प्रतिपादित सिद्धान्तबमोजिम निवेदक राजिव झालाई भविष्यमा

सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने सम्बन्धमा भएको जिल्ला प्रहरी कार्यालय, सिराहाको मिति २०६५।१।१८ को निर्णय तथा सोही निर्णयलाई सदर गरेको क्षेत्रीय प्रहरी कार्यालय, रानी विराटनगरको मिति २०६६।१।७ को निर्णयसमेत प्रहरी नियमावली, २०४९ तथा प्राकृतिक न्यायको सिद्धान्तविपरीत देखिँदा उत्प्रेषणको आदेशले बदर हुन्छ । अब निवेदकलाई निज कार्यरत प्रहरी जवान पदमा पुनर्बहाली गरी कानूनबमोजिम कामकाज लगाउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: अनुपमा पन्त

इति संवत् २०७५ साल फागुन १९ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६९-WO-०५२८, उत्प्रेषण / परमादेश / प्रतिषेध, लक्ष्मीबहादुर श्रेष्ठ *वि. नेपाल राष्ट्र बैंक, के.का. बालुवाटारसमेत*

संस्थागत निर्णयबाट भएको लगानीलाई व्यक्तिगत रूपमा जिम्मेवार ठहऱ्याई म निवेदकबाट असुल गर्ने भन्ने निर्णय गर्दा सुनवाइको मौकासमेत नदिई प्राकृतिक न्यायको सिद्धान्त विरूद्ध भएको भन्ने निवेदकको मुख्य निवेदन बेहोरातर्फ हेर्दा तत्कालीन अध्यक्षको हैसियतबाट अख्तियारी विना श्री साङ्ग्रिला हाउजिङ एन्ड डेभलेपमेन्ट कम्पनीको सेयरमा लगानी गरिएको रू. २ करोड ५० लाख र सोको १५% ले हुने ब्याजसमेत यथाशीघ्र बुझाउनु हुन भनी राष्ट्र बैंकको मिति २०६९।५।१४ को पत्रलाई उल्लेख गरी नेपाल क्रेडिट एन्ड कमर्स बैंक लिमिटेडले मिति २०६९।५।१८ मा निवेदक लक्ष्मीबहादुर श्रेष्ठलाई पत्राचार गरेको देखिन्छ । उक्त रकम निवेदकबाट असुल गर्ने निर्णय गर्दा निवेदकलाई सफाइ पेस गर्ने अवसर दिएको नदेखिने ।

न्यायिक निर्णय गर्दा न्यायिक मनको प्रयोग गर्नुपर्दछ । टिप्पणी उठाई गरिएको निर्णयमा न्यायिक मनको प्रयोग भएको छ भनी मान्न सकिन्न । लक्ष्मीबहादुर श्रेष्ठलाई प्राकृतिक न्यायका सिद्धान्तविपरीत सुनुवाइको मौकासमेत नदिई साङ्ग्रिला हाउजिङ कम्पनीमा गरिएको लगानी २ करोड ५० लाख र १५% ब्याजसमेत असुल गर्ने निर्णय गर्दासमेत प्रशासनिक निर्णयजस्तो टिप्पणी उठाई गरिएको देखिएबाट उक्त निर्णयलाई न्यायिक मनको प्रयोग गरी भएको निर्णय मान्न सकिन्न । साथै उक्त निर्णय गर्दा नेपाल राष्ट्र बैंकले न्यायका मान्य सिद्धान्त, वर्तमान कानूनी व्यवस्था र यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतलाई अवलम्बन गरेको नदेखिने ।

नेपाल राष्ट्र बैंकले भने उक्त निर्णयमा संलग्न रहेकामध्ये केही पदाधिकारीहरूका सम्बन्धमा मौन बसी पुनरावेदक लक्ष्मीबहादुर श्रेष्ठबाट मात्र साङ्ग्रिला हाउजिङमा गरिएको लगानी असुल गर्ने गरी निर्णय गरेको पाइयो । यसबाट साङ्ग्रिला हाउजिङमा गरिएको लगानीको कारणले बैंकलाई आर्थिक हानि नोक्सानी भएको भए तापनि सो निर्णयमा संलग्न रहेका केही पदाधिकारीहरूलाई छाडी किन पुनरावेदक लक्ष्मीबहादुर श्रेष्ठबाट मात्र उक्त रकमको बिगो असुल गर्न आवश्यक ठानेको हो ? र किन उक्त निर्णयमा संलग्न सबै पदाधिकारीहरूबाट असुल गर्नु नपरेको हो सोको आधार कारणसमेत प्रत्यर्थी बैंकको निर्णयमा खुलेको पाइँदैन । निर्णयमा आधार, कारण र प्रमाणको महत्त्वपूर्ण स्थान हुनेमा सोतर्फ बेवास्ता गरी निर्णय भएको देखिँदा निवेदकले आफूसमेत प्रति निष्पक्ष नभई प्रत्यर्थी बैंकले निर्णय गरेको छ भन्ने निवेदन जिकिरलाई अन्यथा मान्न मिल्ने नदेखिने । नेपाल राष्ट्र बैंकको सञ्चालक समितिबाट निवेदकलाई विभिन्न कारबाही गर्ने गरी भएका निर्णयहरूमध्ये साङ्ग्रिला हाउजिङमा लगानी गर्ने निर्णयमा संलग्न पदाधिकारीहरूमध्ये केहीलाई छाडी निवेदकबाट मात्र असुल गर्ने गरी भएको निर्णय समानताको दृष्टिकोणले समेत त्रुटिपूर्ण देखिन्छ । निवेदकबाट लगानी रकम असुल गर्ने निर्णय गर्दा नेपाल राष्ट्र बैंकले न्यायका मान्य सिद्धान्त, वर्तमान कानूनी व्यवस्था र यस अदालतबाट प्रतिपादित

सिद्धान्तसमेतलाई अवलम्बन गरेको नदेखिएबाट उक्त निर्णयलाई कानूनसम्मत भन्न मिल्ने अवस्था नदेखिने।

अतः निवेदक लक्ष्मीबहादुर श्रेष्ठलाई प्राकृतिक न्यायका सिद्धान्तविपरीत सुनुवाइको मौकासमेत नदिई साङ्ग्रिला हाउजिङ कम्पनीमा गरिएको लगानी २ करोड ५० लाख र १५% ब्याजसमेत असुल गर्ने गरी नेपाल राष्ट्र बैंक ऐन, २०५८ को उद्देश्यविपरीत नेपाल राष्ट्र बैंकबाट भएको मिति २०६९।५।१४ मा भएको निर्णय कानूनसम्मत नहुँदा उक्त निर्णय बदर गरिदिएको छ । अब जे जो बुझ्नुपर्ने बुझी प्राकृतिक न्याय र न्यायका मान्य सिद्धान्तलाई समेत अवलम्बन गरी पुनः निर्णय गर्नु भनी नेपाल राष्ट्र बैंकका नाउँमा परमादेशसमेत जारी हुने।

इजलास अधिकृत: राजकुमार दाहाल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७६ साल वैशाख २ गते रोज २ शुभम्।

- यसै लगाउको ०७२-CI-१६७२, जरिवाना गर्ने निर्णय बदर, लक्ष्मीबहादुर श्रेष्ठ *वि. नेपाल राष्ट्र बैंक, के.का. बालुवाटारसमेत* भएको मुद्दामा पनि यसै अनुसार फैसला भएको छ।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०६८-CR-०९५५, लागु औषध खैरो हेरोइन, *नेपाल सरकार वि. सागरबहादुर गुरूङ*

मिति २०६६।०२।०७ गते साँझ अं.१४.३० बजेको समयमा का.जि.गोगंबु बसपार्क एरियामा गस्ती गर्ने क्रममा सागर गुरूङ र राजु गुरूङलाई शङ्कास्पद अवस्थामा बसेको देखी निजहरूलाई नियन्त्रणमा लिई शरीर खानतलासी गर्दा निजहरूमध्ये सागरबहादुर गुरूङले लगाएको पाइन्टको दाहिने खल्तीमा कालो प्लाष्टिकमा रहेको सानोसानो ३ वटा पोका खोली हेर्दा खैरो हेरोइन भेटिएकोले निजहरूलाई सोधनी गर्दा हामी दुवैजनाको सल्लाह र सहमतिबाट प्रतिपोका रू.५००।– बिक्री वितरण गर्न लिएको भनी बताएकोले पक्राउ गरी ल्याएका छौं भन्ने बरामदी खानतलासी मुचुल्का रहेको छ। कुनै पनि अपराधको अनुसन्धान र अभियोजन गर्दा बरामदी मुचुल्काको महत्त्वपूर्ण भूमिका रहन्छ । प्रतिवादीहरूबाट लागु औषध खैरो हिरोइन बरामद भएको बरामदी मुचुल्काबाट देखिन्छ। “Heroin has been detected in the exhibit, which was marked here as Exhibit no.1 भौतिक सबुद नं.१ मा हेरोइन पाइएको छ” भनी विधिविज्ञान प्रयोगशालाबाट परीक्षण भइआएको देखिँदा यी प्रतिवादीहरूबाट बरामद भएको लागु औषध, लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ अन्तर्गत निषेधित खैरो हेरोइन भएको तथ्यमा विवाद नरहने।

प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा बरामदी मुचुल्कामा उल्लिखित बेहोरालाई स्वीकार गरेको देखिन्छ । अदालतमा बयान गर्दा, आफूहरूले साथीभाइको सङ्गतले कहिलेकाहीँ लागु औषध सेवन गर्ने गरेको, आफूहरूबाट लागु औषध बरामद नभएकोमा आफूहरूलाई फसाउन झुट्टा अभियोग लगाएको भनी बरामदी लागु औषध सेवनसम्म गर्ने गरेको तर सञ्चय ओसारपसार एवम् बिक्री वितरण गर्नमा इन्कार रही बयान गरेको देखिन्छ। यद्यपि निजहरूले आफ्नो इन्कारी बयानलाई शङ्कारहित तवरमा वस्तुनिष्ठ स्वतन्त्र प्रमाणको आधारमा पुष्टि गर्न सकेको देखिँदैन। यसका अतिरिक्त बरामदी मुचुल्का गर्ने प्रहरी हवल्दार देवदास श्रेष्ठले बरामदी मुचुल्काको बेहोरा ठीक साँचो हो भनी बकपत्र गरी बरामदी मुचुल्कालाई पुष्टि गराएको अवस्था देखिने।

प्रतिवादीहरूले अफिम कोका वा सोबाट बनेको लागु औषधको सेवन र खेती गर्ने कार्यबाहेक अन्य निषेधित ५ ग्राम हेरोइनको कारोबार गरेको पुष्टि हुन आएकोले ऐ. को दफा १४(१)(छ(१) बमोजिम सजाय हुनुपर्ने देखिन आउने।

प्रतिवादीहरूले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को ४ अन्तर्गत निषेधित कार्य गरेको अवस्थामा बरामद भएको लागु औषधको मात्रा एवम् परिमाणसमेतका आधारमा ऐ.को दफा१४(१)

(छ(१) बमोजिम सजाय गर्नुपर्नेमा सो नगरी लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) देहाय (झ) बमोजिम प्रतिवादीहरूलाई जनही २ वर्ष कैद र एक लाख जरिवाना गर्ने गरेको फैसला सो हदसम्म मिलेको देखिन आएन । सो हुँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिरबमोजिम तत्कालीन पुनरावेदन अदालत पाटनको फैसला केही उल्टी भई प्रतिवादीहरूबाट बरामद भएको लागु औषधको मात्रा एवम् परिमाणसमेतका आधारमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिम प्रतिवादीहरूलाई जनही ५ वर्ष कैद र पाँच हजार रूपैयाँ जरिवाना हुने देखिने ।

अतः उपर्युक्त तथ्य, आधार र कारणबाट प्रतिवादीहरू सागर गुरूङ र राजु गुरूङलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) देहाय (झ) बमोजिम जनही २ वर्ष कैद र एक लाख जरिवाना गर्ने गरेको तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०६८।६।९ मा भएको फैसला मिलेको नदेखिँदा केही उल्टी भई निज प्रतिवादीहरू सागर गुरूङ र राजु गुरूङलाई ऐ.को दफा १४ (१) (छ) (१) बमोजिम जनही ५(पाँच) वर्ष कैद र रू.५०००।– (पाँच हजार) जरिवाना हुने ।

इजलास अधिकृत: चिन्तामणि शर्मा

इति संवत् २०७५ साल माघ २२ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७१-CR-०३०९, लागु औषध, *विकास गुरूङ वि. नेपाल सरकार*

प्रतिवेदक फिरोज चौधरीसमेतले दिएको प्रतिवेदन हेर्दा, विकास गुरूङलाई सोधपुछ गर्दा निजले नाइट्रोसन ट्याब्लेट सेवन तथा सञ्चयसमेत गर्ने भनी खुल्न आएको भन्ने आधारमा निजको घर खानतलासी गर्दा २७० ट्याब्लेट नाइट्रोसन बरामद भएको भन्ने उल्लेख गरिएको छ । तर तिनै फिरोज चौधरीले अदालतमा गरेको बकपत्रमा गोप्य सूचनाको आधारमा गस्ती गर्दै विकास गुरूङको कोठामा गई खानतलासी गर्दा बरामद भएको भन्ने उल्लेख गरेकोले निजको दुवै बेहोरामा एकरूपता नभई परस्पर बाझिएको देखिने । प्रतिवेदकमध्येका मेघराज थापाको बकपत्रमा विकास गुरूङको घरमा बसी बरामदी मुचुल्का गरिएको भनेका छन् भने वादी पक्षकै साक्षी अर्थात् बरामदी मुचुल्कामा सही गर्ने महेश सहनी, रमेश सहनीसमेतका अधिकांश मानिसहरूले बरामद भएको थाहा छैन, कामबाट घर फर्कने क्रममा B.K.V.M. बोर्डिङ छेउमा रहेको पान पसलमा बसेको अवस्थामा प्रहरी आई सही गर्न भनेकोले सही गरी दिएका हौं भनी बकपत्र गरेको देखिन्छ । त्यस्तै प्रतिवेदक तथा बरामदी मुचुल्काका गंगाबहादुर पौडेलले पक्राउ गरेको बेला लागु औषध बरामद भएको थिएन भनी आफ्नै प्रतिवेदनलाई खण्डन हुने गरी बकपत्र गरेको देखिन्छ । यसका अतिरिक्त प्रतिवादीका साक्षी जोनी क्षेत्रीले विकास गुरूङले कहिलेकाहीँ रक्सी मात्र खाने गर्दछन् अन्य चालचलन राम्रो छ लागु औषध कारोबार गर्ने तथा खाने मानिस होइनन् भनी निजको इन्कारी बयानलाई समर्थन र पुष्टि गराएको देखिन्छ । यस स्थितिमा प्रतिवादी विकास गुरूङसमेतको भनाइको आधारमा लागु औषध बरामद गरेको भन्ने वादी पक्षको भनाइ नै ठोस, भरपर्दो र विश्वसनीय प्रमाणबाट पुष्टि हुन सकेको नदेखिने ।

पुनरावेदक विकास गुरूङ कसुरमा इन्कार रही बयान गरेको, बरामदी मुचुल्कामा बस्ने मानिसहरू अर्थात् वादी पक्षकै साक्षीहरूले अभियोग दाबीलाई खण्डन हुने गरी बकपत्र गरिदिएको, यो यति मात्रामा लागु औषध बिक्री वितरण गरेको या सेवन गरेको भनी स्पष्टरूपमा अनुसन्धानबाट खुलाई पुष्टि गराउन नसकेको, पुनरावेदकका साक्षीबाट लागु औषध सेवन नगर्ने राम्रो चरित्रका व्यक्ति हुन् भनी बकपत्र गरी निर्दोषिता पुष्टि गरेको, अभियोग मागदाबीमा समेत प्रस्ट रूपमा कसुरको तथ्य स्थापित गरी सजायको माग गर्न नसकेको अवस्थामा समष्टिगत अभियोजनलाई मात्र आधार मानी कसुर नै स्थापित नभएका प्रतिवादीको हकमा कसुर कायम गरी सजाय हुने ठहर्‍याई तत्कालीन पुनरावेदन अदालत विराटनगरबाट फैसला गरेको

देखियो । सो हुँदा यी पुनरावेदक विकास गुरूङलाई सजाय गर्ने गरी भएको तत्कालीन पुनरावेदन अदालत विराटनगरबाट भएको फैसला उल्टी भई पुनरावेदन जिकिरबमोजिम पुनरावेदक विकास गुरूङले अभियोग दाबीबाट सफाइ पाउने देखिन आउने ।

तसर्थ उपर्युक्त तथ्य आधार र कारणबाट पुनरावेदक प्रतिवादी विकास गुरूङलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ (१)(झ) बमोजिम दुई वर्ष कैद र एक लाख रूपैयाँ जरिवाना हुने ठहऱ्याई भएको तत्कालीन पुनरावेदन अदालत विराटनगरको मिति २०७०।०७।०५ को फैसला त्रुटिपूर्ण हुँदा उल्टी भई पुनरावेदक विकास गुरूङले अभियोग दाबीबाट सफाइ पाउने ।

इजलास अधिकृत: चिन्तामणि शर्मा

इति संवत् २०७५ साल माघ २२ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७१-CR-०५२६, अपहरण तथा शरीरबन्धक, *राजकुमार चापागाई वि. नेपाल सरकार*

प्रतिवादी राजकुमार चापागाइले भारतीय मोबाइलसमेत प्रयोग गरी मेरो ल्यान्ड फोनमा मिति २०६८।१।२५ गते बेलुका फोन गरी फिरौती रकम माग गरी नदिएमा सबै परिवारसमेतलाई अपहरण गरी बेपत्ता पारिदिने भनी धम्की दिई म तथा परिवारसमेतलाई त्रसित पारेको हुँदा निजलाई कारबाही गरिपाउँ भन्ने किटानी जाहेरी दरखास्त परेको देखिन्छ । पक्राउ परेका प्रतिवादी राजकुमार चापागाईले अनुसन्धानमा बयान गर्दा जाहेरवालाको जाहेरी दरखास्तमा उल्लेख भएको बेहोराबमोजिम मिति २०६८।१।२५ गते निजको ल्यान्ड फोनमा फोन गरी रू.१० लाख फिरौती रकम माग गरेको र नदिएमा सम्पूर्ण परिवारसमेतलाई अपहरण गरी मारी ज्यानैसमेत बेपत्ता पारिदिने धम्की दिएको हुँ भनी कसुरमा साबित रही बयान गरे तापनि अदालतमा भने कसुर गरेकोमा इन्कार रही बयान गरेको देखिन्छ । जाहेरवालाले जाहेरी बेहोरालाई पुष्टि हुने गरी अदालतमा आई बकपत्रसमेत गरेको देखिने ।

जाहेरीमा प्रतिवादीले फोनबाट धम्की दिएको भनी उल्लेख भएको सो कुरालाई बकपत्रमा समेत उल्लेख गरेको र कल डिटेलबाट समेत सो बेहोरालाई पुष्टि गरेको अवस्थामा प्रतिवादी राजकुमार चापागाईले गणेशप्रसाद सिम्खडालाई फोन गरी फिरौती माग गरेको र नदिए अपहरण गर्ने धम्की दिएको अवस्था देखिने ।

किटानी जाहेरी दर्खास्त, प्रतिवादीको अनुसन्धानको साबिती बयान, जाहेरवालाको बकपत्रसमेतका बेहोरालाई कल डिटेलबाट समेत प्रतिवादी राजकुमार चापागाईले अपहरण तथा शरीर बन्धकको उद्योग गरेको पुष्टि भएको देखिएको अवस्थामा मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. अनुसारको सजाय सात वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रूपैयाँदेखि दुई लाख रूपैयाँसम्म जरिवाना हुने भएकोले निजलाई ऐ.५ नं. बमोजिम सोको आधा सजाय गर्नुपर्नेमा सो व्यवस्था मुताबिक निज प्रतिवादीलाई ३ वर्ष ६ महिना कैद र २५ हजार जरिवाना गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको फैसलालाई अन्यथा मान्नुपर्ने अवस्था नहुँदा पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थः पुनरावेदन अदालत पाटनको मिति २०७१।१।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: राजकुमार दाहाल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७६ साल वैशाख ४ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७१-CR-०५२७ र ०७१-CR-०८९७, ठगी तथा सरकारी दस्तखत किर्ते, *राजकुमार चापागाई वि. नेपाल सरकार, नेपाल सरकार वि. राजकुमार चापागाई*

प्रतिवादी राजकुमार चापागाईले कसैलाई आफू राष्ट्रिय अनुसन्धान विभागको एस.एस.पि.,

कसैलाई एस.पि., कसैलाई डि.एस.पि. राजु अर्याल भन्ने त कसैलाई राजेन्द्र खड्का हुँ भनी भन्ने गरेका, यसैगरी निजले कसैलाई सामान्य प्रशासन मन्त्रालयको प्रथम श्रेणीको ना.सु. र कसैलाई मन्त्रीको पि.ए. हुँ भनी विश्वास दिलाई कसैलाई जागिर लगाइदिने, कसैलाई विदेश पठाइदिने भनी विश्वास दिलाई रकम लिई ठगी गरेको हुँदा निजलाई कारबाही गरी ठगी गरेको रकमसमेत दिलाई पाउँ भनी केहीको संयुक्त र केहीको छुट्टैसमेत गरी छुट्टाछुट्टै जाहेरी परेको देखिन्छ भने जाहेरी दरखास्तमा उल्लेख भएको बेहोराबमोजिमको रकम मैले जाहेरवालाबाट लिएको हो उक्त रकम मैले डान्स रेस्टुरेन्ट गई मासिसकेँ भने केही रकम मैले श्रीमतीहरूलाई खर्च गर्न दिएको हुँ निजहरूले कहाँ राखे कहाँ खर्च गरे मलाई थाहा भएन भनी प्रतिवादीले कसुरमा साबित रही अनुसन्धानमा बयान गरेको देखिन्छ भने अदालतमा बयान गर्दा भने कसुरमा इन्कार रहेको देखिए तापनि अनुसन्धानको बयानलाई अन्यथा पुष्टि गर्न सकेको नदेखिने।

प्रतिवादी राजकुमार चापागाईले जाहेरवालालाई आफ्नो बेग्लाबेग्लै परिचय दिई ठगी गरेको भनी जाहेरवालाले अदालतमा गरेको बकपत्रमा प्रतिवादीलाई विभिन्न काम गराई माग्न विभिन्न मितिमा रकमहरू दिने गरेको र सोका लागि प्रतिवादीकै खर्चमा यात्रा गर्ने खाने बस्नेसमेतका कार्य गर्ने गरेको भनी उल्लेख गरेको, प्रतिवादीको अनुसन्धानमा भएको बयानसमेतका आधारमा पनि प्रतिवादीले ठगी गरेका होइनन् भनी भन्न सक्ने अवस्था नदेखिने।

अदालतबाट जाहेरवालाहरूले प्रतिवादीलाई दिएको जाहेरीमा उल्लेख भएको रकमको आधिकारिक प्रमाण पेस गर्नु भन्ने आदेशसमेत भएकोमा जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंको च.नं. ६३९७ मिति २०६९।२।१४ को पत्रबाट जाहेरवालाहरूले प्रतिवादीलाई दिएको भनिएको रकमको आधिकारिक प्रमाण भए पेस गर्न आग्रह गर्दा हालसम्म पेस गर्न नआएको भन्ने महानगरीय प्रहरी परिसर काठमाडौंको च.नं.८३६१ मिति २०६९।२।११ को पत्रबाट लेखिआएको बेहोरा अनुरोध छ भन्ने जवाफ प्राप्त भएको देखिन्छ। ठगीको बिगो रकम यकिन गर्ने सम्बन्धमा जाहेरी दरखास्त र अभियोगपत्रमा उल्लेख भएको बिगो पुष्टि गर्ने वस्तुनिष्ठ प्रमाणको अभाव एवम् ठगीको रकम नै यकिन हुन नसकेको अवस्थामा प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिमकै रकम ठगी गरेको भनी सोहीबमोजिम बिगो कायम गर्नु न्यायिक दृष्टिले समेत मनासिब हुने नदेखिने।

प्रतिवादीबाट सरकारी कर्मचारी परिचयपत्र बरामद भएको देखिएको र निज प्रतिवादी उक्त मन्त्रालयको कर्मचारी नभएको र निजले प्रयोग गरेको दुवै परिचयपत्र यस मन्त्रालयबाट जारी नभएको भनी सामान्य प्रशासन मन्त्रालयबाट उल्लेख भई आएको हुँदा सरकारी अड्डाको छाप दस्तखतसमेत किर्ते गरेको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर अन्यथा नदेखिने।

अतः उपर्युक्त विवेचित आधार, प्रमाण तथा कागजसमेतबाट प्रतिवादीले प्रयोग गरेको सरकारी कर्मचारी परिचयपत्र किर्ते गरेको देखिएको स्थिति, मौकाको साबिती बयान, प्रतिवादीको अदालतसमक्षको इन्कारी बयान पुष्टि हुन नसकेको अवस्थाबाट प्रतिवादीको उपर्युक्त कार्य किर्ते कागजको १ नं. बमोजिमको देखिएको तर निजहरूको सो कार्यबाट किर्ते गरेको बिगो खुलेको नदेखिएकोले किर्ते कागजको ९ नं. बमोजिम प्रतिवादीहरूलाई जनही रू.५० जरिवानासमेत गर्नुपर्नेमा सो नगरी ठगीको १ नं.को कसुरमा ऐ.४ नं. बमोजिम रू ५०००।– जरिवाना र किर्ते कागजको १२ नं.बमोजिम १ वर्ष कैद सजाय गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७१।०१।०२ मा भएको फैसला मिलेको नदेखिँदा उक्त फैसला सो हदसम्म उल्टी भई निज प्रतिवादीलाई ठगिको १ नं.को कसुरमा ऐ.४ नं. बमोजिम रू.५०००।– जरिवाना र किर्ते कागजको ९ नं. बमोजिम रू. ५० जरिवाना तथा निजले सरकारी छाप, दस्तखतसमेतको किर्ते गरेको

देखिएकोले ऐ. ऐनको १२ नं. बमोजिम निजलाई १ वर्ष कैद सजायसमेत हुने ।
इजलास अधिकृत: राजकुमार दाहाल
कम्प्युटर: रमला पराजुली
इति संवत् २०७६ साल वैशाख ४ गते रोज ४ शुभम् ।

- यसमा यसै प्रतिवादी उपरको ०७१-CR-०५२८ र ०७१-CR-०९०६, ठगी, *राजकुमार चापागाई वि. नेपाल सरकार, नेपाल सरकार वि. राजकुमार चापागाई* भएको मुद्दामा यी प्रतिवादीले जाहेरवालालाई ठगी गरेको पुष्टि भएको भए तापनि निजले ठगी गरेको बिगो कायम हुन नसकेको अवस्थामा निजलाई ठगीको १ नं.को कसुरमा ऐ.४ नं. बमोजिम रू.५०००।– जरिवाना गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७१।१।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहरी फैसला भएको छ ।

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७२-CR-१३११, जबरजस्ती करणी, *नेपाल सरकार वि. प्रेम बहादुर कार्की*

जाहेरवालाको छोरी नाम परिवर्तित ३१(क-१३) मेरो घर डेरा अगाडि आई आरू खान दिनु भनी भनेकी हुँदा मैले आरू टिपेर कोठाभित्र लगी प्लाष्टिकमा हालेर दिन लाग्दा अन्य मानिसहरू आई तँैले त्यो केटीलाई नराम्रो काम गर्ने भनी कुटपिट गरेका हुन् । मैले निज पीडितलाई जबरजस्ती करणी गरेको छैन । आरू टिपेर खान दिएकोसम्म हो भन्नेसमेत बेहोराको प्रतिवादी प्रेमबहादुर कार्कीले अनुसन्धान अधिकारीसमक्ष बयान गरेको पाइन्छ भने मैले निज पीडितलाई जबरजस्ती करणी गरेको होइन । केबल मैले निजलाई आरूसम्म झोलामा हाली घर बाहिरबाट दिएको हो भनी अदालतसमक्ष आई इन्कारी बयान गरेको पाइन्छ । म आरू खान दिन्छु भनी फकाई लिएर गई कोठामा पुगेपछि मैले लगाएको कपडा खोलिदिई निजले पनि कपडा खोली निजको लिङ्ग मेरो योनिमा छिराउँदा मैले दुख्यो भन्दासमेत नछोडी करणी गरेका हुन् भन्नेसमेत बेहोराको पीडित नाम परिवर्तित ३१(क-१३) ले मौकामा कागज गरेको पाइन्छ भने आरू दिन्छु भनी जबरजस्ती करणी गरेको, आरू घर बाहिर नै दिएको भनी अदालतमा बकपत्र गरेको पाइन्छ । त्यस्तै जबरजस्ती गरेको कुरा मैले दानाको साहुले भनेर थाहा पाएको हुँ भन्ने बेहोराको जाहेरवाला नाम परिवर्तित ३१(क१४) ले अदालतमा बकपत्र गरेको पाइने ।

योनिको भित्री भागमा सामान्य घर्षण र रातोपन देखिएको र पीडितको स्वास्थ्य अवस्था सामान्य रहेको भन्नेसमेत बेहोराको पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट देखिन्छ भने पीडितको योनिको बाहिरी भाग सामान्य रहेको तथा भित्री भागमा कन्याजाली वरिपरी हल्का रातो घर्षण देखिएको भन्ने देखिन्छ । कन्याजाली नच्यातिएको अवस्थामा थियो भनी स्वास्थ्य परीक्षण प्रतिवेदनलाई समर्थन गरी पीडितको स्वास्थ्य परीक्षण गर्ने डा. मिथिलेश ठाकुरले अदालतमा बकपत्रसमेत गरेको पाइन्छ । ६६ वर्षको पुरूषले नाबालिकाको यौनाङ्गमा लिङ्ग छिराएर करणी गरेको भए निजको यौनाङ्गमा च्यातिएको घाउ, Hymen Rupture लगायत हुनेमा विवाद हुँदैन । प्रमाण ऐन, २०३१ को दफा २३ ले विशेषज्ञको राय प्रमाणमा लिनुपर्ने व्यवस्था गरेको देखिन्छ । उल्लिखित विशेषज्ञको रायलाई अन्यथा मान्न सकिने कुनै ठोस प्रमाण वादी पक्षले पेस गर्न सकेको नदेखिने ।

प्रतिवादीले पीडितलाई नाङ्गो बनाएर जबरजस्ती करणी गरेको देखेको हो भन्ने मौकामा कागज गर्ने जहरा खातुन र अविनाश श्रेष्ठले मौकामा गरेको कागजलाई प्रमाणमा लिई फैसला गर्नुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ हेर्दा, जहरा खातुन र अविनाश श्रेष्ठलाई पटकपटक अदालतमा हाजिर हुन आदेश भए तापनि उपस्थित भई अदालतमा आई बकपत्र गरेको पाइँदैन । यसरी अदालतमा उपस्थित नभई मौकामा लेखाएको कागजलाई मात्र आधार मानेर अदालतले फैसला गर्न मिल्दैन । प्रमाण ऐन, २०३१ को दफा १८ ले अदालतमा उपस्थित

भई बकपत्र नगर्ने त्यस्ता व्यक्तिहरूको अनुसन्धानमा भएको कागज प्रमाणयोग्य हुँदैन भन्ने व्यवस्था गरेको पाइन्छ । प्रतिवादीले मौकामा र अदालतमा इन्कारी बयान गरेको, पीडितको शारीरिक परीक्षण प्रतिवेदन, विशेषज्ञको बकपत्र सबैबाट प्रतिवादीले पीडितलाई करणी गरेको भन्ने स्थापित हुन सकेको नदेखिँदा यी सम्पूर्ण तथ्यहरूलाई पन्छाएर केबल जहरा खातुन र अविनाश श्रेष्ठले मौकामा गरेको कागजलाई आधारमानी प्रतिवादीलाई आरोपित कसुरमा कसुरदार ठहर गर्न नमिल्ने।

तसर्थ, मिति २०७१।९।२२।३ मा सुरू मकवानपुर जिल्ला अदालतबाट प्रतिवादी प्रेमबहादुर कार्कीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(२) नं. बमोजिम जबरजस्ती करणीको उद्योगमा कसुर ठहर गरी चार वर्ष कैद सजाय भएको फैसला पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।३।२२ मा सदर गरी भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हिरा डंगोल

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७४ साल पुस ४ गते रोज ३ शुभम्।

- यसै लगाउको ०७१-CR-१३२१, जबरजस्ती करणी, *नेपाल सरकार वि. बेलु परियारसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७३-WO-१३५९, उत्प्रेषण / परमादेश, *हेमराज पौडेल वि. सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारसमेत*

रिट निवेदक हेमराज पौडेल जुम्लामा कार्यरत रहेको समयको भौगोलिक क्षेत्रको रूजु हाजिर गणनासम्बन्धी हाजिरी विवरण माग गरी हेर्दा निज उक्त जिल्लामा कार्यरत रहेको समयमा दैनिक हाजिर, सार्वजनिक बिदा, भैपरि तथा पर्व बिदा र कार्यक्षेत्रअन्तर्गतको काजबाहेक २२० दिन क्षेत्रबाहिरको काज तथा अन्य बिदामा रहेको देखिएको र लोक सेवा आयोगको मिति २०७२।११।३ को निर्णयसमेतको आधारमा यी निवेदक हेमराज पौडेललाई उक्त अवधिको भौगोलिक क्षेत्रबापतको "घ" वर्गको अङ्क प्रदान गर्दा निजको भौगोलिक क्षेत्रको अङ्क पूरा नभएको र बढुवा हुने पदभन्दा एक श्रेणीमुनिको पदमा उजुरकर्ता हेमराज पौडेलभन्दा सबरी राजबाहकको सेवा अवधि बढी रहेको देखिँदा बढी सेवा अवधि भएका सबरी राजबाहकलाई बढुवा सिफारिस गरेको देखिने।

रिट निवेदकले आफ्नो "क" वर्गको भौगोलिक क्षेत्रमा काम गरेबापत रूजु हाजिर २३३ दिन पूरा भइसकेकाले "घ" वर्गमा कार्यरत रहेको अवधिमा विभिन्न मितिमा ७० दिन "क" वर्गमा भ्रमण काजमा खटिएको अवधिको पनि "क" वर्गको भौगोलिक क्षेत्रमा काम गरेबापतको अङ्क दिनुपर्ने र त्यसरी अङ्क गणना गर्दा मेरो १६ अङ्क पूरा भई मेरो बढुवा हुने भनी लिएको जिकिर सम्बन्धमा फाइल संलग्न कागजातहरूको अध्ययन गर्दा, निवेदक विभिन्न मितिमा "क" वर्गको भौगोलिक क्षेत्रमा भ्रमण काजमा गएको तर सो क्षेत्रमा रूजु हाजिर भएको नदेखिँदा रूजु हाजिर भएको अवधिको समेत काजमा गएकै भौगोलिक क्षेत्रको अङ्क दिने कानूनी व्यवस्था नरहेको र निजलाई भौगोलिक क्षेत्रमा रूजु हाजिर भई काम गरेबापत नियमानुसार पाउने भौगोलिक क्षेत्रको अङ्क दिई गणना गर्दा भौगोलिक क्षेत्रको पूरा १६ अङ्क प्राप्त भएको नदेखिने।

रिट निवेदक तथा बढुवा सिफारिस भएका उम्मेदवारहरूको भौगोलिक क्षेत्रमा काम गरेबापत पाउने पूरा १६ अङ्क प्राप्त नभएको अवस्थामा भौगोलिक क्षेत्रमा पूरा अङ्क नपाउने सम्भाव्य उम्मेदवारहरूमध्येबाट सबैभन्दा बढी सेवा अवधि भएका उम्मेदवारलाई पहिला बढुवा गर्नुपर्ने । बढुवा सिफारिस हुनुभएका सबरी राजबाहक मिति २०६४।१०।१ मा र निवेदक हेमराज पौडेल मिति २०६६।२।२० मा हालको पदमा नियुक्त हुनु भएको देखिँदा निजामती सेवा ऐन, २०४९ को दफा २४(घ)

(१)(क) को उपदफा (१) अनुसार बढुवा हुने पदभन्दा एक श्रेणीमुनिको पदमा सबैभन्दा बढी सेवा अवधि भएका उम्मेदवार सबरी राजबाहकलाई बढुवाका लागि सिफारिस गरेको भन्ने बढुवा समितिको निर्णय भएको देखिने।

रिट निवेदकले आफू मिति २०६९।२।१ देखि २०७१।६।३० सम्म जिल्ला वनस्पति कार्यालय, जुम्लामा कार्यरत रहेको जिकिर गर्नु भएको छ। जबकि रिट निवेदक हेमराज पौडेलले मिति २०७१।६।१ गतेका दिन जिल्ला वनस्पति कार्यालय जुम्लाबाट रमाना लिई सकेको र मिति ०७१।६।६ मा वनस्पति विभाग थापाथली काठमाडौंमा उपस्थित भई जिल्ला वनस्पति कार्यालय, जुम्लाको कार्यालय प्रमुखको हैसियतमा मिति ०७१।६।८ गतेदेखि सार्वजनिक बिदा कटाई मिति ०७१।६।२२ गतेसम्म घर बिदा र निजको स्थायी बसोबास रहेको स्थान बागलुङ नगरपालिका १२, बागलुङ जान आउन ९(नौ) दिन बाटो म्याद माग गरी निमित्त विभागीय प्रमुखबाट मिति ०७१।६।३० गतेसम्म बिदा स्वीकृत गराएको देखिन्छ भने अर्कोतर्फ मिति ०७१।६।१ गते लिएको रमाना पत्रमा मिति ०७१।६।३० गतेसम्म एक दिन पनि घर बिदा नलिएको अभिलेख मिसिल संलग्न रिट निवेदककै रमाना पत्रबाट देखिने।

निजामती सेवा ऐन, २०४९ को दफा २४(घ)(१)(क) को उपदफा (१) को खण्ड (ग) को उपखण्ड (३) मा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको लागि हाल बहाल रहेको श्रेणीमा भौगोलिक क्षेत्रमा काम गरेबापत दफा २४(ग) बमोजिम १६ अङ्क प्राप्त गरेको हुनुपर्ने तर भौगोलिक क्षेत्रमा काम गरेबापत पूरा अङ्क प्राप्त गरेको सम्भाव्य उम्मेदवार नभएमा भौगोलिक क्षेत्रमा काम गरेबापत पूरा अङ्क प्राप्त नगरेको कर्मचारीलाई पनि सम्भाव्य उम्मेदवार कायम गरी बढुवा गरिनेछ भन्ने बेहोरा उल्लेख भएअनुसार सम्भाव्य उम्मेदवार कायम गरिएका ७ जना उम्मेदवारहरूमध्ये बढुवा सिफारिसमा पर्नुभएका विपक्षी सबरी राजबाहक हालको पदमा मिति ०६४।१०।१ मा र रिट निवेदक हेमराज पौडेल मिति ०६६।२।२० मा नियुक्ति हुनु भएको देखिएकोले जेष्ठताको आधारमा योग्यताक्रम नं.१ मा रहनु भएका विपक्षी सबरी राजबाहकलाई बढुवा सिफारिस गरिएको बढुवा समितिको निर्णय मिलेकै देखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: हिरा डंगोल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल कात्तिक २१ गते रोज ३ शुभम्।

१०

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७५-RC-००७७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सुवास राई*

प्रतिवादी धने भन्ने सुवास राई र सूर्यबहादुर राईसमेत उपर किटानी जाहेरी परेको देखिन्छ। मृतक नविन राईको नाक र मुखबाट बगेको रगत सुकी रगतको दाग देखिएको भन्ने निजको शव परीक्षण प्रतिवेदनमा देखिन्छ। सहअभियुक्तहरू दिवश राई र पदमबहादुर दाहालले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरी मृतक नविन राईलाई धने भन्ने सुवास राई तथा सूर्यबहादुर राईसमेतले कुटपिट गरेको कारण मृत्यु भएको हो भनी पोल गरेको देखिन्छ। घटना विवरण कागज गर्ने त्यस घटनाका प्रत्यक्षदर्शी भनिएको नवराज राई र धनराज राईले मृतक नविन राईलाई कुटपिट गरेको देखेको हो भन्ने बेहोरा लेखाई दिएको पाइन्छ। वस्तुस्थिति मुचुल्काका रत्नकुमार राईसमेतले मृतक घटनास्थल भनिएको सुन्तले भन्ने ठाउँमा हिँडिरहेको बेला यी प्रतिवादीहरू धने भन्ने सुवास राई र सूर्यबहादुर राईसमेतले एक्कासी निहुँ खोजी भाग्न उम्कन नदिई, दाउराको चिरपट, मुक्कासमेतले मरणासन्न हुने गरी कुटपिट गरेको हुँदा सोही कुटपिटको कारण मृतक नविन राईको मृत्यु भएको हो भनी लेखाई दिएको पाइने।

सहप्रतिवादीहरू पदमबहादुर दाहाल र दिवस राईले बयान गर्दा आफूहरूले मृतक नविन राईलाई कुटपिट नगरेको भनी जाहेरी बेहोरा तथा अभियोग

दाबीलाई इन्कार गरी मौकामा बयान गरेको भए पनि घटनास्थल प्रकृति मुचुल्का एवम् मौकामा कागज गर्ने मानिसहरूको कागज बेहोरालगायतका मिसिल संलग्न अन्य सबुद प्रमाणसमेतका आधारमा निज प्रतिवादीहरू पदमबहादुर दाहाल र दिवस राईलाई आरोपित कसुरमा दोषी देखिएको भनी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद हुने गरी सुरू अदालतबाट फैसला भएको पाइन्छ । उक्त फैसला तत्कालीन पुनरावेदन अदालत धनकुटाबाट आंशिक उल्टी भई निज प्रतिवादीहरूलाई ज्यानसम्बन्धी महलको १७ (३) नं. बमोजिम २ वर्ष ६ महिना कैद हुने गरी भएको फैसलालाई यस अदालतबाट मिति २०७३।६।५ मा भएको फैसलाले सदर भई अन्तिम भई बसेको देखिने।

प्रतिवादी धने भन्ने सुवास राई र सूर्यबहादुर राईले आफूलाई लागेको अभियोगका सम्बन्धमा प्रतिरक्षा गर्न आउनु पर्नेमा नआई यद्यपि फरार रहेको देखिन्छ । निज प्रतिवादीहरूउपर परेको किटानी जाहेरी दरखास्त, सहप्रतिवादीहरूले अनुसन्धान र अदालतमा गरेको बयान, लास जाँच प्रकृति मुचुल्का, घटना विवरण कागज, वस्तुस्थिति मुचुल्का साथै मौकामा बुझिएका मानिसहरूले अदालतमा आई गरेको बकपत्रसमेतबाट यी प्रतिवादी धने भन्ने सुवास राई र सूर्यबहादुर राईको कुटपिटबाट मृतक नविन राईको मृत्यु भएको भन्ने देखिन आयो । तर यसैले मारेको वा यसको चोटले मरेको भन्ने यकिन हुन आएको नदेखिने । प्रस्तुत वारदातमा मृतक नविन राईको मृत्यु प्रतिवादीहरूमध्ये यो यसको यस्तो चोट प्रहारबाट भएको भन्ने देखिन खुल्न आएको नदेखिँदा सुरू अदालतबाट निज प्रतिवादीहरूलाई आरोपित कसुरमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलमा १३(३) नं. बमोजिम जन्मकैद हुने गरी भएको फैसलालाई सदर गरेको उच्च अदालत विराटनगर, धनकुटा इजलासको फैसलालाई अन्यथा मान्न सकिने अवस्था नरहने।

तसर्थ विवेचित तथ्य, आधार र कारणहरूबाट प्रतिवादी धने भन्ने सुवास राई र सूर्यबहादुर राईलाई अभियोग माग दाबीबमोजिमको कसुरमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद हुने गरी सुरू भोजपुर जिल्ला अदालतबाट मिति २०७४।१०।१० मा भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट भएको मिति २०७५।३।३२ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृतः चिन्तामणि शर्मा

इति संवत् २०७५ साल माघ २२ गते रोज ३ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री मीरा खडका,** ०७२-CI-१३२६ र ०७२-CI-१३२७, मिलापत्रबमोजिम भएको दा.खा. निर्णय बदर, *सर्मिष्ठा रघुवंशीसमेत वि. रघुवंशी वैद्य र रामकृष्ण रघुवंशी वि. रघुवंशी वैद्य*

प्रत्यर्थी वादीको अंश मुद्दामा भएको मिलापत्रबाट हक गएको भन्ने तथ्य पुष्टि हुन आएको मिसिलबाट देखिन आउँदैन। उल्लिखित अंश मुद्दामा यी वादीसमेत प्रतिवादी रहेको कुरामा यी वादीले अन्यथा भन्न सकेको देखिँदैन। सो मुद्दाबाट निजको समेत अंश हक छुट्टिन गई सो जग्गा निजको नाममा दा.खा.समेत भएको भन्ने देखिन्छ। आफैँ पक्ष रहेको मुद्दामा भएको मिलापत्र बदरका लागि यी प्रत्यर्थी वादीले कानूनी आधार लिएको मुलुकी ऐनको अ.बं.८६ नं. को व्यवस्था प्रस्तुत मुद्दामा आकर्षित हुने नदेखिएकोले निजको फिराद दाबी कानूनसम्मत मान्न नमिल्ने।

प्रत्यर्थी वादी स्वयम् अंश मुद्दाका प्रतिवादी कायम भएको र निजको नाममा रीतपूर्वक म्यादसमेत तामेल भएको भन्ने मिसिलबाट देखिन आएको अवस्थामा सो मुद्दामा भएको मिलापत्र र सोबमोजिम भएको दा.खा.को निर्णयबाट आफ्नो हक गएको भनी पुन: फिराद दिन मिल्ने अवस्था देखिन नआएकोले निजको फिराद दाबी कानूनसम्मत रूपमा दायर भएको

भनी मान्न नमिल्ने।

धनबहादुरको कान्छी श्रीमतीतर्फका २ वटा छोराहरूले वादी भई अंश मुद्दा दायर गरेको र सौतेनी दाजु यी प्रत्यर्थी वादी गणपतीसमेतलाई प्रतिवादी बनाएको र निजको नाउँको म्याद घरदैलोमा टाँस हुन गई म्यादभित्र प्रतिउत्तर नफिराई सुरू म्याद नै गुजारी बसेको अवस्था देखिन्छ। सोही क्रममा निजको अंश हकसमेत छुट्टिने गरी कानूनबमोजिम उक्त अंश मुद्दामा मिति २०६४।६।२२ मा मिलापत्र भएको र सो मिलापत्रबमोजिम सम्पूर्ण अंशियारको नाउँमा सम्पत्ति दर्ता दाखिला खारेज हुने गरी निर्णय भएको मिसिल प्रमाणबाट देखिन आएकोले अ.बं.८६ नं. अनुसार यस्तो हकमा असर परेको भन्ने नदेखिँदा वादीको फिराद दाबी मनासिब देखिन नआउने।

तसर्थ, विवेचित आधार र कारणबाट यी वादी नै अंश मुद्दाको प्रतिवादी भएको र सो अंश मुद्दामा गराएको मिलापत्र र मिलापत्रबमोजिमको दा.खा. गर्ने गरी मालपोत कार्यालय, ललितपुरबाट मिति ०६४।१२।२२ मा भएको निर्णय बदर गरिपाउँ भन्ने वादीको दाबी अ.बं.८६ नं.बमोजि दायर हुन नसक्ने हुँदा मिलापत्रसमेत बदर गर्ने गरेको सुरू ललितपुर जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत पाटनको मिति २०६७।१०।२ को फैसला मिलेको नदेखिँदा उल्टी भई वादीको फिराद दाबी पुग्न नसक्ने।

इजलास अधिकृत: कुमार मास्के

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७५ साल माघ २८ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७४-WO-०२४१, उत्प्रेषण / परमादेश, *जगदिश आचार्य वि. सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचल, काठमाडौंसमेत*

जाजरकोट जिल्ला स्थित मोर्कखोला सडकपुल निर्माणका लागि यी रिट निवेदकसमेत साझेदार रहेको सर्व उद्धार / फ्रेन्ड्स जे.भी. कम्पनीसँग मिति २०६९।३।२५ मा १८ महिनामा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको कुरा रिट निवेदकले स्वीकार गरेको र सो कुरालाई अन्यथा भनी जिकिर लिन सकेको निवेदन लेखबाट देखिन आएन । ठेक्का सम्झौता सम्पन्न गर्ने सम्बन्धमा विभिन्न कारणहरू देखाई ३ पटकसम्म गरी ३ वर्ष १ महिना ६ दिन थप गरी सम्झौता अवधि मिति २०७३।१०।३० सम्म कायम रहे तापनि निर्माण व्यवसायी जे.भि. पार्टनरको रूपमा उपस्थित नभई पृथक कम्पनीको रूपमा एक अर्कालाई दोष लगाई २०७३ आषाढपछि काम छोडी हिँडेको र कार्य सम्पादन गर्ने विश्वसनीय आधार नदेखिएकोले ठेक्काको म्याद समाप्त भइसकेको, म्याद थपको लागि निवेदनसमेत प्राप्त हुन नआएको हुँदा जिल्ला विकास समिति, जाजरकोटको सिफारिसमा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट सार्वजनिक खरिद ऐन, २०६३ एवम् नियमावली, २०७४ को एवम् सम्झौताको दफा १७ बमोजिम सर्वउद्धार / फ्रेन्ड्स जे.भि. कम्पनीसमेतलाई कालोसूचीमा राख्ने र बैंक जमानत जफत गर्ने गरी मिति २०७३।१२।४३ मा निर्णय भएको देखिने।

विपक्षीहरूले उक्त निर्णय गर्नुभन्दा अघि कुनै सूचना वा जानकारीसमेत नदिएको भनी लिएको जिकिरका सम्बन्धमा हेर्दा निर्णय गर्नुपूर्व ठेक्का सम्झौताको पटकपटक म्याद थप गरेबमोजिम मिति २०७३।१०।३० सम्म म्याद रहेकोमा २०७३ साउनदेखि नै काम छोडी भागेकोले उपस्थितिको लागि मिति २०७३।११।३, मिति २०७३।११।१८ र मिति २०७३।१२।१४ समेतमा नयाँ पत्रिका दैनिकमा सूचना प्रकाशित गरिसकेपछि मात्र निवेदक कम्पनी सम्पर्कमा आएको भएपनि उक्त निर्माण कार्य सम्पन्न नगरी सो दायित्वबाट पन्छनको लागि नै प्रस्तुत रिट निवेदन दिएको भन्ने कुरा पुष्टि गर्ने गरी भएको निर्णय, पत्र र सूचनासमेतको प्रतिलिपि लिखित जवाफसाथ पेस भएको मिसिलबाट देखिन आउने।

निवेदक फर्म जनताको सेवा सुविधासँग प्रत्यक्ष रूपमा सम्बन्धित विकास निर्माण कार्यको

लागि स्थापित भएको र निवेदक फर्मसमेत साझेदार रहेको कम्पनीले विपक्षी नं.२ सँग नियमानुसार ठेक्का सम्झौता गरेकोमा सोअनुसार समयमा निर्माण कार्य सम्पन्न नगरेको भन्ने कुरा निवेदकको निवेदन बेहोराबाटै देखिन आएको अवस्था छ। वास्तवमा यस किसिमका फर्मले ठेक्का सम्झौता गर्ने तर वर्षौंसम्म काम नगरी ओगट्ने र अन्तमा भाग्नेजस्तो गैरजिम्मेवारीपूर्ण र अव्यावसायिक प्रकृतिका कार्यलाई निरूत्साहित र नियमित गर्नकै लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ मा त्यस्ता फर्म वा कम्पनीलाई कालो सूचीमा राख्ने र Performance bond समेत जफत गर्ने भन्ने उक्त कानूनी व्यवस्थाबाट देखिने।

यसै ठेक्का नं. RTISWAP / NBB / DDC / ०८।०६८।०६९ को ठेक्का सम्झौता गर्ने निवेदक कम्पनीसँग साझेदार रहेको सर्वउद्धार निर्माण सेवा कम्पनीका प्रो. हरिबहादुर लामाले कालो सूचीमा राख्ने गरी भएको सोही मितिको निर्णयसमेत बदरका लागि यसै अदालतमा दायर गरेको ०७४-WO-०१७६ को उत्प्रेषणयुक्त परमादेशको रिट निवेदनमा यस अदालतबाट सुनुवाइ भई रिट निवेदन खारेज हुने ठहर भई मिति २०७४।१२।१२ मा आदेश भएको देखिने।

वस्तुत: विपक्षी नं.२ बाट सार्वजनिक रूपमा सूचना प्रकाशित गरी विधिवत् रूपमा ठेक्का सम्झौता प्रक्रिया सम्पन्न भइसकेपछि सम्झौताअनुसारको कार्य सम्पन्न नगरेको भनी जिल्ला समन्वय समिति, जाजरकोटबाट पटकपटक सूचना प्रकाशित भएकोमा सोअनुसार सम्पर्कमा नआएको आधारमा कालोसूचीमा राख्ने र Performance bond समेत जफत गर्ने गरी कानूनसम्मत ढंगबाट निर्णय भएपछि मात्र यी निवेदकले प्रस्तुत रिट निवेदन दिएको देखिन आएबाट सफाहात र स्वच्छ हृदय (Clean hand and clear heart) का साथ अदालत प्रवेश गरेको भन्न मिल्ने अवस्था नदेखिने।

तसर्थ, विवेचित आधार र कारणहरूबाट निवेदन मागबमोजिमको रिट जारी हुने मनासिब आधार र अवस्था देखिन नआएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : कुमार मास्के

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७५ साल माघ २४ गते रोज ५ शुभम्।

- यसै लगाउको ०६८-CI-०७६२, हक हिस्सा छुट्याई पाउँ (दर्ताफारी), *रघुवंशी वैद्य वि. रामकृष्ण रघुवंशी* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या. श्री अनिलकुमार सिन्हा,** ०६७-CI-९१८, दर्ता बदरसमेत, *गोविन्दबहादुर खत्री वि. सुशिला अधिकारी*

जि.दाङ उरहरी गा.वि.स. वडा नं. ३(ख) साबिक कि.नं. १७ ज.वि. ०-१६-२१/२ जग्गा साबिकमा यी प्रत्यर्थी वादीको मुद्दा सकार गर्ने सुशिला अधिकारीको ससुरा खिमानन्द उपाध्यायले दाता टोपेन्द्रराज उपाध्यायबाट ०३०।५।५ मा घरसारमा गराई लिएको राजीनामा पारित नगरी दिएकोले खिमानन्द उपाध्यायले लिखत पास मुद्दा दायर गरेकोमा दाङ जिल्ला अदालतबाट मिति ०३३।१०।१३ मा लिखत पास हुने ठहरी फैसला भएको र सोबमोजिम उक्त जग्गा वादी रामकृष्ण भन्ने रामप्रसाद अधिकारीका बाबु खिमानन्द उपाध्यायका नाउँमा रीतपूर्वक दर्ता हुन आएकोमा विवाद देखिएन। सोपश्चात् यी पुनरावेदक प्रतिवादीले खिमानन्द उपाध्यायउपर जालसाज मुद्दा दायर गरेको र तहतह कारबाही हुँदै जाँदा वादी दाबी नपुग्ने ठहर भई पुनरावेदन अदालत नेपालगन्जबाट भएको फैसला नै सदर कायम हुने ठहर भई यसै अदालतबाट मिति ०५६।४।१२ मा फैसला भएको भन्ने देखिन आयो। यसैबिचमा उक्त कि.नं.१७ बाट कि.का. भई कायमी कि.नं.३२३ को ज.वि.०-८-११/४ जग्गा यी प्रत्यर्थी वादीका पति रामकृष्ण भन्ने रामप्रसाद अधिकारीले रामकुमार थारूलाई राजीनामा पारित गरी दिएको र हाल विवादित कि.नं.३२४ को ज.वि.०-८-११/४ जग्गा यी प्रत्यर्थी वादीकै निर्विवाद हक भोगमा रहेको भन्ने देखिन्छ। मूलत: उल्लिखित

जालसाज मुद्दामा पुनरावेदन अदालत नेपालगन्जको मिति २०५१।८।१२ र सर्वोच्च अदालतको मिति २०५६।४।१२ को फैसलाको ठहर खण्डको अन्तिम अनुच्छेद हेर्दा 'लिखत पास मुद्दाको फैसलाबमोजिम प्रतिवादी रामकृष्ण उपाध्यायको नाउँमा दा.खा. हुन नसकेको उरहरी गा.वि.स. वडा नं.३(क) कि.नं.१७ समेतको जग्गा सम्बन्धमा सुरू दाङ देउखुरी जिल्ला अदालतको फैसला मनासिब भई दाता टोपेन्द्रराज उपाध्यायले आफ्नो बाँकी जग्गा कित्ता नं. खुलाई प्रतिवादीलाई राजीनामा गरी दिएकाले दोहोरो पारी आफ्नो हकभन्दा बढी जग्गा बिक्री गरेको भनी भन्न मिल्ने नहुनाले त्यसरी बिक्री गरेको जग्गालाई वादीको राजीनामाभित्रको निजको हक ठहऱ्याएकोसम्म दाङ देउखुरी जिल्ला अदालतको फैसला त्रुटिपूर्ण हुँदा उरहरी ३(ख) कि.नं.१७ समेतको जग्गा प्रतिवादीको हकको ठऱ्याउनु पर्नेमा सो जग्गा पनि वादीको ठहऱ्याई प्रतिवादीहरूले जालसाजी गरेको ठहऱ्याएको निर्णय सो हदसम्म केही उल्टी हुने ठहर्छ" भनी उल्लेख भएको र सोही फैसलाको तपसिल खण्डमा उक्त विवादित कि.नं.१७ को जग्गामा प्रतिवादी रामकृष्ण उपाध्यायको हकको ठहरेको" भन्ने बोली परी विवादित जग्गा दोहोरो उल्लेख भएको देखिन्छ। तर पुनरावेदन अदालत नेपालगन्जबाट भएको जालसाज मुद्दाको फैसलाको ठहर खण्ड र तपसिल खण्डसमेतबाट उक्त विवादित कि.नं.१७ को जग्गा प्रतिवादी रामकृष्ण भन्ने रामप्रसाद अधिकारीको हकको नै भन्ने ठहर भएको कुरा सो फैसलाबाट देखिन आएको र हाल उक्त मुद्दा अन्तिमसमेत भई बसेको अवस्था देखिन्छ । यस्तो अवस्थामा माथि विवेचित लिखत पास र जालसाज मुद्दाको रोहबाट यी प्रत्यर्थी वादीका पति रामकृष्ण भन्ने रामप्रसाद अधिकारीको हक कायम भइसकेको जग्गालाई आफूले जिती पाएको भनी पुनरावेदक प्रतिवादी गोविन्दबहादुर खत्रीले हकै नपुग्ने जग्गा दर्ता गराएको भन्ने स्पष्ट देखिन आएबाट आफ्नो हक कायम नै नभएको जग्गालाई दूषित तवरबाट दर्ता गराएको स्पष्ट देखिँदा-देखिँदै वादी दाबी नपुग्ने ठहर गरी दाङ देउखुरी जिल्ला अदालतबाट भएको फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दाबीबमोजिम दर्ता बदर भई यी प्रत्यर्थी वादीका पति रामकृष्ण भन्ने रामप्रसाद अधिकारीको नाउँमा कायम हुने र चलनसमेत चलाई पाउने ठहऱ्याएको पुनरावेदन अदालत तुलसीपुरको फैसला अन्यथा मान्न मिलेन। पुनरावेदन अदालत तुलसीपुरको फैसला बदर गरी सुरू दाङ जिल्ला अदालतबाट भएको फैसला नै सदर कायम गरिपाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर तथा निजतर्फका विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, विवेचित आधार र कारणबाट वादी दाबी नपुग्ने गरी गरेको दाङ देउखुरी जिल्ला अदालतको फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दाबीबमोजिम दर्ता बदर भई यी प्रत्यर्थी वादीको नाउँमा कायम हुने र चलनसमेत चलाई पाउने ठहर गरी पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०६६।९।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : कुमार मास्के

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७५ साल माघ २१ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-CR-१६९५, कर्तव्य ज्यान, *रमेश महर्जन वि. नेपाल सरकार*

प्रतिवादीले पूर्वयोजना मुताबिक नै मृतक पेमा छेदी शेर्पालाई बिहान घुम्न जाने बहाना बनाई फोन गरी बोलाई हतियार छुरी लिई हिँडेकोमा मृतकसँग वादविवाद हुँदा सो हतियारले मृतकलाई घाँटी सेरी मारी छोडी हिँड्दा पक्राउ परेको हुँ भनी मृतकलाई कर्तव्य गरी मारेकामा साबित रहेको देखिन्छ। अदालत एवम् अनुसन्धानमा बयान गर्दा आफूहरू करिब १ वर्षअगाडिदेखि सुनको गरगहना बनाउने कारखानामा सँगै काम गर्दै आउने क्रममा चिनजान भई शारीरिक सम्पर्कसमेत भएपछि मृतकले आफूलाई पटकपटक विवाह गर र तिम्रा परिवार र छोराछोरीलाई घर

पठाउ भनी दबाब दिएको हुँदा मृतकलाई कर्तव्य गरी मारेकामा साबित रहेको देखिन्छ । सो साबितीलाई मृतकको शव परीक्षण प्रतिवेदनले समर्थन गरेको पाइन्छ । मौकामा बुझिएका व्यक्तिहरूले कागज गर्दा प्रतिवादीले मृतकलाई धारिलो हतियारले घाँटी रेटी कर्तव्य गरी मारेका हुन् भनी लेखाएको पाइन्छ भने मृतक र प्रतिवादीबिच निरन्तर फोन सम्पर्क भएको कल डिटेल्सबाट देखिन्छ । मृतक पेमा छेदी शेर्पालाई मार्ने नियतले यी प्रतिवादीले धारिलो हतियार बोकी हिँडेको र सोही हतियार प्रयोगबाट मृतकको मृत्यु भएको पुष्टि भएको देखिन्छ । प्रतिवादीको योजना मुताबिक नै मृतकलाई बिहान घुम्न जाउँ भनी बोलाई एकान्त ठाउँमा लगी कर्तव्य गरी मारेको भन्ने देखिने ।

मृतकलाई विवाह गर्नुपर्ने परिस्थितिबाट बच्ने उद्देश्यले मृतकलाई मार्ने मनसाय राखी घरबाट चक्कु साथमा लिई मृतकलाई बिहान घुम्न जाउँ भनी बोलाई कसैले नदेख्ने गरी एकान्त ठाउँमा लगी मृतकको घाँटी चक्कुले रेटी हत्या गरी सो कसुरबाट आफू बच्नको लागि हरसम्भव प्रयास गरेको देखिन आएको छ । यी पुनरावेदक प्रतिवादीले मृतकलाई कर्तव्य गरेको प्रमाणबाट खुल्न आएपश्चात् र संकलित प्रमाणबाट आफूले गरेको कसुर लुकाउन नसक्ने परिस्थिति भएपछि कसुर स्वीकार गरेको आधारमा प्रतिवादीले सजायमा छुट पाउने अवस्था हुँदैन । प्रतिवादीको आपराधिक मनसाय, कसुर गर्दाको परिस्थिति, मृतक र कसुरदारको सम्बन्धसमेतको समग्र वस्तुस्थितिका आधारमा सजायमा कम गर्ने अवस्था रहन्छ । प्रस्तुत वारदात प्रतिवादीले पूर्वनियोजित रूपमा गरेको र वारदात लुकाउन हर सम्भव प्रयास गरेको देखिएकोले सजायमा छुट हुनु पर्ने भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सक्ने देखिएन । उच्च अदालत पाटनबाट पुनरावेदक प्रतिवादीलाई सर्वस्वसहित जन्मकैद गर्ने गरेको मिति २०७३।८।६ को फैसला मिलेकै देखिन आउने ।

तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं. को देहाय (१) मा रहेको उपर्युक्त व्यवस्थाको सन्दर्भमा प्रस्तुत मुद्दामा उच्च अदालत पाटनबाट यी पुनरावेदक प्रतिवादीलाई सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरेको मिलेको देखिन आए पनि मुलुकी अपराध (संहिता) ऐन, २०७४ दफा ४०(२), फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ र केही नेपाल कानूनलाई संशोधन एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) मा उपयुक्त व्यवस्था रहेको तथा यही भदौ १ गतेदेखि लागू भइसकेको सन्दर्भमा प्रस्तुत मुद्दामा यी पुनरावेदक प्रतिवादीलाई सर्वस्वको सजाय नहुने भई प्रतिवादी रमेश महर्जनलाई जन्मकैद सजाय हुने । आरोपित कसुरबापत अदालती बन्दोबस्तको १८८ नं. बमोजिम कम सजाय पाउँ भन्ने पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल पुस ८ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७१-CI-१०२७, कम्पाउन्ड सेफ्टी ट्याङ्की हटाई जग्गा खिचोला मेटाई हक कायम गरिपाऊँ, *लेखबहादुर कामीसमेत वि. सूर्यमान श्रेष्ठ*

लमजुङ जिल्ला अदालतबाट मिति २०६८।०१।३१ मा भई आएको नक्सा मुचुल्का हेर्दा प्रत्यर्थी वादीको कि.नं. ३०७३ को जग्गाको क्षेत्रफल ०-५-१-२ भएको देखिन्छ भने पुनरावेदक प्रतिवादीमध्येका लेखबहादुर कामीको कि.नं. ३००७ को जग्गाको क्षेत्रफल ०-४-०-२ उल्लेख भएको र अर्का प्रतिवादी मनकुमारी कामीको कि.नं. २६२०, २६१८, २७६३ र ३००५ का चारवटै कित्ता जग्गाको कूल क्षेत्रफल ०-५-०-१ भएको कुरा सो नक्सा मुचुल्काबाट देखिएको र विवादित भनिएको न.नं. ६ को जग्गाको जम्मा क्षेत्रफल ०-०-३-२ मात्र देखिने ।

पुनरावेदन अदालत पोखराको मिति २०६८।१२।८ को आदेशानुसार नापी कार्यालय,

लमजुङको च.नं. १६२, मिति २०६९।१।६ को पत्रद्वारा प्राप्त ट्रायल चेकमा प्रत्यर्थी वादीको कि.नं. ३०७३ को क्षेत्रफल ०-६-१-१ देखिए पनि अदालतबाट भएको उल्लिखित नक्सा मुचुल्काबाट ०-५-१-२ देखिन्छ भने विवादित न.नं. ६ को क्षेत्रफल ०-०-३-२ जोड्दासमेत ट्रायल चेकअनुसारको जग्गा पुगेको देखिँदैन। विवादित जग्गा जोड्दासमेत वादीको स्रेस्ताअनुसारको जग्गा नपुगेको अवस्थाले उक्त विवादित जग्गा वादीको रहेभएको भन्ने देखिन्छ । अर्को कुरा मिसिल संलग्न नक्सा प्रिन्टसमेत हेर्दा वादीको जग्गाको नक्सा बनोट अंग्रेजी एल आकारको भएको देखिएको र सो नक्साको आकृति प्रकृतिसँग अदालतबाट भई आएको नक्सा मुचुल्कासमेतको आकार, प्रकृति एकापसमा मिलेभिडेको नै देखिने।

प्रत्यर्थी वादीको कि.नं. ३०७३ को जग्गाको पूर्वउत्तरतर्फ विवादित न.नं.६ को जग्गा रहेको नक्साबाट देखिएको छ। प्रतिवादीले बनाएको भनिएको घर विवादित न.नं. ६ को जग्गाभन्दा पश्चिमतर्फ रहेको देखिएको र प्रतिवादी मनकुमारी कामीको नाउँ दर्ताको कि.नं. २७६३ को जग्गामा पुनरावेदक प्रतिवादीले बैंकलाई भाडामा दिएको घरको भाग परेको भन्ने कुरा मिसिल संलग्न नक्सा प्रिन्टबाट समेत देखिन आउँदैन । तसर्थः सुरू लमजुङ जिल्ला अदालतको फैसला सदर कायम हुने गरी पुनरावेदन अदालत पोखराबाट भएको फैसला अन्यथा नदेखिने।

अतः उल्लिखित विवेचित आधार, कारण तथा कानूनी व्यवस्थाहरूबाट वादीले ०-१-०-० क्षेत्रफल जग्गा प्रतिवादीले खिचोला गरेको भनी दाबी लिएको भए पनि वादीको ०-०-३-२ जग्गामा प्रतिवादीले कम्पाउन्ड लगाई ग्यारेज बनाएको भन्ने देखिँदा सो हदसम्म खिचोला ठहर गरेको सुरू लमजुङ जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत पोखराको मिति २०६९।२।२४ फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: मिनबहादुर कुँवर

इति संवत् २०७५ साल पुस २४ गते रोज ३ शुभम्।

६

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७२-CI-१३३८, जग्गा खिचोला मेटाई चलनसमेत चलाई पाऊँ, *बद्री थापा मगर वि. डम्बरप्रकाश योङहाङ*

वादी डम्बरप्रकाश योङहाङले सुरू अदालतमा फिराद दायर गर्दा आफ्नो कि.नं. ५०२ र ५०४ को जग्गाको उत्तरपूर्वपट्टि वारपार जग्गा छाडी त्यसको भित्रपट्टि पर्खाल लगाई घर बनाएको र बाहिरपट्टि दुवै कि.नं.का जग्गाहरू मिलाएर करिब ०-०-२-० जग्गा छाडेकोमा प्रतिवादी बद्री थापामगरले निजको विवादित कि.नं. ५२० को जग्गामा उक्त जग्गालाई चापी, मिची, घुसाई खिचोला गरेको भन्ने कुरा फिरादपत्रमा उल्लेख गरेको देखिन्छ । त्यसरी यी वादीले २०५० सालमा घर बनाउँदाका अवस्थामा आफ्नो घरग्गामा कम्पाउण्ड लगाउँदा कम्पाउण्ड बाहिर ०-०-२-० जग्गा छाड्नुपर्नेसम्मको कुनै स्वाभाविक कारण मिसिल प्रमाणसमेतबाट देखिन नआउने।

ललितपुर जिल्ला अदालतबाट मिति २०७४।७।२७ मा पुनः नक्सा हुँदा प्रतिवादीको कि.नं. ५२० को जग्गा नक्सा मुचुल्काको न.नं.४ मा क्षेत्रफल ०-१२-०-० निज प्रतिवादीको भोगचलनमा रहेको देखिन्छ । त्यसैगरी वादीको न.नं.५, ६, ७, ८ र ९ कि.नं. ५०२, ५०३, ५०४ तथा ५०५ का जग्गा तथा भौतिक संरचनाहरू वादीको भोगचलनमा रहेको जग्गाको जम्मा क्षेत्रफल १-४-२-२ भई सो जग्गा वादीले भोगचलन गरेको भन्ने कुरा सो नक्सा मुचुल्काबाट देखिन आउने।

प्रतिवादीको विवादित कि.नं. ५२० को जग्गाको ०-१४-०-० क्षेत्रफल रहेभएको कुरा ट्रायल चेकसमेतबाट मिलेभिडेको देखिएकोमा अदालतबाट नक्सा हुँदा प्रतिवादीको जग्गा ०-१२-०-० मात्र देखिएको अवस्था छ । यसरी प्रतिवादीको आफ्नो वास्तविक जग्गाभन्दा ०-०-०-२ जग्गा कम नै देखिन आएको छ भने वादीको कि.नं. ५०२, ५०३, ५०४ र ५०५ समेतको जग्गाको कुल १-४-२-० क्षेत्रफल

ट्रायल चेकबाट देखिएको छ । यस्तो अवस्थामा नक्सा हुँदा १-४-२-२ देखिनुले वादीले आफ्नो वास्तविक जग्गाभन्दा ०-०-०-२ क्षेत्रफल बढी नै भोगचलन गरेको भन्ने कुरा सो नक्सा मुचुल्काबाट देखिन आएको हुँदा वादीको जग्गाको क्षेत्रफल कम नदेखिई बढी नै देखिरहेको स्थितिले पुनरावेदन अदालत पाटनबाट ललितपुर जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको फैसला मिलेको देखिन नआउने ।

अतः प्रस्तुत मुद्दाका प्रत्यर्थी वादीले दाबी गरेको भनिएको विवादित जग्गा कम्पाउन्भन्दा बाहिरको भएको कुरा मिसिल संलग्न नक्सा मुचुल्कासमेतबाट देखिन आएको, यी वादीले आफ्नो जग्गामा वि.सं. २०५२ सालमा कम्पाउण्ड लगाएको तथ्यमा विवादसमेत नदेखिएको, वादीको दर्ताबमोजिमको जग्गामा कमी नभई पुगिरहेको देखिएकोसमेतका उल्लिखित आधार एवम् कारणसमेतबाट कम्पाउन्डबाहिर रहेको जग्गा पनि वादीकै हो भन्ने प्रमाण र तथ्यसमेतबाट नदेखिँदा दाबीबमोजिम खिचोला ठहर गरेको ललितपुर जिल्ला अदालतबाट मिति २०६७।०८।१३ मा भएको फैसलालाई सदर गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६८।१२।२८ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दाबी पुग्न नसक्ने ।

इजलास अधिकृत: मिनबहादुर कुँवर

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७५ साल पुस २४ गते रोज ३ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०६९-CR-०७६९, ०६९-CR-०८०० र ०७०-CR-०२०२, भ्रष्टाचार, *नेपाल सरकार वि. पदमप्रसाद पोखरेल, झुना पोखरेल वि. नेपाल सरकार र पदमप्रसाद पोखरेल वि. नेपाल सरकारसमेत*

प्रतिवादी पदमप्रसाद पोखरेलको सम्पत्ति अमिल्दो, अस्वाभाविक, उच्च जीवनस्तर यापन गरेको भन्ने अभियोग दाबी भएको प्रस्तुत मुद्दामा वादी पक्षबाट प्रतिवादी पदमप्रसाद पोखरेलको जाँच अवधिको आय र व्ययको चेक लिष्ट बनाई सम्पत्ति र स्रोतबिचको अस्वाभाविकता एवम् असमाञ्जस्यता देखाई अभियोग दाबी लिएको नभई गोश्वारा रूपमा दाबी लिएको पाइयो । यस्तै प्रकृतिका गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने मुद्दाहरूमा यस अदालतबाट विस्तृत व्याख्या भई विवेचना गरी कायम गरिएका सिद्धान्तहरूलाई यस मुद्दामा पनि इजलासले अनुशरण गर्नुपर्ने देखिने ।

जाँच अवधि (Check Period) सम्बन्धमा २०२७ देखि अवकाश मिति २०५७।१२।१ लाई सम्झनुपर्नेमा २०२७ देखि २०६० मंसिरसम्म मानेको नमिलेको भन्ने प्रतिवादीको पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा सेवामा प्रवेश गरेपछि आर्जित आयबाट अवकाश भएपछि पनि सम्पत्ति आर्जन गरिने हुँदा यस सम्बन्धमा यो भन्दा अगाडि यस्तै विषयमा यस अदालतबाट भएका फैसलामा अभियोग दर्तासम्मको मितिलाई नै जाँच अवधि मान्ने भनी व्याख्या भई सिद्धान्त प्रतिपादन भइसकेको हुँदा प्रस्तुत मुद्दामा पनि २०२७ सालदेखि २०६० सालसम्म चेक अवधि कायम गरेको विशेष अदालतको फैसला मिलेकै देखिने ।

पुनरावेदक प्रतिवादी पदमप्रसाद पोखरेलको आर्जनतर्फ

**जग्गा खरिदः** वादी नेपाल सरकारले आरोप पत्रको तालिका नं. १७ मा जग्गाहरूको प्रचलित खरिद बिक्री हालको मूल्य भनी रू.१,२८,४५,६६५।- को जग्गातर्फ दाबी गरेको देखिन्छ । विशेष अदालतबाट मालपोत कार्यालयको पारित रजिस्ट्रेसन लिखतको मूल्यलाई नै आधारमानी रू.११,३२,०००।- जग्गाको मूल्य कायम गरेको पाइन्छ । पारित लिखत मूल्य कायम गरेको विशेष अदालतको फैसलामा वादीले चित्त बुझाएको अवस्था हुँदा र त्यसमा प्रतिवादीको

पनि अन्य जिकिर नहुँदा जग्गातर्फको मूल्यमा थप बोली रहनु परेन । जग्गातर्फ लिखत पारित मूल्य रू.११,३२,०००।- कायम गरेको विशेष अदालतको फैसलामा थप विवेचना गरिरहनु नपर्ने ।

**घर र फर्निचरः** अभियोगपत्रको तालिका नं. १७ मा वादीले प्रतिवादी पदमप्रसाद पोखरेलको मूल घर, ग्यारेज, सर्भेन्ट क्वाटरसमेतको जम्मा मूल्य रू.२५,३४,९४७।८७ कायम गरेको पाइन्छ भने विशेष अदालतको फैसलाको पेज नं. ९८ ले बनेको सालको आधारमा घरको मूल्य र फर्निचरमा देखाएको अङ्कको आधारमा आधा कायम गरी घर र फर्निचरको जम्मा रू.३५,७७,२८२।७५ मूल्य कायम गरेको देखिन्छ । अभियोग दाबीअनुसार घर बनेको सालको मूल घर सर्भेन्ट क्वाटर र ग्यारेजसमेतको मूल्य रू.२३,४०,००८।२५ प्राविधिक रिपोर्ट र अभियोग पत्रसमेतले देखाउँछ भने फर्निचरतर्फ मूल्य रू.१४,०९,५४९।- देखिन्छ । विशेष अदालतको फैसलाअनुसार नै फर्निचरको आधा मूल्य रू. ७,०४,७७४।५० र बनेको सालको आधारमा मूल घर र सर्भेन्ट क्वाटर र ग्यारेजसमेतको मूल्य रू.२३,४०,००८।२५ भई जम्मा जोडफल रू.३०,४४,७८२।७५ हुनेमा घर र फर्निचरतर्फ रू.३५,७७,२८२।७५ मूल्य जोडफल कायम गरेको विशेष अदालतको फैसला मिलेको देखिएन । त्यसमा पनि घर निर्माण गर्दा प्रतिवादी आफैँले निर्माण गरेको बयान तथा पुनरावेदन जिकिरमा उल्लेख गरेको पाइन्छ । मूल घर सर्भेन्ट क्वाटर र ग्यारेजसमेतको घर बनेको सालको निर्माण मूल्य रू.२३,४०,००८।२५ मा २० प्रतिशत घटाउँदा रू.४,६८,००१।६५ घटी हुने भई सो कट्टा गरी घरको मूल्य रू.१८,७२,००६।- कायम हुन्छ । आफैँले बनाएको घरको मूल्याङ्कनमा २० प्रतिशत नघटाई घरको मूल्य कायम गरिएको विशेष अदालत काठमाडौंको फैसला सो हदसम्म मिलेको देखिएन । तसर्थ मूल घर ग्यारेज सर्भेन्ट क्वाटरतर्फ घरको मूल्य रू.१८,७२,००६।- कायम हुन्छ । फर्निचरतर्फ अभियोगमा रू.१४,०९,५४९।- मूल्य कायम गरी दाबी लिएको पाइयो । यस्तै प्रकृतिका अन्य मुद्दाहरूमा यस अदालतबाट फर्निचरमा आधा मूल्य कायम गरेको सिद्धान्त प्रतिपादन गरेको देखिएकोले फर्निचरतर्फ कुल मूल्यमा आधा मूल्य रू.७,०४,७७४।- कायम गरेको विशेष अदालतको फैसलालाई अन्यथा भन्न मिलेन । फर्निचरतर्फ पूरा मूल्य कायम हुनुपर्छ भन्ने वादीको पुनरावेदन जिकिर पुग्न सक्दैन । फर्निचरतर्फ रू.७,०४,७७४।– कायम गरी मूल घर सर्भेन्ट क्वाटर र ग्यारेजको र फर्निचरको जम्मा मूल्य रू.२५,७६,७८०।- कायम हुने ।

**बैंक मौज्दातः** अभियोग पत्रको तालिका नं. १७ मा विभिन्न बैंकहरूमा प्रतिवादीको विभिन्न खातामा जम्मा रहेको रकम रू.९,६३,००३।– देखिन्छ । विशेष अदालतले फैसला गर्दा रू.९,९९,९१५।७० उल्लेख गरेको पाइयो । रू.९,९९,९१५।७० बाट रू.९,६३,००३।- घटाउनु पर्ने भई घटाउँदा रू.३६,९१२।- बढी जोडफल विशेष अदालतबाट हिसाब गरेको पाइएकोले उक्त बढी रकमलाई आर्जन कायम गरेको मिलेन । साथै बैंक खातामा देखाइएको उक्त रू.९,६३,००३।- रकम विभिन्न मितिमा विभिन्न बैंकमा राखिएको अवस्थाको देखिन्छ । यो रकम तलब, कृषि आय, निवृत्तिभरण, घर भाडासमेतको वैध आम्दानी हो, यो छुट्टै आय होइन भनी पदमप्रसाद पोखरेलले खण्डन गरेको भए तापनि ठोस प्रमाण पेस गर्न नसकेको भनी बैंकमा रहेको उक्त रू.९,६३,००३।- आर्जनमा समावेश गरी भएको विशेष अदालत काठमाडौंको फैसला मिलेको देखिने ।

**लुकाई छिपाई राखेको रकमः** अभियोग पत्रको तालिका नं. १७ मा प्रतिवादी झुना पोखरेलले कृषि विकास बैंकमा रू.२,००,४१९।- लुकाई छिपाई राखेको भन्ने वादीको आरोपलाई विशेष अदालतले स्वीकार गरी आर्जनमा समावेश गरेको पाइन्छ । लुकाई छिपाई राखेको छैन भन्ने प्रतिवादीको जिकिर रहेको सन्दर्भमा कुनै रकम लुकाई छिपाई राखेको भन्ने उक्त रकमको भौतिक अस्तित्व (Physical Existence) प्रमाणित गर्नुपर्छ । लुकाई छिपाई राखेको भनिएको

रकम एकातर्फ सानो रकम देखिएको र अर्कोतर्फ मूल रकमको अस्तित्व नै प्रमाणित गर्न नसकेको र हिसाबबाट प्रमाणितसमेत नहुँदा खाताबाट रकम झिक्नु नै रकम लुकाएको अनुमानको आधार बन्न सक्दैन । उक्त रकम आर्जनमा समावेश हुन नसक्ने ।

**सुनः** २५ तोला सुन र १७५ तोला चाँदीलाई रू.२,५१,२५०।- मूल्य कायम गरी विशेष अदालत काठमाडौंले प्रतिवादी पदमप्रसाद पोखरेलको आयमा समावेश गरेको देखिन्छ । वादी नेपाल सरकारले नै अभियोग पत्रको पृष्ठ १६ को प्रकरण नं. ३ मा "२५ तोला सुन र १७५ तोला चाँदी प्रतिवादीको पैतृक" भनी वादीले उल्लेख गरेको पाइन्छ । वादीले नै पैतृक भनी दाबी लिएको सम्पत्तिलाई प्रतिवादीले खरिद गरेको भनी आर्जनमा समावेश गरेको मिलेन । सोलाई प्रतिवादी पदमप्रसाद पोखरेलको आयमा समावेश गर्नुपर्नेमा आर्जनमा समावेश गरेको विशेष अदालत काठमाडौंको फैसला त्रुटिपूर्ण देखिने ।

**कारः** बा. २ च. ८८९९ नं. को टोयोटा कोरला कार रू.६,१७,२११।२८ मा प्रतिवादी पदमप्रसाद पोखरेलले खरिद गरेको देखिएकोले वादी दाबीबमोजिम उक्त कारलाई प्रतिवादी पदमप्रसाद पोखरेलको आर्जनमा समावेश गरेको विशेष अदालत काठमाडौंको फैसला मिलेकै देखिने ।

**विद्युत उपकरणः** रू.६२,०००।- मूल्यको विद्युत् उपकरण प्रतिवादीको आर्जनमा समावेश गरेको विशेष अदालत काठमाडौंको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

**हातहतियारः** प्रतिवादीले रू.२६,०००।- मा खरिद गरेको हातहतियार प्रतिवादी पदमप्रसाद पोखरेलको आर्जनमा समावेश गरेको कानूनसम्मत देखिने ।

**छोराछोरीको पढाई खर्चः** छोराछोरीको पढाई खर्च भनी रू.१५,७९,५००।- प्रतिवादी पदमप्रसाद पोखरेलको आर्जनमा समावेश गरेको पाइन्छ । उक्त रकमलाई प्रतिवादीको आर्जनमा समावेश गर्नुपर्ने होइन भन्ने प्रतिवादी पदमप्रसाद पोखरेलले जिकिर लिएको पाइन्छ । प्रतिवादी पदमप्रसाद पोखरेलको छोरा प्रदिप पोखरेललाई डाक्टर एम.बी.बी.एस. पोखरामा पढाएको, क्याम्समा प्रतिवादीले रकम भुक्तानी गरेको भनी पत्रसमेत मिसिल संलग्न रहेको, रमिला पोखरेलले पढाईमा खर्च गरेको कुरा स्वीकार गरी बयान गरेकोसमेतको आधारमा रू.१५,७९,५००।- छोराछोरीको पढाई र विवाह खर्च भएको देखिएकोले उक्त रकम प्रतिवादी पदमप्रसाद पोखरेलको आर्जनमा समावेश गरेको विशेष अदालत काठमाडौंको फैसला मिलेकै हुँदा यसमा प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

**पासपोर्टमा देखाइएको विदेशी मुद्रा खरिदः** यसमा पासपोर्टबाट देखिएको विदेशी मुद्रा खरिदमा रू.१,२१,२००।- प्रतिवादीको आर्जनमा समावेश गरेको देखिन्छ । निजामती कर्मचारी विदेश भ्रमण वा काजमा खटाउँदा नेपाल सरकारले सरकारी पासपोर्टमा उपलब्ध गराएको विदेशी मुद्रा भन्ने प्रतिवादी जिकिर देखिँदा सो अवस्थामा सो मुद्रा सरकारले के कसरी कुन कानूनअन्तर्गत उपलब्ध गराउँछ ? प्रस्ट दाबी लिएको नपाइँदा यसमा पुनरावेदन जिकिर पुग्न सक्दैन । रू.१,२१,२००।- प्रतिवादी पदमप्रसाद पोखरेलको आर्जनमा समावेश गरेको विशेष अदालतको फैसला सो हदसम्म मिलेको देखिने ।

**पारिवारिक खर्चः** पारिवारिक खर्च भनी २०२८ सालदेखि २०५५ सालसम्मको रू.९,३४,८००।- विशेष अदालत काठमाडौं आफैँले पुनरावेदक प्रतिवादी पदमप्रसाद पोखरेलको आर्जनमा समावेश गरेको फैसलामा पाइने ।

वादी पक्षले दाबी लिन नसकेको अवस्थामा अदालत आफैँले तथ्यको उत्खनन् गरी फैसला गर्ने न्यायिक मान्यता र परिपाटीसमेत हाम्रो छैन । तसर्थ आफैँ अभियोगकर्ता जस्तो बनी विशेष अदालत काठमाडौंबाट पारिवारिक खर्च भनी प्रतिवादी पदमप्रसाद पोखरेलको रू.९,३४,८००।- आर्जनमा समावेश गरेको फैसला प्रत्यक्ष रूपमा कानूनी सिद्धान्तविपरीत देखिन आयो । तसर्थ उक्त रकम

प्रतिवादीको आर्जनमा समावेश गरेको नमिल्ने ।

माथि उल्लिखित विश्लेषणबाट पुनरावेदक प्रतिवादी पदमप्रसाद पोखरेलले जाँच अवधिमा निम्नबमोजिम शीर्षकमा निम्नबमोजिमको मूल्यका सम्पत्ति आर्जन गरेको देखियो ।

| सि.नं. | विवरण | बिगो |
|---|---|---|
| १ | जग्गा खरिद | रू.११,३२,०००।- |
| २ | घर निर्माण | रू.१८,७२,००६।- |
| ३ | फर्निचर | रू.७,०४,७७४।- |
| ४ | बैंक मौज्दात | रू.९,६३,००३।- |
| ५ | कार | रू.६,१७,२११।- |
| ६ | विद्युत् उपकरण | रू.६२,०००।- |
| ७ | हतियार | रू.२६,०००।- |
| ८ | छोराछोरीको पढाई खर्च | रू.१५,७९,५००।- |
| ९ | पासपोर्टमा देखाइएको विदेशी मुद्राको खरिद | रू.१,२१,२००।- |
| जम्मा | | रू.**७०,७७,६९४।-** |

**पुनरावेदक प्रतिवादी पदमप्रसाद पोखरेलको आयतर्फः**

(क) **शिक्षक पदमा कार्यरत रहँदाको तलब, भत्ता र ट्युसन पढाउँदा प्राप्त आयका सन्दर्भमाः** प्रतिवादी पदमप्रसाद पोखरेल २०२७ श्रावणदेखि २०३२ आषाढसम्म हिमालय मा.वि. र शारदा मा.वि. मा शिक्षक पदमा रही अध्यापन गराएको र सोबापत आय आर्जन गरेकोमा विशेष अदालत काठमाडौंले त्यसलाई मान्यता दिई रू.२७,२२५।– आय कायम गरेको पाइन्छ । त्यसतर्फ वादी प्रतिवादीको मुख मिलेकै पाइने ।

ट्युसन पढाएको प्रमाण नहुने, आजभन्दा ४५ वर्ष अगाडि ट्युसन पढाएको प्रमाणसमेत पेस गर्न सक्ने अवस्था रहँदैन । प्रतिवादी पदमप्रसाद पोखरेलले रू.९०,०००।- ट्युसनबाट प्राप्त गरेको जिकिर लिएपनि न्यायिक अनुमानको आधारमा २०२७ सालदेखि २०३२ सालसम्म ६ वर्षको ट्युसनबापत आय रू.३०,०००।- कायम हुन्छ । ट्यूशनबापत माग गरिएको रकम प्रमाणको अभावमा दिन मिलेन भन्ने विशेष अदालतको फैसला सो हदसम्म मिलेको देखिएन । तसर्थ रू.३०,०००।- प्रतिवादी पदमप्रसाद पोखरेलको आयमा गणना हुने ।

**नेपाल सरकारमा रहँदा आर्जन गरेको आयः** तलब भत्ता रू.१५,११,३५३।- मा मुख मिलेकै पाइयो । लोक सेवामा कार्यरत रहँदा प्रश्न पत्रलगायत आदिमा कार्य गरेबापत रू.३०,०००।- आर्जन गरेको माग गरेकोमा न्यायिक अनुमानको आधारमा रू.१०,०००।- कायम गरिएको विशेष अदालतको फैसला मिलेको देखिने ।

एकाघर परिवारको सदस्य छोरीहरूको आयलाई प्रतिवादीहरूको आयमा समावेश हुनुपर्नेमा विशेष अदालतले आयमा समावेश नगरेको मिलेको छैन भन्ने जिकिरका सम्बन्धमा पुनरावेदक प्रतिवादी रा.प. प्रथम श्रेणीमा बहाल रहँदा प्र.जि.अ. भई कार्य गरेको अवधिमा छोरीहरू प्रमिला पोखरेल र उर्मिला पोखरेल पि.ए. भई नियमित पारिश्रमिक प्राप्त गरेको तथ्यमा विवाद छैन । सो कुरालाई मिसिल संलग्न प्रमाणले पुष्टि गर्दछ । एकाघर परिवारको सदस्यको आय प्रतिवादीको आय कायम हुने सम्बन्धमा यस अदालतबाट समेत सिद्धान्त प्रतिपादन भएको देखिँदा छोरीहरू प्रमिला र उर्मिला पोखरेलको प्रमाणित आय रू.५५,५५७।- प्रतिवादीको आयमा कायम हुने ।

एक जिल्लाबाट अर्को जिल्लामा सरूवा भई जाँदा दैनिक भ्रमण भत्ताबापत रू.२४,५००।–, दशैं खर्च रू.८२,१००।–, बिदाबापतको रकम रू.१५,०००।– र भन्सार कमिसन रू.११,०००।- रकम प्राप्त गर्न सक्ने भनी विशेष अदालत काठमाडौंले गरेको फैसलामा वादी प्रतिवादीको मुख मिलेको पाइने ।

२०४८ सालको प्रतिनिधि सभाको चुनावमा खटिँदाको भत्ता रू.२०,०००।– दाबी गरेकोमा अनुमानित रू.१०,०००।– विशेष अदालतले प्रदान

गरेको, अन्य वर्षको प्रतिवादीको माग दाबीबमोजिम प्रदान गरेको नदेखिएकोले निजामती कर्मचारी चुनावमा खटिने नै हुँदा न्यायिक अनुमानको आधारमा २०४९ सालको रू.१५,०००।– पाउन सकिने नै देखियो । उक्त आय रकम पुनरावेदक प्रतिवादीको आयमा कायम हुने ।

तसर्थ २०३८ सालदेखि २०४४ सालसम्म ६ वर्षको भ्रमण भत्ता न्यायिक अनुमानको आधारमा रू.१,००,०००।- प्रतिवादी पदमप्रसाद पोखरेलको आयमा कायम हुने ।

त्यस्तै २०४४ सालदेखि २०४५ सालसम्म कर्णाली भेरी एकीकृत ग्रामीण विकास परियोजनाको को–अर्डिनेटर हुँदा आयोजनाबाट सञ्चालित योजनाको निरीक्षण गर्न जाँदाको टि.ए.डी.ए. रू.९०,०००।- प्राप्त गरेको भनी माग गरेकोमा न्यायिक अनुमानको आधारमा रू.२०,०००।- कायम हुने ।

२०४५ सालदेखि २०४९ सालसम्मको विभिन्न जिल्लामा प्र.जि.अ. हुँदा विभिन्न बैठकबापतको भत्ता रू.१,३०,०००।- पुनरावेदक प्रतिवादीले माग गरेकोमा विशेष अदालत काठमाडौंबाट न्यायिक अनुमानको आधारमा रू.३०,०००।- कायम गरेको देखियो । अत्यन्त कम आय कायम गरेको भन्ने पुनरावेदन जिकिर देखिन्छ । न्यायिक अनुमानको आधारमा रू.५०,०००।– कायम गरी दिएको छ । उक्त रकम पुनरावेदकको आयमा समावेश हुन्छ । त्यस्तै प्र. जि.अ. हुँदाको भ्रमण भत्ता रू.३,२४,०००।– माग गरिएकोमा विशेष अदालतबाट उक्त रकम आयमा समावेश भएको पाइएन । उक्त भ्रमण भत्ताको रकम आयमा समावेश हुनुपर्छ भन्ने पुनरावेदन जिकिरतर्फ न्यायिक अनुमानको आधारमा रू.४०,०००।- कायम हुने ।

निवृत्तिभरणबापत रू.२,३०,०४८।– र अनिवार्य अवकाश हुँदाका बखत प्राप्त रकम रू.३,५२,३४५।– कायम गरेको विशेष अदालतको फैसला मुख मिलेकै हुँदा त्यसतर्फ बोली रहनु नपर्ने ।

वैदेशिक भ्रमणतर्फ रू.५,८८,०००।– माग गरेकोमा रू.३,००,०००।- विशेष अदालतबाट प्रदान गरिएकोले घटी प्रदान गरियो भन्ने पुनरावेदन जिकिरतर्फ हेर्दा प्रमाण नभएको अवस्थामा न्यायिक अनुमानको आधारमा रकमको निर्धारण गर्नुपर्ने हुँदा न्यायिक अनुमानको आधारमा रू.३,००,०००।– भ्रमण भत्ता कायम गरेको विशेष अदालत काठमाडौंको फैसला मिलेकै देखिने ।

**जग्गा बिक्रीबाट प्राप्त आम्दानीः–** विभिन्न मितिमा जग्गा बिक्री गरी रू.६५,५००।- आम्दानी गरेकोमा उक्त आम्दानीलाई प्रतिवादी पुनरावेदकको आयमा समावेश गरेको विशेष अदालतको फैसला मिलेको देखिने ।

(घ) **कृषि आयः** कृषि आयतर्फ अत्यन्त न्यूनतम मूल्य कायम गरिएको अन्यायपूर्ण भएकोले ठोस आधारमा कृषि आय कायम हुनुपर्छ भन्ने विद्वान् कानून व्यवसायीहरूको बहस र पुनरावेदन जिकिर सन्दर्भमा विचार गर्दा खेतीयोग्य जमिन भएपछि त्यसमा आय हुने सबैले अनुमान गर्न सक्दछ । खेतीयोग्य जग्गाको सम्बन्धमा नेपाल सरकारले मिति २०३०।०६।०९ मा राजपत्रमा कुतको दरको आधारमा कृषि आय निर्धारण गरी आएको छ । उपर्युक्त राजपत्रको सूचनाअनुसार यस अदालतबाट सिद्धान्त प्रतिपादन भएको पाइन्छ । जसअनुसार तराईमा २०४० सालसम्म प्रतिबिगाह रू.१४,०००।- का दरले, २०४१ सालदेखि २०५० सालसम्म प्रतिबिगाह रू.१६,०००।– र २०५१ सालपछि प्रतिबिगाह रू.२०,०००।- का दरले कृषि आय गणना गरिने सिद्धान्त प्रतिपादन भएको पाइने ।

पुनरावेदक प्रतिवादीको सुनसरीतर्फको घर रहेको कि.नं.१२८ बाहेक गर्दा मधेशा र बनिया गा.वि.स. मा जग्गा मात्र ३–७–१७ भएको मिसिल संलग्न कागजातहरूबाट देखिन्छ । उक्त जग्गा सिंचाईको सुविधा भएको, तीन बाली लाग्ने जग्गा भएको भनी पुनरावेदन जिकिर र विद्वान् कानून व्यवसायीहरूको बहसमा उठाएको पाइन्छ । माथि उल्लिखित सिद्धान्तअनुसार २०३३ सालदेखि

२०४० सालसम्म ३–७–१७ जग्गाको प्रति बिगाह रू.१४,०००।– का दरले ८ वर्षको रू.३,७९,९६०।–, २०४१ देखि २०५० सम्म उक्त जग्गाको १० वर्षको रू.१६,०००।– का दरले रू.५,४२,८००।–, त्यस्तै उक्त जग्गाको २०५० साल देखि २०५९ सालसम्म ९ वर्षको रू.२०,०००।– का दरले रू.६,१०,९५०।– समेत जम्मा रू.१५,३३,७१०।– कृषि आय हुनेमा विशेष अदालत काठमाडौंले सुनसरीतर्फ रू.२,६१,७५८।०४ कायम गरेको मिलेको नदेखिने।

सिन्धुली जिल्लाको जग्गातर्फको ३–१५–६ मोही भएकोले आधा उब्जनी प्राप्त हुने भएको हुँदा १–१७–१६ कायम भई मोही नभएको २–०–० गरी जम्मा ३–१७–१६ को २०२८ सालदेखि २०३१ सालसम्म ४ वर्षको प्रतिबिगाह रू.१४,०००।– का दरले रू.२,१७,८४०।– कायम हुन्छ। त्यसतर्फ विशेष अदालतले रू.२७,०८९।२० कायम गरेको मिलेको नपाइने।

धनुषा जिल्लाको जग्गातर्फको ७–८–१३ जग्गाको २०२८ सालदेखि २०३२ सालसम्मको ५ वर्षको प्रतिबिगाह रू.१४,०००।– का दरले रू.५,२०,२७५।– कृषि आय कायम हुनेमा विशेष अदालतबाट रू.५१,१२८।११ कायम गरेको मिलेको नदेखिने।

पहाड खोटाङ जिल्लाको जग्गातर्फको खार्पा गा.वि.स., वडा नं. २ कि.नं.५२ को क्षे.फ.६–५–१–०, ऐ. कि.नं.२०८ को क्षे.फ.१–९–३–२, ऐ. कि.नं. २३१ को क्षे.फ.४–२–१–२ जग्गाहरू भएको देखिन्छ । त्यसमा पुनरावेदक प्रतिवादीले रू.१३,३३,०६३।– कृषि आय कायम गरिपाउँ भन्ने मागदाबी भएको पाइन्छ । यसमा विशेष अदालतबाट रू.३,२३,०२०।५२ लाई कृषि आय कायम गरेको देखिन्छ । पहाडको कृषि आय कायम गर्ने ठोस मापदण्ड पुनरावेदक प्रतिवादीबाट पेस हुन नसकेकोले विशेष अदालतले कायम गरेको कृषि आय रू.३,२३,०२०।५२ लाई नै कृषि आय कायम हुने।

मोरङ जिल्ला विराटनगरको कि.नं. १८४ र १९७ को ०–२–० जग्गामा २०४२ सालदेखि तरकारी खेती गरेको भनी रू.४,५०,०००।– को पुनरावेदक प्रतिवादीले आर्जन गरेको भन्ने दाबी छ। यसमा विशेष अदालतबाट कृषि आय प्रदान गरेको पाइँदैन। जग्गा भएपछि खेती अवश्य हुन्छ। सोको न्यायिक अनुमानको आधारमा २०४२ देखि २०५९ सालसम्म १७ वर्षको रू.१,००,०००।– कृषि आय कायम हुने।

काठमाडौं जिल्लाकै चपलीमा ४–०–०–० जग्गामा २०५८ सालदेखि २०६० सालसम्मको कृषि आय रू.३,००,०००।– पुनरावेदकले माग गरेकोमा विशेष अदालतबाट यसमा कृषि आय कायम गरेको देखिँदैन। जग्गा भएपछि उत्पादन हुन्छ भन्ने न्यायिक अनुमानको आधारमा उक्त जग्गामा रू.१,००,०००।– कृषि आय कायम हुन्छ । काठमाडौंको कपनको क्षे.फ.०–१२–०–० जग्गामा २०४० देखि २०६० सम्मको रू.४,२०,०००।– कृषि आय माग गरेकोमा विशेष अदालतले दिएको नदेखिएकोले न्यायिक अनुमानको आधारमा रू.५०,०००।– कृषि आय कायम हुने।

घरको अस्तित्व देखिएपछि घर भाडामा लगाउने र त्यसको आम्दानी हुने सर्वमान्य सिद्धान्त हो । प्रतिवादी पदमप्रसाद पोखरेलको काठमाडौं र सुनसरी इनरूवामा घर भएको विषयमा विवाद छैन। काठमाडौं सिनामंगलस्थित घर प्रतिवादी स्वयम्‌को प्रयोगका लागि आवश्यक पर्ने भएकाले काठमाडौंको घरमा आफू बस्ने र तराई सुनसरीको घर भाडामा लगाएको हुने अनुमान गर्न सकिन्छ। घर बहाल न्यायिक अनुमानको आधारमा निर्धारण गर्नुपर्ने देखिएकोले न्यायिक अनुमानका आधारमा सुनसरीतर्फ २०४९ देखि २०५८ सम्म रू.२,००,०००।– प्रतिवादी पदमप्रसाद पोखरेलको घर बहाल आय कायम हुने।

**सुन चाँदीः–** अभियोग पत्रको पृष्ठ १६ को प्रकरण नं. ३ मा २५ तोला सुन, १७५ तोला चाँदी पैतृक गरगहनाको मूल्य रू.२,५१,२५०।– वादीले नै कायम गरेको छ । सोलाई प्रतिवादीको आयमा समावेश हुनुपर्नेमा गरिएन भन्ने पुनरावेदन जिकिरतर्फ

हेर्दा स्वयम् वादीले नै पैतृक भनी अभियोगमा उल्लेख गरेको हुँदा उक्त सुन चाँदी पैतृक भएकोमा विवाद रहेन । पैतृक सुन चाँदी गरगहनाको मूल्यलाई प्रतिवादीको आयमा समावेश हुने ।

**दाइजो पेवाः–** २०२२ सालमा झुना पोखरेलसँग विवाह भएको हो। नेपाली समाजमा चलेको परम्पराअनुसार विवाह हुँदा र २०२२ सालदेखि २०६० सालसम्म ३८ वर्षको अन्तरालमा दाइजो, पेवा, दक्षिणाबापत रू.५,००,०००।– आयमा समावेश हुनुपर्ने भनी माग गरेकोमा रू.१,००,०००।– मात्र कायम गरेको मिलेन रू.५,००,०००।– नै प्रतिवादीको आयमा समावेश हुनुपर्छ भनी पुनरावेदक प्रतिवादीले पुनरावेदन जिकिर लिई माग गरेकोमा न्यायिक अनुमानको आधारमा रू.१,००,०००।– कायम गरेको विशेष अदालत काठमाडौंको फैसला मिलेकै देखिने।

**झुना पोखरेलको घरेलु इलमको आयः–** प्रतिवादी पदमप्रसाद पोखरेलको रावा इन्टरप्राइजेजमार्फत श्रीमती झुना पोखरेलले घरेलु इलम गरी जम्मा रू.६,६०,०००।– आम्दानी गरेकोले प्रतिवादीको आयमा समावेश हुनुपर्दछ भनी माग गरेकोमा घरेलु इलमको आय व्ययको हिसाब किताब राखेको र करसमेत तिरेको नदेखिएकोले त्यसतर्फ पुनरावेदन जिकिर पुग्न नसक्ने।

**गाडी भाडाः–** बा.२ च ८८९९ नं.को कार मासिक रू.२५,०००।– का दरले २०५८ साल चैत्र १५ देखि २०६० साल चैत्र मसान्त २ वर्ष १५ दिन भाडामा लगाएको मिसिल संलग्न मिति २०५८ चैत्रको सम्झौता पत्रबाट देखिन्छ । सो सम्झौता पत्रबमोजिम २ वर्ष १५ दिनको आय रू.६,१२,५००।– आयमा समावेश हुनु पर्दछ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर देखिँदा मिसिल संलग्न रहेको भाडाको सम्झौता पत्रसमेतको आधारमा कार भाडामा लगाई मासिक रूपमा नगद आर्जन गरेको देखिन्छ । नोकरीको अनिवार्य अवकाशपछि घर व्यवहार सञ्चालन गर्न आवश्यक महसुस गरी आफ्नो निजी कार कसैलाई भाडामा दिई रकम आर्जन गर्नु कानूनअनुसारकै कार्य हुँदा यसलाई अन्यथा भन्न मिलेन । आफ्नो निजी कार भाडामा दिई प्राप्त भएको उक्त रकम प्रतिवादीको आयमा समावेश गर्न मिल्ने नै हुँदा प्रतिवादीको आयमा समावेश हुने।

**सापटी रकमः–** सापटी दिए लिएको रकमको सम्बन्धमा अदालतमा आई सापटी दिनेले बकपत्र गर्दछ भने त्यसलाई मानी आयमा गणना गर्नु न्यायोचित देखिन्छ भनी यस अदालतको संयुक्त इजलासबाट ने.का.प.२०७२ अङ्क ९ नि.नं.९४६१ पृष्ठ १५५५ प्रकरण (६२) र (६३) मा सिद्धान्त प्रतिपादन भएको पाइयो। प्रतिवादीले बयानमा उल्लेख गरिएको नरनाथ पोखरेल र चन्द्रमणी पोखरेलले विशेष अदालतमा आई बकपत्र गर्दा गाडी खरिद गर्न हामीले ३।३ लाख प्रतिवादीलाई सापटी दिएको भन्ने बेहोरा उल्लेख गरी बकपत्र गरेको पाइन्छ । रू.६,००,०००।– सापटी लिएको रकमलाई उक्त नजिरका आधारमा समेत पदमप्रसाद पोखरेलको आयमा समावेश हुनुपर्ने भन्ने पुनरावेदन जिकिर रहेको देखिन्छ। प्रमाणको अभावमा घरसारको सापटी रकमलाई प्रतिवादीको आयमा समावेश गर्न नमिल्ने।

**सञ्चयकोष सापटीः-** प्रतिवादी पदमप्रसाद पोखरेलले कर्मचारी सञ्चयकोष सापटी रू.१,५१,०००।- लाई विशेष अदालतले प्रतिवादीको आयमा समावेश गरेकोलाई मुख मिलेकै हुँदा केही बोलिरहनु नपर्ने।

**(ठ) टिकाटालोबापतः–** परिवारका सदस्यले टिकाटालो धार्मिक कार्यमा पाएको दक्षिणाबापतको रकम रू.३,००,०००।– प्रतिवादीको आयमा समावेश हुनुपर्ने हो भन्ने पुनरावेदन जिकिर रहेकोले त्यसतर्फ विचार गर्दा हिन्दु धार्मिक संस्कारअनुसार छोरी चेलीबेटीले विवाह, व्रतबन्ध, दशैं तिहार आदि शुभकार्यलगायत धार्मिक कार्य गर्दा माइती मावली आदितर्फबाट टिको टालोबापत रकम प्राप्त गर्न सक्ने नै हुँदा न्यायिक अनुमानको आधारमा टिको टालोबापत रकमको निर्धारण गर्नुपर्ने भएकोले रू.१,००,०००।– टिको टालोबापतको रकम प्राप्त गरेको मानी उक्त रकम

पुनरावेदक प्रतिवादीको आयमा समावेश हुने।

माथि विश्लेषण गरेअनुसार निम्नबमोजिम पुनरावेदक प्रतिवादी पदमप्रसाद पोखरेलको आय कायम हुन्छ।

| क्र. सं. | विवरण | रकम |
|---|---|---|
| १. | शिक्षक पदमा रहँदाको तलब भत्ता | रू.२७,२२५।– |
| २. | ट्युसनबापत | रू.३०,०००।– |
| ३. | नेपाल सरकारमा रही आर्जन गरेको तलब भत्ता | रू.१५,११,३५३।– |
| ४. | लोक सेवामा रहँदा | रू.१०,०००।– |
| ५. | एकाघर छोरीको आयबापत | रू.५५,५५७।– |
| ६. | एक जिल्लाबाट अर्को जिल्लामा सरुवा भई जाँदाको भ्रमण भत्ता | रू.२४,५००।– |
| ७. | दशैं खर्च | रू.८२,१००।– |
| ८. | बिदाबापतको रकम | रू.१५,०००।– |
| ९. | भन्सार कमिसन | रू.११,०००।– |
| १०. | २०४८ सालको प्रतिनिधि सभाको चुनावमा खटिंदा | रू.१०,०००।– |
| ११. | २०४९ सालको चुनामा खटिँदा | रू.१५,०००।– |
| १२. | २०३८ सालदेखि २०४४ सालसम्म जिल्ला विकासको योजना, अनुगमन तथा निरीक्षण गर्दा जिल्ला भ्रमण गरेबापत भ्रमण भत्ता | रू.१,००,०००।– |
| १३. | २०४४ सालदेखि २०४५ सालसम्म कर्णाली भेरी एकीकृत विकास परियोजनाको को–अर्डिनेटर भई निरीक्षण गर्न जाँदाको भ्रमण भत्ता | रू.२०,०००।– |
| १४. | २०४५ सालदेखि २०४९ सालसम्म प्र.जि.अ. हुँदा बैठकबापतको भत्ता | रू.५०,०००।– |
| १५. | प्र.जि.अ. हुँदाको भ्रमण भत्ता | रू.४०,०००।– |
| १६. | निवृत्तिभरणबापत | रू.२,३०,०४८।– |
| १७. | अनिवार्य अवकाश हुँदाका बखत प्राप्त रकम | रू.३,५२,३४५।– |
| १८. | वैदेशिक भ्रमणतर्फ | रू.३,००,०००।– |
| १९. | जग्गा बिक्रीबाट | रू.६५,५००।– |
| २०. | कृषि आय<br>• सुनसरी<br>• सिन्धुली<br>• धनुषा<br>• पहाड खोटाङ<br>• विराटनगर<br>• चपली, काठमाडौं<br>• कपन, काठमाडौं | <br>रू.१५,३३,७१०।–<br>रू.२,१७,८४०।–<br>रू.५,२०,२७५।–<br>रू.३,२३,०२०।५२<br>रू.१,००,०००।–<br>रू.१,००,०००।–<br>रू.५०,०००।– |
| २१. | घर भाडा | रू.२,००,०००।– |
| २२. | सुन चाँदी बिक्रीबाट | रू.२,५१,२५०।– |
| २३ | दाइजो पेवा | रू.१,००,०००।– |

| | | |
|---|---|---|
| २४. | गाडी भाडाबापत | रू.६,१२,५००।– |
| २५ | सञ्चयकोष सापटी | रू.१,५१,०००। |
| २५. | टिको टालोबापत | रू.१,००,०००।– |
| **जम्मा** | | **रू.७२,०९,२२३।५२** |

प्रतिवादी पुनरावेदक पदमप्रसाद पोखरेल वि.सं. २०२७ साल श्रावणदेखि वि.सं. २०३२ साल असारसम्म शिक्षक पेसामा रही आय आर्जन गरेको देखिन्छ भने वि.सं. २०३२ श्रावणदेखि नेपाल सरकारको शाखा अधिकृतमा लोक सेवामार्फत प्रवेश गरी उपसचिव, सहसचिव र सचिवसम्मको पदमा बहाल रही सो पदबाट २०५७।१२।१ देखि अनिवार्य अवकाश भएको देखिने।

यसरी सेवा अवधिमा रहँदा २०३९।०८।०४ मा काठमाडौं जिल्ला, कपनमा रू.१५,०००।– मा ०–१५–० जग्गा खरिद गरेको पाइन्छ भने मिति २०४१।०६।२४ मा मोरङ जिल्ला, बखरीमा रू.१४,०००।– मा ०–२–० जग्गा खरिद गरेको पाइन्छ । त्यस्तै २०४६।१।९ मा काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं.९ मा ०–८–० जग्गा रू.५३,५००।– मा खरिद गरेको देखिन्छ । साथै २०५१।१२।२१ मा भक्तपुरको दिव्यश्वरीमा १–४–० जग्गा रू.२,४९,४००।– मा खरिद गरेको पाइन्छ। का.म.न.पा., वडा नं. ९ मा क्षे.फ.०–४–० जग्गा २०५३।२।३ मा रू.१,३०,१००।– मा खरिद गर्नुको साथै काठमाडौंकै वडा नं. ९ मा २०५६।११।११ मा रू.६०,०००।– मा क्षे.फ.०–१–१–० जग्गा खरिद गरेको पाइने।

अनिवार्य अवकाश भएपछि पदमप्रसाद पोखरेलले मिति २०५७।१२।६ मा रू.९२,०००।-मिति २०५८।१०।१४ र १७ मा जम्मा रू.४,००,०००।– र मिति २०५९।३।७ मा रू.१,०८,०००।– गरी जम्मा रू.६,००,०००।– को जग्गा खरिद गरेको देखिन्छ । सरकारी जागिरमा बहाल रहँदा विभिन्न मितिमा रू.५,३२,०००।– र अवकाशपछि रू.६,००,०००।– गरी रू.११,३२,०००।– को जग्गा खरिद गरेको देखियो। वि.सं. २०२७ सालदेखि २०५८।१२।०१ सम्म ३१ वर्ष सेवा गर्नु भएको प्रतिवादी पदमप्रसाद पोखरेलले निजले प्राप्त गर्ने तलब भत्ताको बचत रकमबाटै उक्त सम्पत्ति खरिद गर्न सक्ने देखिन आयो। अनिवार्य अवकाश हुँदाका बखत बिदालगायत विभिन्न सुविधाबापत रू.३,३२,४६०।– रकमप्राप्त भएको मिसिलमा उल्लिखित पत्रबाट देखिन्छ। साथै मासिक रूपमा रू.७,१८९।– का दरले निवृत्तिभरणको रकम प्राप्त गरेको पाइन्छ। अवकाशपछि गाडी भाडामा लगाई त्यसबाट पनि रकम प्राप्त भएको मिसिलबाट देखिन्छ। पटकपटक गरी जग्गा खरिद गरेको देखिएकोले खरिद गर्दाको अवस्थामा स्रोत स्वाभाविक रहे भएको पुष्टि हुने। पुनरावेदक प्रतिवादी पदमप्रसाद पोखरेलको माथि उल्लिखित कि.नं.२१४, २१५, ३६८ र ३६९ का जग्गामा जम्मा मूल्य रू.१८,७२,००६।६० पर्ने अढाई तल्ले घर, सर्भेन्ट क्वाटर र ग्यारेजसहित रहेको पाइन्छ। प्रतिवादी पदमप्रसाद पोखरेल शाखा अधिकृबाट निजामती सेवामा प्रवेश गरी आफ्नो बुद्धि, योग्यता र क्षमताले बढुवा हुँदै विशिष्ट सेवा (सचिव) स्तरको कर्मचारीको हैसियतबाट अनिवार्य अवकाश भएको देखिन्छ । जीवन निर्वाहको लागि विशिष्ट श्रेणी (सचिव) स्तरको कर्मचारीको काठमाडौंमा रू.१८,७२,००६ मूल्यको सर्भेन्ट क्वाटरसहित ग्यारेज रहेको एउटा घर, रू.११,३२,०००।- मूल्यको जग्गा र रू.६,१७,२११ मूल्यको एक कार हुनु स्वाभाविक हो। माथि उल्लिखित आयअनुसार अस्वाभाविक र अमिल्दो सम्पत्ति भन्न मिल्दैन । पहिलो एक तल्लाको घर मूल्य रू.५,४६,३५५।- को स्रोत पुगेको भनी अभियोगपत्रमा नै उल्लेख भएको पाइन्छ । सो घरको बाँकी रू.१३,२५,६५१।– मा स्रोत पुगेन भन्ने वादी दाबी मिलेको देखिएन। प्रतिवादी पदमप्रसाद पोखरेलको माथि उल्लिखित आयअनुसार सम्पत्तिमा स्रोत पुगेको देखिने।

पुनरावेदक प्रतिवादी पदमप्रसाद पोखरेलले जाँच अवधि (२०२७ देखि २०६० मंसिर) सम्म

जम्मा रू.७०,७७,६९४।– मूल्य बराबरको चल अचल सम्पत्ति संग्रह गरेको पाइन्छ । उक्त अवधिमा पुनरावेदक प्रतिवादीबाट जम्मा रू.७२,०९,२२३।५२ वैध मौद्रिक आय आर्जन गरेको देखिन आएको छ । पुनरावेदक प्रतिवादी पदमप्रसाद पोखरेलको सम्पत्तिको स्रोत वैध रहेको पुष्टि हुन आएको छ । पुनरावेदक प्रतिवादी पदमप्रसाद पोखरेलले वैध आय स्रोतका अनुपातमा अमल्दिो र अस्वाभाविक आय आर्जन गरेको हो भन्ने वादी दाबी मिसिल संलग्न प्रमाणहरूको मूल्याङ्कनबाट पुष्टि हुन आएन । दाबी लिएको सम्पत्तिको वैधानिक स्रोत बिगोभन्दा बढी देखिन आई वैध आय स्रोतको अनुपातमा पुनरावेदक प्रतिवादीको अमिल्दो र अस्वाभाविक सम्पत्ति आर्जन गरेको नदेखिँदा पुनरावेदक प्रतिवादी पदमप्रसाद पोखरेलले वादी दाबीको कसुर गरेको ठहऱ्याई विशेष अदालत काठमाडौंबाट मिति २०६९।६।१८ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ।

इजलास अधिकृतः जगदीशप्रसाद भट्ट

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७५ साल भदौ २८ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-CR-०८६७, वैदेशिक रोजगार, *नेपाल सरकार वि. रंगकुमार न्यौपाने*

सुरू वैदेशिक रोजगार न्यायाधिकरणबाट जारी भएको म्यादमा प्रतिवादी उपस्थित भई आफू विरूद्ध लागेको आरोपको खण्डन गरी बयान गर्न र सोको सबुद प्रमाण गुजार्न सकेको पाइँदैन । तर निज प्रतिवादीले अनुसन्धानको क्रममा गरेको बयान हेर्दा जाहेरी साथ पेस गरेको कागज आफूले गरी दिएको र जाहेरवालासँग रू.१२,००,०००।- लाख लिई रू.१६,५०,०००।- को कागज गरी दिएको तथ्यलाई स्वीकारै गरेको देखिए पनि उक्त रकम अमेरिका पठाई दिन नभई व्यापारका लागि लिएको भन्ने जिकिर लिएको पाइयो । जाहेरवाला दीर्घराज निरौलाले जाहेरीसाथ पेस गरेको मिति २०६७।१।६ को भनिएको उक्त कागजको बेहोरा हेर्दा अमेरिकामा रोजगारीको लागि पठाई दिने भनी रू.१६,५०,०००।- प्रतिवादीले बुझिलिएको भन्ने देखिन आउँछ । तर न्यायाधिकरणबाट अ.बं. ११५ नं. बमोजिम म्याद जारी हुँदा पनि जाहेरवाला बकपत्रको लागि उपस्थित भएको देखिएन । त्यस्तै जाहेरीसाथ पेस गरिएको उक्त फोटोकपी लिखतको सक्कल पनि पेस भएको नदेखिने ।

यसप्रकार जाहेरवालालगायत मौकामा बुझिएका कुनै पनि साक्षी प्रमाण बादी पक्षले पेस गरी अभियोग दाबी पुष्टि गर्न सकेको देखिँदैन । त्यस्तै प्रतिवादीले गरी दिएको भनिएको सक्कल लिखतसमेत पेस हुन सकेको पाइँदैन । प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम वादी पक्षलाई आफ्नो अभियोग दाबी पुष्टि गर्नुपर्ने दायित्व रहन्छ । प्रतिवादी म्यादमा हाजिर हुन नआएको भन्दैमा प्रमाणबाट समर्थित हुन नआएको अभियोग दाबीबाट प्रतिवादीलाई सजाय गर्न न्यायोचित नहुने ।

तसर्थ वादी पक्षले अभियोग दाबी पुष्टि गर्न नसकेको भन्नेसमेतका आधारमा अभियोग दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंको मिति २०७०।१।२४ को फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर: देविना खतिवडा

इति संवत् २०७४ साल माघ १७ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-CR-११५८, ज्यान मार्ने उद्योग तथा डाँका, *नेपाल सरकार वि. सुशिलकुमार सिंह*

मिसिल संलग्न कागजातबाट मिति २०६७।११।२२ का दिन वारदात भएको भन्ने देखिएको र सोही दिन खडा भएको बरामदी तथा घटनास्थल मुचुल्का हेर्दा प्रतिवादी अविनाश भन्ने सुशिलकुमार सिंहले जाहेरवालाको छोरा गणेश

सर्राफ सोनारलाई पाउजु मर्मत गरेबापतको ज्यालामा विवाद हुँदा प्रतिवादीले निज गणेश सर्राफ सोनारलाई जोखिमी हतियार बन्चरोले प्रहार गरेको भन्ने देखिन्छ। घटनास्थल भनिएको प्रतिवादीको पसलमा सुनचाँदीका गहना बनाउने औजार, सुनचाँदीका गहनाका टुक्रा यत्र तत्र छरिई अस्वाभाविक रूपमा रहेको र हतियार बन्चरो बरामद भएको भन्ने देखिन्छ। उक्त मुचुल्कामा कहीँकतै धनमाल डाँका गरी लगेको भन्ने र ६ जनाको समूहले भई डाँका गरेको भन्ने देखिँदैन। तर वारदात भएको भोलिपल्ट अर्थात् मिति २०६७।११।२२ का दिन दिइएको जाहेरीमा मात्र प्रतिवादी सुशिलकुमार सिंहसमेत ६ जनाको समूह आई बन्चरो प्रहार गरी धनमालसमेत डाँका गरी लगेको भनी जाहेरी दिएको देखिन्छ। प्रतिवादीले आफूले हतियार प्रहार गरेको कुरामा मौकामा साबित भई बयान गरे पनि ६ जनाको समूह भई आई धनमाल डाँका चोरी गरेकोमा मौकामा र अदालतमा समेत इन्कार रही बयान गरेको पाइन्छ। मौकामा यी प्रतिवादीबाट जाहेरीमा उल्लिखित चोरी भयो भनिएको कुनै धनमाल बरामद हुन सकेको नदेखिने।

वस्तुस्थिति मुचुल्काका मानिसहरूले लेखाएको बेहोरामा नै अन्तरविरोध देखिन्छ। मौकामा घटना विवरणको कागज गर्ने प्र.ना.नि. राजेन्द्र खड्कासमेतले धनमाल लगेको होइन भनी लेखाएको पाइन्छ। मौकामा एकजना प्रतिवादी सुशिलकुमार सिंह मात्र पक्राउ भएकोमा अन्य व्यक्तिहरू पक्राउ पर्न नसक्नुको साथै पक्राउ परेका व्यक्ति प्रतिवादी सुशिलकुमार सिंहबाट कुनै धनमाल बरामद भएको देखिँदैन। वारदातकै दिन मौकामा भएको घटनास्थल मुचुल्कामा डाँका भएको भन्ने कुरा उल्लेख नभएबाट जाहेरीमा डाँकासमेत भएको भन्ने जाहेरी बेहोरा मिसिल संलग्न अन्य विश्वसनीय र स्वतन्त्र प्रमाणबाट समर्थित हुन सकेको देखिँदैन। यसरी नगद र जुनजुन धनमाल डाँका चोरी भएको भनिएको छ; सो नगद र धनमालको कुनै अंश पनि बरामद हुन नसकेको तथा दशी नरहेको नभएको अवस्थामा डाँकाजस्तो गम्भीर अपराधमा कसुरदार ठहर गर्न न्यायोचित हुने नदेखिँदा डाँका चोरीतर्फ पनि यी प्रतिवादीलाई सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ उल्लिखित विवेचित आधार प्रमाणबाट प्रतिवादी अविनाश चौधरी भन्ने सुशिलकुमार सिंहलाई ज्यान मार्ने उद्योगलाई कुटपिटमा परिणत गरी डाँका चोरीतर्फ सफाइ पाउने ठहर गरेको सुरू पर्सा जिल्ला अदालतको फैसलालाई पुनरावेदन अदालत हेटौंडाले केही उल्टी गरी निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १५ नं. बमोजिम ज्यान मार्ने उद्योगतर्फको कसुरदार ठहऱ्याई ५(पाँच) वर्ष कैद हुने र जाहेरीमा उल्लिखित धनमाल बरामद नभई धनमाल डाँका गरी लगेको कुरा पुष्टि हुन नसकेकोले मुलुकी ऐन, चोरीको महलको १ र ६ नं. को कसुर कायम नहुने ठहऱ्याई प्रतिवादी अविनाश चौधरी भन्ने सुशिलकुमार सिंहलाई चोरीको महलको १२ र १४(४) नं. बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग माग दाबीबाट सफाइ दिने गरी सुरू पर्सा जिल्ला अदालतबाट मिति २०६९।२।२३ मा भएको फैसलालाई सदर हुने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७०।५।४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल माघ १७ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-CR-०६५०, वैदेशिक रोजगार कसुर, *कल्याणप्रसाद अर्याल वि. नेपाल सरकार*

प्रतिवादी कल्याणप्रसाद अर्यालले जाहेरवालालाई गरिदिएको मिति २०६५।६।८ को लिखत बेहोरामा यी जाहेरवालालाई सिङ्गापुर पठाई काममा लगाई दिने भनी १ वर्ष ६ महिना पहिले जाहेरवालाबाट वैदेशिक रोजगारमा पठाउन नसकेकोले २ महिनाभित्र ब्याजसहित फिर्ता बुझाउने सर्त राखी

कागज भएको देखियो। उक्त लिखतउपर यी प्रतिवादीले जाहेरवालाउपर काठमाडौं जिल्ला अदालतमा करकाप मुद्दा दिएको देखिए पनि उक्त लिखत सद्दे साँचो बेहोराबाट भए गरेको देखिँदा वादी दाबी पुग्न सक्दैन भनी काठमाडौं जिल्ला अदालतबाट मिति २०६६।११।२५ मा फैसला भएको मिसिल संलग्न फैसलाको प्रमाणित प्रतिलिपिबाट देखिन्छ। प्रतिवादीले सुरू अधिकारप्राप्त अधिकारी र अदालतमा आरोपित कसुर गरेउपर इन्कारी बयान गरे पनि उक्त इन्कारी बयानलाई प्रमाण ऐन, २०३१ को दफा २७ बमोजिम मिसिल संलग्न कागजातबाट पुष्टि गर्न सकेको देखिन आएन । प्रतिवादीउपर जाहेरवालाको किटानी जाहेरी परेको, उक्त जाहेरीलाई समर्थन गरी जाहेरवालाको बकपत्र भएको र प्रतिवादीले जाहेरवालालाई गरी दिएको लिखत सद्दे साँचो बेहोराबाट भए गरेको भनी फैसलासमेत भएको सन्दर्भमा उक्त जाहेरी बेहोरा उक्त लिखतबाट समर्थित भएको देखिँदा प्रतिवादीले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुर अपराध गरेकै मान्नुपर्ने देखियो। तसर्थ प्रतिवादी कल्याणप्रसाद अर्याललाई ऐ. ऐनको ऐ. दफा ४३ बमोजिम १ वर्ष ६ महिना कैद र रू. १,५०,०००।– (एक लाख पचास हजार) जरिवाना र अभियोग मागबमोजिम बिगो र हर्जानासमेत जाहेरवालाले पुनरावेदक प्रतिवादीबाट भराई पाउने ठहऱ्याई भएको वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंबाट भएको फैसला अन्यथा नदेखिने।

तसर्थ विवेचित आधार प्रमाणबाट प्रतिवादी कल्याणप्रसाद अर्याललाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुर अपराधमा ऐ. ऐनको ऐ. दफा ४३ बमोजिम प्रतिवादीलाई १ वर्ष ६ महिना कैद र रू.१,५०,०००।– (एक लाख पचास हजार) जरिवाना र जाहेरवालाबाट पुनरावेदक प्रतिवादीले लिएको बिगो रू.३,७८,०००।– र सोको पचास प्रतिशतले हुने हर्जाना रकमसमेत यी पुनरावेदक प्रतिवादीबाट जाहेरवालाले भराई पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंबाट मिति २०६८।७।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः महेन्द्रप्रसाद भट्टराई
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७४ साल माघ १७ गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CI-०४०४, राजीनामा लिखत बदरसमेत, *सुनिता गुरूङ वि. हर्कबहादुर वि.क. समेत*

यसमा दाबीको कि. नं. २८४ को जग्गा वादीका पति / पिता रनबहादुर कामीले आफ्नो माइली आमा सिरमती कामीबाट मिति २०४७।१२।२० मा हालैको बकसपत्रमार्फत प्राप्त गरेको भन्ने तथ्यमा विवाद भएको पाइँदैन। सोही जग्गा निज रनबहादुरले मिति २०६६।१२।३१ मा पुनरावेदक प्रतिवादी सुनिता गुरूङसमेतलाई राजीनामा पारित गरी दिएको देखिन्छ । प्रतिवादी रनबहादुर वादीहरूका पति र पिता हुन् भन्ने तथ्यमा समेत दुवै पक्षको मुख मिलेकै देखिएको छ वादीको पति पिता रनबहादुर कामीले मिति ०६६।१२।३१ मा यी पुनरावेदिका प्रतिवादी सुनिता गुरूङलाई कि.नं. २८४ को जग्गा राजीनामा गर्दा वादीहरूको मन्जुरी लिएको देखिँदैन। प्रतिवादी रनबहादुरले उक्त जग्गा प्राप्त गर्दा र राजीनामा गर्दाका दुवै अवस्थामा बादी र निज प्रतिवादी एकासगोलमा नै रहेको भन्ने प्रमाणमा आएको कास्की जिल्ला अदालतबाट मिति २०६८।९।२७ मा फैसला भएको ०६७-CP-०१२८ को अंश नामसारी मुद्दाको सुरू मिसिलबाट देखिन्छ । उक्त मुद्दामा प्रस्तुत मुद्दाका वादीहरूले नै प्रतिवादी रनबहादुर कामीसमेतलाई प्रतिवादी बनाई मुद्दा दायर गरेको र फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी ६ भागको ३ भाग अंश वादीहरूले पाउने ठहरी फैसला भएको देखिने।

पति / पिताको आर्जन श्रीमती र छोराछोरीहरूका निमित्त पैतृक नै मान्नुपर्ने

देखियो। प्रस्तुत मुद्दामा वादीको पति पिता रनबहादुरले मिति २०६६।१२।३१ मा यी पुनरावेदिका प्रतिवादी सुनिता गुरूङलाई राजीनामा गरेको कि.नं. २८४ को जग्गामा वादीहरूको हक लाग्ने देखिएको र सो सम्पत्ति राजीनामा गरी हक हस्तान्तरण गर्दा वादीहरूको मन्जुरी लिएको देखिँदैन। वादीहरूको मन्जुरी नलिई राजीनामा गरेको देखिँदा वादी दाबीबमोजिम ६ भागको ३ भाग राजीनामा लिखत बदर हुने नै देखियो। उपर्युक्त तथ्य तथा उल्लिखित प्रतिपादित सिद्धान्तको सन्दर्भमा पुनरावेदन अदालत पोखराले गरेको फैसला अन्यथा भन्न नमिल्ने।

अतः वादी दाबी नपुग्ने ठहऱ्याएको सुरू कास्की जिल्ला अदालतको फैसला बदर गरी वादीहरूको मन्जुरी लिएको नदेखिएको अवस्थामा दाबीको मिति २०६६।१२।३१ को पारित राजीनामाको ६ भागको ३ भाग लिखत र दर्ता बदर गरी वादीहरूका नाममा दर्ता हुने ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत पोखराको मिति २०७१।१।१७ को फैसला मनासिब देखिएकोले सदर हुने।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७४ साल पुस १७ गते रोज २ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७०-CR-१५९०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. हसिव मियासमेत*

प्रतिवादीहरू मौकामा अधिकारप्राप्त अधिकारी र अदालतमा समेत कसुरप्रति पूर्णत: इन्कार रहेका र एक अर्काले एक अर्कालाई वारदात र कसुरमा पोलसमेत नगरेको अवस्थामा चश्मदिद व्यक्ति एवम् साक्षीहरूको अभावमा सामान्यत: मृतकका परिवार एवम् जाहेरवाला र मौकामा कागज गर्ने व्यक्तिहरूले घटना, अवस्था र परिस्थितिलाई खुलाएर शङ्का र अनुमानमा आधारित रहेर व्यक्त गरेको भनाइलाई प्रत्यक्ष, चश्मदिद, वस्तुगत एवम् स्वतन्त्र रूपमा भौतिक प्रमाणहरूले वारदातको पृष्ठभूमिको परिस्थितिजन्य अवस्थालाई मालाकार कडीको रूपमा जोडेर प्रतिवादीहरूको अपराधसँग सम्बन्धन रहेको भनी पुष्टि नगरेको र नभएसम्म केबल शङ्का र अनुमान गरी वारदातअघिको मृतक र प्रतिवादीहरूबिचको व्यवहार र क्रियाकलापको विषयलाई घटनासँग जोडेर व्यक्त गरेको भनाइलाई मात्र कसुर स्थापित गरी कसुरदार कायम गर्ने पर्याप्त आधार प्रमाणको रूपमा लिन नहुने।

प्रस्तुत मुद्दामा वादी नेपाल सरकारतर्फबाट यी प्रतिवादीले जाहेरवालीको पति मृतक नुर महमद मियालाई कर्तव्य गरी मारी आरोपित कसुर गरेका हुन् भनी तथ्ययुक्त प्रमाण पेस गरी पुष्टि गर्न सकेको नदेखिँदा प्रमाण ऐन, २०३१ को दफा २५ मा भएको कानूनी व्यवस्था र सर्वोच्च अदालतबाट प्रतिपादित उपर्युक्त सिद्धान्तबमोजिमसमेत यी प्रतिवादीहरूले जाहेरवालीको पति नुर महमद मियालाई कर्तव्य गरी मारेका हुन् भनी ठहर गर्न मिल्ने नदेखिँदा यी प्रतिवादीहरूलाई अभियोग माग दाबीबमोजिम सजाय गरिपाऊँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: प्रतिवादीहरू तमिजो मिया तथा हसिब मियाले अभियोग दाबीको कसुर गरेको ठहऱ्याई निजहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जनही जन्मकैदको सजाय हुने ठहर गरेको झापा जिल्ला अदालतको मिति २०६७।१०।२४ को फैसला उल्टी गरी प्रतिवादीहरू तमिजो मिया तथा हसिब मियाले अभियोग दाबीबाट सफाइ पाउने र प्रतिवादी मंगल मियाले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याएको झापा जिल्ला अदालतको मिति २०७०।३।२ को फैसला सदर हुने।

इजलास अधिकृत: अरूणकुमार कोइराला

इति संवत् २०७५ साल असार ६ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-CR-०१५९, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. पदमबहादुर दमाई (नेपाली)*

सरकारवादी फौजदारी मुद्दामा जाहेरवालासहितको प्रहरीमा कागज गर्ने व्यक्तिले अदालतमा बकपत्र गर्दा Hostile भएको अवस्थामा समेत मिसिल संलग्न अन्य प्रमाणहरूसमेतको मूल्याङ्कन गरी निष्कर्षमा पुग्नुपर्ने हुन्छ । यी प्रतिवादी पदमबहादुर नेपाली र जाहेरवाला पीडित गंगा नेपाली पति पत्नी भई यी प्रतिवादीले आफ्नै पत्नी जाहेरवालालाई मार्नुपर्नेसम्मको कुनै रिसइवीसमेत देखिँदैन भने यी प्रतिवादीले जाहेरवालालाई मार्न पूर्वयोजना बनाएकोसमेत देखिँदैन। अघिल्लो दिन मेला हेर्न गएको पत्नी जाहेरवाला भोलिपल्ट बेलुकी मात्र घर आएको भन्ने विषयमा प्रतिवादी पति र जाहेरवाला पत्नीबिच वादविवाद तथा झै-झगडा भई तत्काल उठेको रिसको कारण उक्त घटना भएको देखिने।

प्रतिवादी र पीडित जाहेरवालाबाहेक उक्त घटना प्रत्यक्ष देख्ने, सुन्ने प्रत्यक्षदर्शी कोही भएको नदेखिएको र उक्त घटनाको प्रत्यक्षदर्शी प्रतिवादीले अदालतमा बयान गर्दा मैले जाहेरवालालाई डिजेल खनाई आगो लगाएको होइन, वादविवाद भई रिसको आवेगमा आई निज आफैँले डिजेल खनाई आगो लगाएको हो भनी कसुरमा इन्कार रही गरेको बयानलाई जाहेरवाला पीडितले अदालतमा समर्थन हुने गरी बकपत्र गरेको र यी प्रतिवादीले नै जाहेरवाला पीडितलाई डिजेल खनाई आगो लगाई मार्ने प्रयास गरेका हुन् भनी पुष्टि हुने खालका तथ्य कुनै प्रमाण वादी पक्षबाट पेस गर्न सकेको मिसिल संलग्न कागजातबाट नदेखिने।

प्रमाण ऐन, २०३१ को दफा २५ ले फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादी पक्षको हुने व्यवस्था गरेको छ भने फौजदारी मुद्दामा शङ्काको सुविधासमेत प्रतिवादीले नै पाउने हुन्छ । अभियुक्तउपरको कसुर शङ्कारहित तवरबाट पुष्टि नभएसम्म कसुरदार ठहर गर्न मिल्दैन । प्रस्तुत मुद्दामा यी प्रतिवादीले आरोपित कसुर गरेका हुन् भन्ने अभियोग दाबी वादी नेपाल सरकारका तर्फबाट तथ्ययुक्त प्रमाण पेस गरी पुष्टि गर्न सकेको नदेखिँदा यी प्रतिवादीलाई अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: प्रतिवादी पदमबहादुर दमाई (नेपाली) लाई ज्यान मार्ने उद्योगको कसुर गरेकोमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम ५ (पाँच) वर्ष कैद हुने ठहर गरी कैलाली जिल्ला अदालतबाट मिति २०७१।७।१७ मा भएको फैसला उल्टी गरी प्रतिवादीले अभियोग मागदाबीबाट सफाइ पाउने ठहऱ्याई पुनरावेदन अदालत दिपायलबाट भएको मिति २०७१।१२।२४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: अरूणकुमार कोइराला

कम्प्युटर: हर्कमाया राई

इति संवत् २०७५ साल असार ६ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-CR-०४२२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. भगवतीकुमारी वि.क.*

प्रतिवादी भगु भन्ने भगवतीकुमारी वि.क.ले अधिकारप्राप्त अधिकारी र अदालतमा बयान गर्दासमेत शिशु मृत अवस्थामा जन्मेकोले शिशुलाई त्यही झाडीमा फालेको हुँ भनी आफूले शिशुलाई मारेकोमा पूर्ण रूपमा इन्कार रही बयान गरेको, जाहेरवालासहितका मौकामा घटना विवरण कागज र वस्तुस्थिति मुचुल्कामा सही गर्ने व्यक्तिहरु कोही पनि उक्त घटना प्रत्यक्ष देख्ने चश्मदिद गवाह नभएको र जाहेरवालासहितका मौकामा कागज गर्ने राम कामीसमेतका व्यक्तिहरूले अदालतमा उपस्थित भई बकपत्र गर्दा घटनाबारे आफूहरूलाई केही जानकारी नभएको भनी लेखाई दिएको, शव परीक्षण प्रतिवेदनले समेत शिशु जिउँदै जन्माई घाँटी थिचेको कारण निजको मृत्यु भएको हो भनी यकिनसाथ भन्न

सकेको नदेखिँदा यी प्रतिवादीले जिउँदो शिशुलाई जन्म दिई निजले जिउँदो शिशुको हत्या गरी झाडीमा फालेको भन्ने वादी दाबी प्रमाणित हुन सकेको देखिन नआउने।

अत: प्रतिवादी भगु भन्ने भगवतीकुमारी वि.क. लाई अभियोग मागबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याई बझाङ जिल्ला अदालतबाट मिति २०७१।३।१६ मा भएको फैसला उल्टी गरी निजले अभियोग माग दाबीबाट सफाइ पाउने ठहर्‍याई पुनरावेदन अदालत दिपायलले मिति २०७२।१।२० मा गरेको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: अरूणकुमार कोइराला

कम्प्युटर: हर्कमाया राई

इति संवत् २०७५ साल असार ६ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७४-CR-०३८३, ०७४-CR-०४१२, ०७४-CR-०५५८, ०७४-CR-०८३१, कर्तव्य ज्यान, *पवन नायक वि. नेपाल सरकार, धर्मेन्द्र साह वि. नेपाल सरकार, सुनील मण्डल वि. नेपाल सरकार र सिकिन्दर मुखिया वि. नेपाल सरकार*

प्रस्तुत मुद्दाको मिसिलबाट यी पुनरावेदकहरूलाई तत्काल एकैसाथ रिस उठी उक्त रिस थाम्न नसकी आवेशमा आई आत्मनियन्त्रण गुमाउनु पर्ने गरी मृतकबाट कुनै कार्य भए गरेको देखिँदैन । मृतक पक्ष र प्रतिवादीहरूबिच सामान्य विवाद भएको २ घण्टापछाडि मृतकले मेरो छोरा प्रमोदलाई किन कुटपिट गरेको भनी सोध्दा निज प्रतिवादीहरूले मृतकलाई बाँसको भाटा तथा काठको चिर्पट प्रहार गरी कुटपिट गरेको कार्यलाई मृतकले गरेको प्रश्नको प्रतिक्रिया स्वरूप चारैजना प्रतिवादीहरू तत्काल एकैसाथ आवेशमा आएर घटना घटेको हो भन्न मिल्ने देखिन आएन । साथै पुनरावेदकहरू तत्काल आवेशमा आउनुपर्ने गरी मृतकबाट अन्य कुनै कार्य भए गरेको अवस्थासमेत मिसिलबाट नदेखिएको र प्रतिवादीहरूको उपर्युक्त कार्यबाट नै ज्यान मार्ने मनसाय रहेको पुष्टि हुँदा ज्यानसम्बन्धी महलको १४ नं. आकर्षित हुनुपर्दछ भनी लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

पुनरावेदकहरूउपरको किटानी जाहेरी तथा जाहेरी बेहोरा समर्थन हुने गरी जाहेरवालाले गरेको बकपत्र, मृतक गोल्वा भन्ने गोलाई खत्वेको लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, पुनरावेदकहरूले मौकामा गरेको बयान बेहोरा, मौकामा बुझिएका व्यक्तिहरूले गरिदिएको मौकाको कागज, तथा वारदातका प्रत्यक्षदर्शी तथा घाइतेले गरेको मौकाको कागज तथा अदालतसमक्ष गरेको बकपत्रलगायतका मिसिल संलग्न प्रमाणबाट जाहेरवालाको बुबा मृतक गोल्वा भन्ने गोलाई खत्वेलाई यी पुनरावेदक प्रतिवादीहरूले बाँसको भाटा तथा काठको चिर्पटले टाउको निधारसमेतमा प्रहार गरेका कारण गम्भीर घाइते भई उपचारको लागी अस्पताल लैजाने क्रममा बाटोमा मृत्यु भएको तथ्य पुष्टि हुन आएकोले पुनरावेदक प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम कसुरदार ठहर गरी उच्च अदालत जनकपुरबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने देखिन नआउने।

प्रतिवादीहरू मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम कसुरदार ठहर भएपनि निजहरूलाई के कति सजाय गर्नु न्यायोचित हुन्छ भन्ने सम्बन्धमा वारदातको परिस्थिति र अवस्थालाई समेत मध्यनजर गरी विचार गर्दा यी प्रतिवादीहरूको मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी तथा पूर्वयोजना तयारी रहेकोसमेत नदेखिएको, प्रतिवादीहरू र मृतक पक्षका बिचमा रू.१०००।– लेनदेनको विषयबाट सामान्य विवाद उठान भई घटना घट्न पुगेकोलगायतका वारदातको अवस्था र प्रकृतिसमेतलाई विचार गर्दा प्रतिवादीहरू धर्मेन्द्र साह, सुरिन्द्र भन्ने सुनिल मण्डल, पवन नायक र सिकिन्दर मुखियालाई ऐनबमोजिमको जन्मकैद सजाय गर्दा चर्को पर्ने देखिँदा निजहरूलाई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम जनही कैद वर्ष

१५ (पन्ध्र) गर्दा पनि न्यायको मक्सद पूरा हुने देखिने।

अतः माथि विवेचित तथ्य, आधार र कारणसमेतबाट प्रतिवादीहरू धर्मेन्द्र साह, सुरिन्द्र भन्ने सुनिल मण्डल, पवन नायक र सिकिन्दर मुखियालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम कसुरदार ठहर गरी धनुषा जिल्ला अदालतबाट भएको मिति २०७३।३।६ को फैसला सदर हुने ठहऱ्याई उच्च अदालत जनकपुरबाट मिति २०७४।२।१७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। निज प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिमको जन्मकैद सजाय गर्दा चर्को पर्ने देखिँदा निजहरूलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम कैद वर्ष १५ (पन्ध्र) सजाय हुने।

इजलास अधिकृतः भगवती शर्मा ढुङ्गाना

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७५ साल चैत १७ गते रोज १ शुभम्।

## इजलास नं. ७

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-CR-१३१०, सरकारी छाप दस्तखत किर्ते, *नेपाल सरकार वि. विष्णुमाया देवकोटा*

प्रतिवादी विनु भन्ने विष्णुमाया देवकोटाले सुरू अदालतसमक्ष बयान गर्दा प्रतिवादी पेम्बा दिकी शेर्पाको निर्देशनमा निजको छोरीमार्फत तराईवासी व्यक्तिले उक्त प्रमाणपत्र बनाई दिएको हो। उक्त सर्टिफिकेट बनाउनमा मेरो कुनै संलग्नता छैन भनी कसुरमा इन्कार रही बयान गरेको देखिन्छ। मुख्य प्रतिवादी पेम्बा दिकी शेर्पाले नागरिकता बनाई निज प्रतिवादी विष्णुमाया देवकोटालाई विदेश पठाउने उद्देश्यले सर्टिफिकेट किर्ते बनाउन लगाएको स्थिति देखिन्छ। मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादी विष्णुमाया देवकोटा मुख्य कारणी रहेको पुष्टि हुने प्रमाणको विद्यमानता देखिँदैन। मुलुकी ऐन, किर्ते कागजको १२ नं. हेर्दा, "**सरकारी कागज किर्ते गर्नेलाई यसै महलको अरू नम्बरले हुने सजायमा १ वर्ष र उसै अड्डाको कर्मचारीले किर्ते गरेमा २ वर्ष थप कैद हुन्छ"** भन्ने उल्लेख भएको पाइन्छ। यसरी प्रतिवादी विष्णुमायाले उक्त सर्टिफिकेट किर्ते गरेको भन्ने मिसिल संलग्न प्रमाणबाट नदेखिएको अवस्थामा निजलाई किर्ते कागजको १२. नं. बमोजिम भएको सजाय मिलेको नदेखिँदा सो हदसम्म सुरू सोलुखुम्बु जिल्ला अदालतको मिति २०६७।९।८ को फैसला केही उल्टी हुने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट मिति २०६८।१२।१५ मा भएको फैसला मनासिब नै देखिन आउने।

अतः विवेचित आधार, प्रमाण र कारणहरूसमेतबाट प्रतिवादी विनु भन्ने विष्णुमाया देवकोटाले आफैँले एस.एल.सी. को प्रमाणपत्रहरू किर्ते गरी बनाएको भन्ने मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि भएको अवस्था नदेखिँदा किर्ते कागजको महलको ९ नं र १२ नं. बमोजिम १ वर्ष थप कैद र रू. ५०।– जरिवाना हुने ठहरी सुरू सोलुखुम्बु जिल्ला अदालतबाट मिति २०६७।९।८ मा भएको फैसलामा निज प्रतिवादी विनु भन्ने विष्णुमाया देवकोटालाई किर्ते कागजको महलको १२ नं. बमोजिम भएको सजाय मिलेको नदेखिँदा सो हदसम्म सुरू सोलुखुम्बु जिल्ला अदालतको मिति २०६७।९।८ मा भएको फैसला केही उल्टी हुने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट मिति २०६८।१२।१५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७५ साल पुस २ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७४-CR-००८८, कर्तव्य ज्यान, *रम्भादेवी ढोली वि. नेपाल सरकार*

प्रतिवादी रम्भादेवी ढोलीले आफ्नो श्रीमान्सँग भएको भनाभन र श्रीमान्को व्यवहारबाट

दिक्क भई जीवनदेखि विरक्त मानी तरकारीमा हाल्ने विषादी सेवन गरी आत्महत्या गर्ने सोच बनाई नाबालक छोरीहरूलाई समेत लिई घरनजिकैको ब्यूरेनीको जंगलमा गएकोमा आफू मात्र मर्दा छोरीहरूले दु:ख पाउलान् भनी छोरीहरूलाई विषादी खुवाई आफूले समेत विषादी खाएको र सोही कारणले छोरीहरूको मृत्यु भएको देखिन्छ। घरको आर्थिक अवस्था कमजोर रहेको अवस्थामा श्रीमान्ले घरमा पनि नबस्ने, भनेको पनि नमान्ने र प्रतिवादी गर्भवतीसमेत रहेको अवस्थामा असहाय भएको महसुस गरी जीवनदेखि वाक्क दिक्क मानी आफ्नो इहलिला समाप्त गर्नुपर्नेसम्मको सोच बनाएको देखिन्छ । आफू मात्र मर्दा ६ महिना र ४ वर्षकी नाबालक छोरीहरूको जीवन कष्टप्रद र दु:खद हुने अनुमान गरी आफूसँगै ती मृतक नाबालकहरूको समेत जीवनलिला समाप्त भएको खण्डमा सहज हुने अनुमान गरी छोरीहरूलाई समेत विषादी सेवन गराएको देखिन आउने।

प्रतिवादी रम्भादेवी ढोलीको मृतक नाबालकहरूसँग ज्यान मार्नेसम्मको कुनै किसिमको पूर्वरिसइवी योजना रहेको देखिँदैन । निजहरूलाई मात्र मार्ने मनसायले विषादी सेवन गराएकोसमेत देखिँदैन। आमाले आफ्नो ज्यानभन्दा प्यारो सन्तानलाई सहज रूपमा मार्छन् भनी अनुमान गर्न सकिने अवस्था पनि रहँदैन । आफू मरेर भए पनि सन्तानको जीवन जोगाउन हर सम्भव प्रयत्नशील हुने आमाले आफैँले जन्माएका नाबालक सन्तानलाई विषादी सेवन गराई आफूले समेत विषादी सेवन गरी जीवनलिला समाप्त गर्न खोज्नुबाट नै प्रस्तुत वारदात हुनुको पछाडिको परिस्थितिको सहज अनुमान गर्न सकिन्छ । यसबाट निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(२) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने हुँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १८८ नं. बमोजिम २ वर्ष ११ महिना कैद गर्दासमेत कानूनको मक्सद र उद्देश्य पूरा हुने देखिने।

तसर्थ, कैलाली जिल्ला अदालतको फैसला सदर गर्ने गरी उच्च अदालत दिपायल, डोटीबाट मिति २०७३।१२।२ मा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(२) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी भएको फैसला सो हदसम्म मिलेकै देखिँदा सदर हुने र घटना हुँदाको अवस्था, यावत् घटनाक्रम र कसुर गर्दाको अवस्थाको समग्र वस्तुस्थिति तथा कैलाली जिल्ला अदालत र उच्च अदालत दिपायल, डोटीबाट कम सजाय गर्न व्यक्त भएको रायसमेतलाई विचार गर्दा निज प्रतिवादी रम्भादेवी ढोलीलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम २ वर्ष ११ महिना कैद सजाय हुने।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य
कम्प्युटर: सिजन रेग्मी
इति संवत् २०७५ साल जेठ १० गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७५-WO-०२९०, उत्प्रेषण, *धनबहादुर सुनुवार वि. सावित्री सुनुवारसमेत*

प्रस्तुत मुद्दामा निवेदन माग दाबीबमोजिम ४ अंशियारमध्ये मुद्दा चल्दा चल्दैको अवस्थामा छोरा बालकुमार सुनुवारले पिता किशोरकुमार सुनुवारसँग भक्तपुर कटुञ्जे गा.वि.स. वडा नं. ८(क) कि.नं. ६५७ को क्षेत्रफल ०-१३-०-० जग्गाबाट कित्ताकाट गरी कि.नं. २०८१ को क्षेत्रफल ०-४-०-० जग्गा र छोरी टिकादेवी सुनुवारले कि.नं. २०८२ को क्षेत्रफल ०-४-०-० जग्गा अंश भाग बुझी लिइसकेको र दुवै अंशियारले बाँकी सम्पत्ति खाने किशोरकुमार सुनुवार र सावित्री सुनुवार मात्र बाँकी रहेको भनी बाँकी सम्पत्तिमा कुनै सरोकार नरहेको भन्ने बेहोराको ललितपुर जिल्ला अदालत, तहसिल शाखामा लिखित प्रतिवाद गरेको मिसिल संलग्न प्रतिलिपिबाट देखिने।

उक्त अंश मुद्दा फैसला हुँदाका बखत अंशियार संख्या ४ भए तापनि अंशियारमध्येका बालकुमार सुनुवार र टिकादेवी सुनुवारले आ-आफ्नो अंश भाग बुझी लिइसकेको र सो निर्विवाद भएको तथ्य स्थापित छ । आफूले अंश बुझिसकेको र अब बाँकी रहेको सम्पत्तिमा सरोकार नरहेको भनी अदालतसमक्ष कागज

गरिदिएका व्यक्तिहरूको पनि अंशभाग लगाउनु कानून र न्यायको मर्मविपरीत हुन्छ । उक्त अवस्थामा जिल्ला अदालत नियमावली, २०५२ को नियम ७८ख. मा व्यवस्था भएबमोजिम अंशियार संख्या घटी ४ बाट २ कायम हुन आएको र सोहीअनुरूप अंशियार संख्या कायम गरी अंशबन्डा गरिदिएकोलाई अन्यथा मान्नु पर्ने नदेखिने ।

फैसला कार्यान्वयनको अवस्थामा मात्र ४ (चार) अंशियारमध्येका दुई अंशियार छोरा बालकुमार सुनुवार र छोरी टिकादेवी सुनुवारले अंश बुझिसकेको तथ्य खुलेको देखिन्छ । सोभन्दा अगाडि अंश बुझी सकेको भन्ने लिखतको विषयमा फैसलामा विवेचना भएको नदेखिएको अवस्थामा फैसलाको अन्तिमताको सिद्धान्तको प्रतिकूल भएको भन्न मिल्ने देखिएन । दुईजना अंशियारले अंश बुझिसकेको र आफूले अंश बुझिसकेको हुँदा बाँकी सम्पत्ति खाने किशोरकुमार र सावित्री सुनुवार रहेको भनी कागज गरिदिएको अवस्थामा पुनः तिनीहरूको अंश भाग लाग्ने भन्नु कानून तथा न्यायको मान्य सिद्धान्तअनुकूल नहुने देखिँदा फैसलामा जे, जति अंशियार कायम भए पनि जिल्ला अदालत नियमावली, २०५२ को नियम ७८ख. को कानूनी व्यवस्थाले फैसला कार्यान्वयन गर्दा अंशियार घटबढ भएमा सोहीअनुरूप बन्डा गर्नुपर्ने बाध्यात्मक कानूनी व्यवस्था देखिँदा उक्त कानूनी व्यवस्थाको प्रतिकूल हुने गरी ललितपुर जिल्ला अदालतबाट मिति २०७५।३।१ मा भएको आदेश बदर गरी २ अंशियार कायम गरी प्रस्तुत मुद्दाको फैसला कार्यान्वयन गर्नु होला भनी उच्च अदालत पाटनबाट मिति २०७५।५।१४ मा भएको आदेशमा कुनै कानूनको त्रुटि भएको नदेखिँदा रिट निवेदकको निवेदन मागबमोजिम उत्प्रेषणको आदेश जारी गर्नु परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: लोकबहादुर हमाल
कम्प्युटर: सिजन रेग्मी
इति संवत् २०७५ साल कात्तिक १८ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-CR--०३४१, लागु औषध इन्जेक्सन, *नेपाल सरकार वि. जेम्स गुरूङ*

मिति २०६८।९।९ गते प्रतिवादी जेम्स गुरूङको शरीर चेकजाँच गर्दा निजले लगाएको कालो रंगको ज्याकेटले छोपी दायाँ र बायाँ हातको पाखुरामा लुकाई छिपाई ल्याएको अवस्थामा २ एम.एल.को डाइजेपाम २७ पिस, लुप्रिजेसिक १५ पिस, फेनारगन २७ पिस र नुर्फिन ११ पिस फेला पारी बरामद भएको भन्ने बरामदी मुचुल्का, प्र.स.नि. सुरेन्द्र यादवको प्रतिवेदनसमेतबाट देखिन्छ । प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा प्रहरीले २ एम.एल. को डाइजेपाम २७ पिस, लुप्रिजेसिक १५ पिस, फेनारगन २७ पिस र नुर्फिन ११ पिस बोकी आउँदा मलाई प्रहरीले उक्त लागु औषधसहित पक्राउ गरेको हो । मबाट बरामद भएको सो लागु औषध भारत रक्सौलबाट रू.२,७००।- मा खरिद गरी सेवन गर्ने उद्देश्यले बोकी आएको अवस्थामा पक्राउ परेको हो भनी उल्लेख गरेको पाइन्छ भने निज प्रतिवादीले अदालतमा बयान गर्दासमेत मेरो साथबाट २ एम.एल.को डाइजेपाम २७ पिस, लुप्रिजेसिक १५ पिस, फेनारगन २७ पिस र नुर्फिन ११ पिस लागु औषध बरामद भएको हो । बरामदी मुचुल्काको बेहोरा ठीक साँचो हो र सहिछाप पनि मेरो हो । बिक्री वितरण ओसारपसारको कार्यका लागि नभई सेवन गर्ने प्रयोजनको लागी ल्याएको हो । सेवन गर्न लागेको ५-६ वर्ष भयो भनी सेवनसम्मको कसुर अपराधमा साबितै भई बयान गरेको देखिन्छ । प्रतिवादी जेम्स गुरूङको साक्षी रामबहादुर गुरूङले अदालतमा आई बकपत्र गर्दासमेत प्रतिवादीले सेवनको लागि ल्याएको हो भनी उल्लेख गरेको देखिन्छ । प्रतिवेदक प्र.ना.नि. सुरेन्द्र यादवले सुरू अदालतमा बकपत्र गर्दा प्रतिवादीले बेचबिखन गर्ने उद्देश्यले ओसारपसार गरेका हुन् भनी उल्लेख गर्न सकेको अवस्था नदेखिई प्रतिवादी कारोबारी हुन सक्छ भनी

आशङ्कासम्म गरेको देखिने।

मिसिल संलग्न प्रमाणहरू बरामदी मुचुल्का, बरामदी परिमाण तथा प्रकृति, प्रतिवादीको मौकाको तथा अदालतमा भएको बयान बेहोरा, प्रतिवादीका साक्षी राम गुरूङको अदालतको बकपत्रसमेतबाट प्रतिवादी जेम्स गुरूङले बरामद भएको लागु औषध बिक्री वितरण तथा ओसारपसारको लागि खरिद गरेको भन्ने नदेखिई सेवनसम्मको लागि ल्याएको गरेको भन्ने देखिन आयो । यस्तो अवस्थामा प्रतिवादीको उक्त कार्य लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(ङ) र (च) को कसुर अपराध नभई ऐ. को दफा ४(छ) बमोजिमको निषेधित लागु औषध सेवनको कसुरसम्म रहेको देखियो। उक्त कसुरमा निजलाई ऐ. ऐनको दफा १४(१)(ज) नं. बमोजिम २ महिना कैद र रू.२,०००।- रूपैयाँ जरिवाना हुने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला अन्यथा नदेखिई मनासिब नै देखिने।

अत: उपर्युक्तबमोजिमका तथ्य कारण र प्रमाणको आधारमा पर्सा जिल्ला अदालतबाट लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(ङ) र (च) को कसुरमा ऐ. ऐनको दफा १४(१)(झ) अनुसार ३ वर्ष कैद र रू.४,००,०००।– (चार लाख) रूपैयाँ जरिवाना हुने ठहऱ्याई भएको फैसला उल्टी गरी ऐ. ऐनको दफा ४(छ) को कसुरमा ऐ. दफा १४(१)(ज) बमोजिम २ दुई महिना कैद र रू.२,०००।– (दुई हजार) रूपैयाँ जरिवाना हुने ठहरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।१।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७५ साल साउन १४ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७४-CR-०११९, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. छविलाल गिरी*

प्रतिवादी छविलाल गिरीले अनुसन्धान अधिकारीसमक्ष लिखत कागजबमोजिमको रकम मैले नभई अमरकुमार तिवारीले लिएका हुन् भनी बयान गरेको देखिएको, निजले वैदेशिक रोजगार न्यायाधिकरणमा बयान गर्दासमेत जाहेरवालालाई प्रतिवादी अमरकुमार तिवारीसँग चिनाइदिएको मात्र हो, वैदेशिक रोजगारीमा पठाइदिने भनी रकम लिएको होइन भनी इन्कारी बयान गरेको देखिएको, निजको उक्त बयानलाई निजका साक्षी हरिबहादुर बुढाले समेत प्रतिवादीसँग जबरजस्ती कागज गरिएको हो भनी पुष्टि हुने गरी बकपत्र गरिदिएको, जाहेरवालाले वैदेशिक रोजगार न्यायाधिकरणमा बकपत्र गर्दा प्रतिवादीहरूसँग घरायसी लेनदेन भएकोमा रकम सहज रूपमा उठोस् भन्ने उद्देश्यले वैदेशिक रोजगारीको कागज गरेको हो, मैले सबै रकम पाइसकेँ भनी उल्लेख गरेको देखिएको साथै जाहेरवालासँग रकम लिएका भनिएका अर्का प्रतिवादी अमरकुमार तिवारीले नै रकम लिएको भनी जाहेरवाला र प्रतिवादीको भनाइ रहेको देखिँदा प्रतिवादीउपरको कसुर प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार प्रमाणित हुन आएको नदेखिने । स्वयम् पीडितले नै प्रत्यर्थी प्रतिवादीले वैदेशिक रोजगारीको लागि रकम लिएका हुन् भनी भन्न नसकिरहेको अवस्थामा प्रतिवादी छविलाल गिरीउपरको कसुर स्थापित हुन सक्ने देखिएन। यस्तो अवस्थामा प्रतिवादी छविलाल गिरीलाई अभियोग माग दाबीबमोजिमको सजाय गर्न मिल्ने नदेखिँदा वैदेशिक रोजगार न्यायाधिकरणबाट प्रतिवादी छविलाल गिरीलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

तसर्थ, उपर्युक्तबमोजिमका तथ्य एवम् प्रमाणहरूको आधारमा सुरू वैदेशिक रोजगार न्यायाधिकरणबाट प्रतिवादी छविलाल गिरीलाई अभियोग दाबीबाट सफाइ दिने गरी मिति २०७३।२।१८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७५ साल साउन १४ गते रोज २ शुभम्।

६

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७३-CR-०८०६, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. दिपा लिम्बूसमेत*

प्रतिवादी कविता चेम्जोङसमेतले वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमति नलिई जाहेरवालाका भाइ प्रकाश भट्टलाई किर्गीस्तान पठाउन भनी जाहेरवालाबाट नगद, सुन र राहदानी लिई निजलाई विदेश पठाउन नसकेपछि सुन तथा नगदसमेत फिर्ता नगरेकोले प्रस्तुत मुद्दा उठान भएको देखिने।

प्रतिवादीहरूले गरेको लिखत कागजबाट प्रकाश भट्टलाई विदेश पठाउन भनी नगद र सुनसमेत कविता चेम्जोङले बुझेर कागज गरेको र सो रकम निजले नतिरेमा हामीले तिरौंला भनी योगबहादुर र दिपा लिम्बू धनजमानी बसेको देखिन्छ। लिखतको बेहोरा साँचो हो मेरै अगाडि लेनदेन भएको हो भनी लेखक साक्षी वासु नारायण डंगोलले अनुसन्धान अधिकारीसमक्ष गरेको कागजबाट देखिन्छ । जाहेरवालाको अनुसन्धानमा भएको कागजबाट समेत यसको समर्थन भएको देखिने।

जाहेरवालाका भाइलाई वैदेशिक रोजगारीमा पठाउन भनी रकम र सुनसमेत लेनदेन भएको तथा सो रकम र सुनसमेत कविता चेम्जोङले बुझेको भन्ने कुरामा दुविधा रहेको देखिँदैन। प्रस्तुत मुद्दामा विदेश पठाउन रकम तथा सुन लिने तर विदेश नपठाउने मुख्य कर्ता निज कविता चेम्जोङ भएको देखिएको र सो कुरा निजले समेत स्वीकार गरेको निजले गरिदिएको सक्कल लिखत कागजसमेतबाट देखिने।

प्रतिवादी योगबहादुर कन्दङ्वाले जाहेरवालाको भाइलाई विदेश पठाइदिन्छु भनी प्रतिवादीमध्येका राजकुमार चेम्जोङ स्वयम्ले रकम लिएको छु भनेर मलाई भनेका थिए भनी गरेको बकपत्र तथा निजका साक्षी तोणबहादुर बस्नेतले सोही कुरा मिलान हुने गरी न्यायाधिकरणमा बकपत्र गरेको देखिन्छ । योगबहादुर कन्दङ्वा र निजका साक्षीको बयान तथा बकपत्रको बेहोराबाट राजकुमार चेम्जोङ निज प्रतिवादी कविता चेम्जोङका पति भएको र निजले विनाइजाजत रकम लिई विदेशमा मानिस पठाउने कार्यमा कवितालाई सहयोग पुऱ्याएको देखिन्छ । उल्लिखित आधारबाट तथ्यगत विवरणमाथि विश्लेषण गर्दा वैदेशिक रोजगारीमा पठाउन रकम लिई लिखत प्रतिवादी कविता चेम्जोङले गर्ने र निजको कार्यमा राजकुमार चेम्जोङले सहयोग गरेको भन्ने देखिन आयो । प्रस्तुत मुद्दामा रकम श्रीमतीले लिने अनि वैदेशिक रोजगारीमा पठाउन श्रीमान्ले सहयोग गर्ने गरेको तथ्य स्थापित भएबाट विनाइजाजत वैदेशिक रोजगारीमा पठाउने भनी रकम, सुन तथा राहादानी बुझ्ने कविता चेम्जोङको मुख्य भूमिका रहेको देखियो भने निजको कानूनविपरीतको काममा मानिस विदेशमा पठाउन सहयोगीको रूपमा राजकुमार चेम्जोङले भूमिका खेलेको देखिने।

प्रतिवादी योगबहादुर कन्दङ्वा र दिपा लिम्बूले लिखतमा लेखिएको रकम कविता चेम्जोङले नतिरेमा निजहरूले तिर्ने भनी धनजमानीसम्म बसेको अवस्था देखिन्छ। निजहरूले जाहेरवालाका भाइलाई विदेश पठाउने भनी रकम लिनेखानेसमेतका काममा निजहरूको संलग्नता भएको भन्ने मिसिल संलग्न लिखत तथा प्रमाणबाट देखिँदैन। सो कुरा प्रतिवादी योगबहादुरले गरेको अदालतको बयानलाई निजका साक्षी तोणबहादुर बस्नेतले न्यायाधिकरणसमक्ष गरेको बकपत्रसमेतबाट समर्थित भएको देखिन्छ। उक्त कागजमा जमानी बसेकोबाहेक अन्य कुनै स्वतन्त्र प्रमाणबाट प्रतिवादीहरूले जाहेरवालाको भाइ प्रकाश भट्टलाई वैदेशिक रोजगारीमा पठाउनका लागि भूमिका खेलेको भन्ने अभियोजन पक्षबाट पुष्टि गराउन सकेको देखिँदैन । यस अवस्थामा वैदेशिक रोजगार न्यायाधिकरणबाट यी प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसलालाई अन्यथा भन्न सक्ने नदेखिने।

अतः विवेचित आधार, कारण तथा प्रमाणबाट प्रतिवादी राजकुमार चेम्जोङलाई नौ महिना कैद र पचहत्तर हजार जरिवाना हुने तथा योगबहादुर कन्दङ्वा लिम्बू र दिपा लिम्बूले अभियोग दाबीबाट सफाइ पाउने

ठहऱ्याई भएको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७२।१०।१० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: खुमप्रसाद भण्डारी
कम्प्युटर: विपिनकुमार महासेठ
इति संवत् २०७६ साल वैशाख ७ गते रोज ३ शुभम्।

## इजलास नं. ८

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०६७-CR-०९८९, मूल्य अभिवृद्धि कर (०६३।६४), *सुरेश प्रधान वि. निवास सारदा*

प्रत्यर्थी न्युट्रि फुड्सका प्रतिनिधिले राजस्व अनुसन्धान विभागको घुम्ती टोलीले लिएको बयानमा गोदाममा रहेकोभन्दा बाहेकको गहुँ Processing मा रहेको भनी तथ्यगत रूपमा खुलाउन सकेको पाइँदैन। मैदाको सन्दर्भमा समेत त्यस्तो कुनै युक्तियुक्त आधार निजले दिएको देखिँदैन। प्रत्यर्थीको मौकामा उपस्थित प्रतिनिधि निर्मलकान्त झाले मौकामा कागज गर्दा घटी देखिएको माल Processing मा वा अन्य कुनै कारणबाट अन्यत्र कतै राखिएको वा रहेको भन्ने जिकिर लिएको पनि देखिएको छैन। आफ्नो प्रतिनिधिले गरेको बयानलाई प्रत्यर्थी न्युट्रि फुड्सले पछिका कागजातहरूमा पनि कुनै प्रकारले अन्यथा भन्न सकेको अवस्था पनि छैन र प्रतिनिधिले मौकामा बयान गर्दा Processing मा रहेको विषय खुलाउन नसकेको सन्दर्भमा कुनै तर्कसङ्गत आधार प्रस्तुत गरेको वा यो यति कारणले फरक पर्न गएको भन्नेतर्फ कुनै जिकिर लिएकोसम्मको अवस्था पनि मिसिल संलग्न कागजातबाट देखिँदैन। निरीक्षणको क्रममा घटी देखिएको मौज्दात Processing मा रहेको कारणले हो भन्ने तथ्य पुष्टि हुने आधार प्रत्यर्थीको तर्फबाट पेस भएको पाइएन। अत: घटी देखिएको मौज्दातको विषयलाई Processing मा रहेको भन्ने प्रत्यर्थीको जिकिरको कुनै वैध आधार देखिएन। सोमा आधारित रहेर राजस्व न्यायाधिकरणले Processing मा रहेको माललाई स्टक मान्नुपर्छ भन्ने फैसला न्यायिक मान्न मिल्ने अवस्था नदेखिने।

राजस्व न्यायाधिकरण विराटनगरको फैसलामा राजस्व अनुसन्धान विभागले बिचैमा छापा मारी घटी स्टक देखाएको विषय न्यायोचित नरहेको भन्ने उल्लेख गरेको देखिन्छ। राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ६, ७, ८, ९ लगायत अन्य सान्दर्भिक दफाहरू हेर्दा उक्त ऐनले राजस्व अनुसन्धान विभागलाई राजस्व चुहावट गरेको वा हुन लागेको आशङ्कामा आधारित सूचनाको आधारमा अनुसन्धान गर्ने अधिकार प्रदान गरेको देखिन्छ। राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २ को (क) हेर्दा सबै प्रकारका करहरू राजस्वको परिभाषाभित्र समावेश भएको अवस्था छ। तसर्थ मूल्य अभिवृद्धि कर, आय कर वा अन्य कुनै प्रकारको राजस्व चुहावटको सन्दर्भमा उक्त विभागले कुनै प्रकारको निरीक्षण वा अनुसन्धान गर्नु स्वाभाविक कार्यअन्तर्गत पर्ने देखिन्छ। निरीक्षण वा अनुसन्धान गर्दा कुनै कार्य अन्य कार्यालय वा विभागले कारबाही गर्न सक्ने विषय वा अन्य कुनै कार्यालय वा विभागले पनि क्षेत्राधिकर ग्रहण गर्न सक्ने अवस्थाको रहेको अवस्थामा उक्त विभागले मूल्य अभिवृद्धि कर असुलीसमेतको कार्यको लागि विशेष जिम्मेवारी रहेको निकाय आन्तरिक राजस्व कार्यालयलाई आवश्यक कारबाही गर्नको लागि लेखी पठाउन सक्ने व्यवस्था अन्यथा देखिँदैन। कारबाहीको लागि लेखी पठाउने विषयजस्तो सामान्य प्रक्रियागत विषयमा अडिएर राजस्व असुलीको सन्दर्भलाई प्रभावित पार्नु उचित नहुने भएकोले राजस्व अनुसन्धान विभागको घुम्ती टोलीले राजस्वको विषयमा निरीक्षण गर्नु र कर असुली गर्नुपर्ने देखिएको अवस्थामा सम्बन्धित कार्यालयलाई पत्र लेखी पठाउनु न्यायोचित नै रहेको देखिने।

यसरी उपर्युक्त आधारमा हेर्दा, राजस्व अनुसन्धान विभागको घुम्ती टोलीले गरेको निरीक्षणको

क्रममा करदाताको प्रतिनिधिको रोहबरमा नै निरीक्षण भएको र निरीक्षणमा घटी मौज्दात रहेको विषयमा करदाताको प्रतिनिधिले तत्काल मौकामा बयान गर्दा कुनै विवरण खुलाउन सकेको देखिँदैन । निरीक्षण हुँदाको अवस्थामा मौकामा कुनै विवरण नखुलाई पछि आएर प्रारम्भिक कर निर्धारण गरेपछिको अवस्थामा आएर मात्र Processing को जिकिर लिएको भएपनि तत्काल मौकामा भएको बयानको विषयमा कुनै अन्य जिकिर रहेको देखिँदैन । यस्तोमा न्युट्रि फुड्स प्रा. लि. को अफिस गोदाममा नै गई स्थलगत रूपमा नै चेक जाँच गर्दा फेला नपरेको मौज्दातलाई बिना आधार प्रोसेसिङमा गएको भन्ने अर्थ लगाई घटी देखिएको मौज्दातको आधार लिई आन्तरिक राजस्व कार्यालयले निर्धारण गरेको २०६४ जेठको मु.अ.कर र जरिवानासमेत रू.१३,५९,४३२।- करलाई मिन्हा गरेको राजस्व न्यायाधिकरण विराटनगरको मिति २०६६।११।९ को फैसलामा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ को देहाय (घ) को अवस्था विद्यमान देखिने ।

अत: उल्लिखित आधार कारणबाट राजस्व अनुसन्धान विशेष घुम्ती टोलीबाट भएको निरीक्षणको क्रममा प्रत्यर्थी न्युट्रि फुड्स प्रा. लि. को मौज्दातमा देखिएको गहुँ र मैदाको घटी मौज्दातको आधारमा कर निर्धारण गरेको आन्तरिक राजस्व कार्यालय, विराटनगरको मिति २०६४।५।२० को निर्णय र सोलाई सदर गरेको आन्तरिक राजस्व विभागको मिति २०६५।२।३० को निर्णय मनासिब देखिँदा सदर हुने ठहर्छ । आन्तरिक राजस्व विभागको मिति २०६५।२।३० को निर्णय उल्टी गरी २०६४ जेठको मु.अ. कर र जरिवानासमेत रू.१३,५९,४३२।- करलाई मिन्हा दिने ठहऱ्याएको राजस्व न्यायाधिकरण विराटनगरको मिति २०६६।११।९ को फैसला मिलेको नदेखिँदा उल्टी हुने ।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

इति संवत् २०७४ साल माघ ८ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०६७-CR-११२१, आयकर (०६२।६३), *सुरेश प्रधान वि. बृज सिमेन्ट उद्योग प्रा. लि.*

ठूला करदाता कार्यालयबाट प्राप्त भएको फाइल हेर्दा प्रत्यर्थी बृज सिमेन्टले मिति २०६४।१२।२४ मा ठूला करदाता कार्यालयमा *सबुत प्रमाण पेस गर्नेबारे आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिमको सूचनाको जवाफ* विषय दिई पेस गरेको पत्रको बुँदा नं.२ मा अग्रिम कर कट्टीको भौचर, रूम्झा ट्रेडर्सको बिल तथा Clearing and Handling Charge खर्चको विवरण यसैसाथ संलग्न छ भन्ने बेहोरा लेखी जवाफ पेस गरेको देखिन्छ भने उक्त जवाफ साथै रूम्झा ट्रेडर्सले बृज सिमेन्टको नाममा काटेको क्लियरिङ फरवार्डिङ र ट्रान्सपोर्टेसन चार्जको लागि लाग्ने रकम लिई जारी गरेको फरक फरक मितिका रसिद नं. १५४, १४९, १४३, १३७, १३१, १२४, ११९, ११३, १०७ र १०१ रहेका रसिदहरूको प्रतिलिपि संलग्न रहेको देखिन्छ । त्यसैगरी प्रत्यर्थी बृज सिमेन्टले आन्तरिक राजस्व कार्यालय, विरगन्जमा बुझाएको अग्रिम कर कट्टीको विवरण हेर्दा पनि आ.व.०६२/०६३ को विभिन्न महिनाका अग्रिम कर कट्टीको मासिक विवरणको प्रतिलिपिमा पनि रूम्झा ट्रेडर्सको नाममा विभिन्न समयमा अग्रिम आयकर कट्टी गरी राजस्व खातामा बैंक दाखिला गरेको देखिन्छ । यसरी, आयकर कट्टी गरी राजस्व खातामा बैंक दाखिला देखिएको अवस्थामा करदाता बृज सिमेन्टले कुनै प्रमाण पेस नगरेको हुनाले खर्च कट्टी नपाउने भन्ने ठूला करदाता कार्यालयको निर्णय मनासिब नदेखिने ।

अत: उल्लिखित आधार कारणबाट करदाताले खर्च भएको रकमको रसिदको प्रतिलिपि पेस गरेको, रूम्झा ट्रेडर्सको नाममा भुक्तानी भएको रकममा अग्रिम कर कट्टी गरी आन्तरिक राजस्व कार्यालय, भैरहवामा समय समयमा दाखिल गरेको

अग्रिम कर कट्टीको कागजको प्रतिलिपिसमेत रहेको मिसिल संलग्न प्रमाणबाट देखिएको अवस्थामा Clearing and Handling Charge बापत खर्च रू.१,५४,५००।– लाई आएमा समावेश गर्न मिलेन। अत: सो खर्चसमेत समावेश गरी कर निर्धारण गरेको ठुला करदाता कार्यालयको निर्णय सो हदसम्म उल्टी हुने ठहऱ्याई सो TDS खर्च आयमा समावेश नहुने गरी राजस्व न्यायाधिकरण, काठमाडौंबाट मिति २०६६।९।१२ मा भएको फैसला मनासिबै देखिँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

इति संवत् २०७४ साल माघ ८ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०६७-CR-११३०, मूल्य अभिवृद्धि कर (०६३।६४), *सुरेश प्रधान वि. निवास सारदा*

दाबीबमोजिमको खर्च कट्टी गर्ने प्रमाणित आधारतर्फ ठुला करदाता कार्यालयबाट प्राप्त भएको फाइल हेर्दा करदाता बृज सिमेन्टले मिति २०६४।१२।२४ मा ठूला करदाता कार्यालयमा *सबुत प्रमाण पेस गर्नेबारे आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिमको सूचनाको जवाफ* विषय दिई पेस गरेको पत्रको बुँदा नं.३ मा अग्रिम कर कट्टीको भौचर, रूम्झा ट्रेडर्सको बिल तथा Clearing and Handling Charge खर्चको विवरण यसैसाथ संलग्न छ भन्ने बेहोरा लेखी जवाफ पेस गरेको देखिन्छ भने उक्त जवाफका साथै रूम्झा ट्रेडर्सले बृज सिमेन्टको नाममा काटेको क्लियरिङ फरवार्डिङ र ट्रान्सपोर्टेसन चार्जको लागि लाग्ने रकम लिई जारी गरेको फरक फरक मितिका रसिदहरूको प्रतिलिपि संलग्न रहेको देखिन्छ। त्यसैगरी करदाता बृज सिमेन्टले आन्तरिक राजस्व कार्यालय, भैरहवामा बुझाएको अग्रिम कर कट्टीको विवरण हेर्दा पनि २०६३ र २०६४ सालका विभिन्न महिनाका अग्रिम कर कट्टीको मासिक विवरणको प्रतिलिपिमा पनि रूम्झा ट्रेडर्सको नाममा विभिन्न समयमा अग्रिम आयकर कट्टी गरेको देखिन्छ। यसरी, अग्रिम कर कट्टी गरेको देखिएको अवस्थामा ठुला करदाता कार्यालयको पुनरावेदनमा उल्लेख भएबमोजिम करदाता बृज सिमेन्टले कुनै प्रमाण पेस नगरेको हुनाले खर्च कट्टी नपाउने भन्ने जिकिर मनासिब देखिने।

ठुला करदाता कार्यालयको निर्णयमा प्रमाण पेस नगरेको भन्ने उल्लेख भए तापनि प्रत्यर्थीले खर्च भएको रकमको रसिदको प्रतिलिपि पेस गरेको, रूम्झा ट्रेडर्सको नाममा भुक्तानी भएको रकममा अग्रिम कर कट्टी गरी आन्तरिक राजस्व कार्यालय, भैरहवामा समय समयमा दाखिल गरेको अग्रिम कर कट्टीको कागजको प्रतिलिपिसमेत संलग्न राखी जवाफ पेस गरेको स्थितिमा प्रमाण पेस नगरेको भनी खर्च कट्टी नपाउने भन्ने ठुला करदाता कार्यालयको निर्णय मनासिब नदेखिने।

अत: उल्लिखित आधार कारणबाट करदाताले खर्च भएको रकमको रसिदको प्रतिलिपि पेस गरेको, रूम्झा ट्रेडर्सको नाममा भुक्तानी भएको रकममा अग्रिम कर कट्टी गरी आन्तरिक राजस्व कार्यालय, भैरहवामा समय समयमा दाखिल गरेको अग्रिम कर कट्टीको कागजको प्रतिलिपिसमेत रहेको मिसिल संलग्न प्रमाणबाट देखिएको अवस्थामा Clearing and Handling Charge बापत खर्च रू.२,६३,७००।– लाई आएमा समावेश गर्न मिलेन। अत: सो खर्चसमेत समावेश गरी कर निर्धारण गरेको ठुला करदाता कार्यालयको निर्णय सो हदसम्म उल्टी हुने ठहऱ्याई सो TDS खर्च आयमा समावेश नहुने गरी राजस्व न्यायाधिकरण, काठमाडौंबाट मिति २०६६।९।१२ मा भएको फैसला मनासिबै देखिँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

इति संवत् २०७४ साल माघ ८ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०६८-CR-१२४५, मूल्य

अभिवृद्धि कर (०६४/६५), *आन्तरिक राजस्व कार्यालय, भद्रपुर वि. निर्मल निर्माण सेवा*

निर्मल निर्माण सेवा र जिल्ला विकास समिति, झापाको बिचमा भएको कबुलियतनामाको बुँदा नं. ४ मा हेर्दा नियमानुसारको मूल्य अभिवृद्धि कर तथा अन्य राजस्व उठाई आन्तरिक राजस्व कार्यालयसमेतमा दाखिला गर्नुपर्नेछ भन्नेसमेतको बेहोरा उल्लेख भएको अवस्थामा उक्त सम्झौताबमोजिम मूल्य अभिवृद्धि कर उठाउन नपर्ने भन्ने प्रत्यर्थीको जिकिर मनासिब देखिँदैन । त्यसैगरी आन्तरिक राजस्व कार्यालय, भद्रपुरको मिसिलमा संलग्न रहेको मिति २०६६।३।३१ जनिएको उक्त कार्यालयमा पेस भएको निर्मल निर्माण सेवाको कर परीक्षण प्रतिवेदन हेर्दा महिप ओभरसिज (पान नं. ३०१९३३१३९) को हिसाबमा निर्मल निर्माण सेवाले जारी गरेको निकासी कर रसिदमा विभिन्न मितिमा मूल्य अभिवृद्धि कर असुल गरेको तर उक्त कर आन्तरिक राजस्व कार्यालयमा दाखिल नगरेको भन्ने बेहोरा उल्लेख भएको देखिन्छ भने प्रत्यर्थीले महिप ओभरसिजको कारोबारमा देखिएको भनिएको उक्त बिजकहरूबाट भएको कारोबारलाई किटानी रूपमा खण्डन गर्न सकेको अवस्था देखिँदैन । प्रतिवेदनमा उल्लेख भएझैं महिप ओभरसिजको कारोबारमा मूल्य अभिवृद्धि कर उठाएको भन्ने देखिन गई Link Audit गरेको अवस्थामा सो कर परीक्षणको क्रममा नै उक्त विषयलाई आन्तरिक राजस्व कार्यालयमा खण्डन गर्न सक्नु पर्नेमा सो गर्न सकेको नदेखिने ।

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५ को उपदफा (३) ले अनुसूची १ मा उल्लेख भएका मालवस्तु वा सेवामा कर नलाग्ने व्यवस्था रहेको देखिन्छ । तर प्रस्तुत मुद्दामा पुनरावेदक आन्तरिक राजस्व कार्यालयले प्रत्यर्थीलाई कर निर्धारण गर्दा निजको आधारभूत कृषि उत्पादनमा कर लगाएको अवस्था देखिँदैन । प्रत्यर्थीले जिल्ला विकास समितिबाट लिएको जिल्ला निकासी करको ठेक्काको क्रममा गरेको कारोबारको आधारमा र उक्त ठेक्का सञ्चालन गर्दा प्रत्यर्थीले उठाएको रकमको हिसाबको आधारमा उक्त कर लगाइएको देखिन्छ । जिल्ला निकासी गर्ने अन्य व्यवसायीसँग प्रत्यर्थीले उठाएको देखिएको मूल्य अभिवृद्धि कर दाखिल नगरेको हुनाले Link audit को क्रममा पत्ता लागेको कर असुलीलाई नियमित गर्ने र कार्यालयमा दाखिला गर्न लगाउने प्रयोजनबाट कर असुलीको निर्णय भएको देखिन्छ । प्रत्यर्थीले जिकिर लिए जसरी आधारभूत कृषि उत्पादनमा मूल्य अभिवृद्धि कर लगाएको अवस्था देखिँदैन । जिल्ला निकासीको क्रममा उठाएको मूल्य अभिवृद्धि कर आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्नेमा सोको विवरणसमेत दाखिल नगरी बसेको अवस्थाका प्रत्यर्थीलाई पुनरावेदक राजस्व कार्यालयले मूल्य अभिवृद्धि कर निर्धारण गर्नु भनी गरेको आदेश अन्यथा नभई मनासिब नै देखिने ।

अत: विभिन्न प्रकरणहरूमा विश्लेषण गरेबमोजिम हेर्दा निर्मल निर्माण सेवाले जिल्ला निकासी कर उठाउने क्रममा मूल्य अभिवृद्धि करसमेत उठाएको र सो कर आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्नेमा करदातासँग २०६४ असारको मूल्य अभिवृद्धि कर र जरिवानासमेत रू.२१,०८,०५४।– लगाउनु नपर्ने गरी राजस्व न्यायाधिकरण विराटनगरले मिति २०६७।६।१० मा गरेको फैसला मिलेको नदेखिँदा उल्टी भई आन्तरिक राजस्व कार्यालयले मूल्य अभिवृद्धि कर र जरिवानासमेत लिने गरी मिति २०६६।५।३१ मा गरेको निर्णय सदर गरेको आन्तरिक राजस्व विभागको मिति २०६६।२।२० को निर्णय सदर हुने ।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

इति संवत् २०७४ साल माघ २२ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७१-CR-०७३५, बन्दीप्रत्यक्षीकरण, *मोहम्मद हनिफ खाँ वि. बाँके जिल्ला अदालत, नेपालगन्जसमेत*

बाँके जिल्ला अदालत नेपालगन्जको च.नं. ७०१२ मिति २०७१।१०।२९ को पत्र मिसिल सामेल

रहेको देखिन्छ । सो पत्रानुसार फैसला कार्यान्वयन विशेष अभियान टोलीको प्रतिवेदनअनुसार च.नं. ३७३४ मिति २०७१।८।४ को कैदीपुर्जीद्वारा कैद जरिवानाबापत पुनरावेदक यी मो.हनिफ खाँलाई थुनामा राख्न पठाइएकोमा निजलाई लागेको उक्त जरिवानाको रकम दाखिल भइसकेको हुँदा निज प्रतिवादी वर्षाती खाँ भन्ने मो.हनिफ खाँलाई अन्य कुनै मुद्दामा थुनामा राख्न नपर्ने भएमा अवैध काठ ओसारपसार मुद्दाबाट मिति २०७१।११।२ सम्म थुनामा राखी मिति २०७१।११।३ मा थुनामुक्त गरिदिनु हुन अनुरोध छ भन्नेसमेत बेहोराको संशोधित कैदी पुर्जी भएकोमा सो कैदी पुर्जीबमोजिम कारागार कार्यालय, नेपालगन्ज बाँकेको च.नं.१८६५ मिति २०७१।११।३ को पत्रानुसार कैद थुनाबाट मुक्त भइसकेको भन्ने देखिँदा अब प्रस्तुत मुद्दामा पुनरावेदनपत्रको औचित्य समाप्त भइसकेकोले पुनरावेदन अदालतको आदेश अन्यथा गरिरहनु परेन । पुनरावेदन अदालत नेपालगन्जको मिति २०७१।८।२९ को आदेश सदर हुने ।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७४ साल पुस २१ गते रोज ६ शुभम् ।

६

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-CI-०२५६, लिखत दर्ता बदर, *अमिना खातुन वि. प्रदीप हरिजनसमेत*

प्रस्तुत मुद्दाको तथ्य हेर्दा, सासूले आफ्नो नाउँमा रहेको दाबीको जग्गा बिक्री गरेको देखिन्छ । वादी इसरावती चमारको पति सन्तराज स्वर्गीय भइसकेको र निजको दुई पत्नी रहेको देखिन्छ । जेठी पत्नी सरस्वतीतर्फबाट १ छोरा सन्दीप रहेको र कान्छी पत्नी वादी इसरावतीको तर्फबाट १ छोरा प्रदिप र २ छोरीहरू माधुरी र राधिकाको जायजन्म भएको देखिन्छ । जेठी श्रीमतीको छोरा सन्दिपलाई सम्म विवादित लिखतमा साक्षी राखेको पाइन्छ । वादी इसरावतीको सौतेलो छोरो सन्दिपको सम्म मन्जुरी लिएको कार्यले वादीहरूको अंशहक लोप हुन जाने हुँदैन । घर व्यवहार सञ्चालन गर्ने प्रयोजनको लागि बिक्री गरेको भए जेठी बुहारीतर्फका छोरालाई साक्षी राख्नुपर्ने नै हुँदैन । घर व्यवहार चलाउन बिक्री गरेको सम्पत्तिमा स्वर्गीय छोराको २ वटी श्रीमतीलाई समान व्यवहारबाट घर खर्च गरेको तथ्य पुष्टि हुनुपर्ने ।

मिति २०६६।११।१२ को लिखतमा दिने कोइला हरिजन र निजको छोरा बुहारी वादी इसरावती मूल अंशियार रहेकोमा कोइला हरिजनको छोरा सन्तराजको छोरा सन्दिपले बिक्री गर्न सहमति जनाएको देखिँदा दिने कोइला हरिजन र लिने अमिना खातुन भएको र.नं. ३२२६ख को लिखतको २ भागको १ भागमध्ये ५ भाग लगाई ५ भागको १ भागमा सन्दिप हरिजनले उक्त जग्गा बिक्री गर्न सहमति जनाएको हुँदा बाँकी ४ भाग लिखत बदर हुने देखियो । यस स्थितिमा पुनरावेदन अदालत बुटवलबाट भएको फैसला अन्यथा भन्न मिलेन । प्रतिवादीको पुनरावेदन जिकिर तथा निजको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, विश्लेषण गरिएका आधार, कारण र प्रमाणसमेतबाट दिने कोइला हरिजन लिने अमिना खातुन भएको र.नं. ३२२६ख, मिति २०६६।११।१२ को विवादित लिखतमा अंशियार सबैको मन्जुरी रहेको नदेखिएको हुँदा सुरू रुपन्देही जिल्ला अदालतले वादी दाबी पुग्न नसक्ने ठहर्‍याई गरेको फैसला उल्टी गरी लिखतमा उल्लिखित जग्गामध्ये २ भागको १ भागको ५ भाग लगाई सोमध्ये ४ भाग लिखत बदर भई नरम गरम मिलाई वादीहरूको कायम गरी वादीका नाममा दर्तासमेत हुने ठहर्‍याएको पुनरावेदन अदालत बुटवलको मिति २०६९।२।३० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः केदारनाथ पौडेल, कालिबहादुर साम्पू लिम्बू

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल माघ २१ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-WO-०७१४, उत्प्रेषण / परमादेश, *कल्पना ज्ञवाली वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगरसमेत*

प्रस्तुत मुद्दामा लोक सेवा आयोगले लिएको लिखित परीक्षामा रिट निवेदक कल्पना ज्ञवाली महिला समूहमा र विपक्षी आभा श्रेष्ठ महिला र आदिवासी जनजाति दुवै समूहमा उत्तीर्ण भएको देखिन्छ । पछि अन्तर्वार्तासमेतको अङ्क जोड्दा रिट निवेदक कल्पना ज्ञवालीले प्राप्त गरेको अङ्कभन्दा विपक्षी आभा श्रेष्ठले प्राप्त गरेको अङ्क बढी भएको भन्ने लोक सेवा आयोगको भनाइ रहेको छ । अब, लोक सेवा आयोगले निर्देशिकाअनुसार आदिवासी जनजातिको भन्दा महिला समावेशीतर्फको नतिजा पहिला प्रकाशित गर्ने क्रममा महिला कोटाको १ जनाको सिटमा बढी अङ्क प्राप्त गर्ने आभा श्रेष्ठलाई सिफारिस गरेको पाइन्छ । आदिवासी जनजाति समूहमा कोही पनि उम्मेदवार बाँकी नभएकोले सो समूह खाली रहन गएको देखिन्छ । यसरी आयोगले कानूनसम्मत रूपमा नियुक्तिको सिफारिस गरेको देखिँदा सो निर्णयले रिट निवेदकको हकाधिकारमा प्रतिकूल असर पर्‍यो भनी भन्न नमिल्ने ।

विपक्षी आभा श्रेष्ठ महिला तथा आदिवासी जनजाति दुवै समूहमा र रिट निवेदक कल्पना ज्ञवाली महिला समूहमा मात्र उत्तीर्ण भएकोमा पहिले महिला समूहको नतिजा प्रकाशित गर्दा बढी अङ्क ल्याउने आभा श्रेष्ठलाई स्थायी नियुक्तिको लागि सिफारिस गर्ने गरेको लोक सेवा आयोगको मिति २०७३।०९।०७ को निर्णय उल्लिखित कानूनी व्यवस्थाको आधारमा कानूनसम्मत देखिन आयो । विपक्षी आभा श्रेष्ठलाई आदिवासी जनजाति कोटामा र आफूलाई महिला कोटामा सिफारिस गर्नुपर्ने भन्ने निवेदन दाबी उक्त ऐन, नियम, निर्देशिकाअनुसार मिल्ने देखिएन । सो निर्णयले रिट निवेदकले आफ्नो रिट निवेदनमा दाबी लिएजस्तो निजको संवैधानिक एवम् कानूनी हकाधिकारमा कुनै प्रतिकूल असर परेको नदेखिएकोले मागबमोजिमको आदेश जारी हुने अवस्था पनि नरहने ।

तसर्थ विवेचित आधार र कारणबाट कानूनबमोजिम लिखित परीक्षा र अन्तर्वार्ता सञ्चालन भई उम्मेदवारहरूले प्राप्त गरेको कूल अङ्कको आधारमा निज उम्मेदवारहरूको योग्यताक्रम निर्धारण गरी नियुक्तिका लागि सिफारीस गर्ने सम्बन्धमा लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगरबाट मिति २०७३।९।१७ मा भएको निर्णयलगायतका काम कारबाहीमा कानूनी त्रुटि भएको नदेखिँदा प्रस्तुत रिट निवेदन माग दाबीअनुसारको आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कल्याण खड्का

कम्प्युटर: देविमाया खतिवडा

इति संवत् २०७५ साल साउन २९ गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७५-WH-०११८, बन्दीप्रत्यक्षीकरण, *टेकबहादुर बस्नेत वि. मोरङ जिल्ला अदालत, मोरङ*

नयाँ कानूनी व्यवस्थाले अघि खारेज भएका कानूनबमोजिम फैसला भई सजाय कार्यान्वयन गर्नुपर्ने अवस्था रहेका मुद्दामा नयाँ कानूनले घटी सजाय गरेको भए फैसलाअनुसार सजाय नगरी घटी सजाय कार्यान्वयन गर्नु भनी स्पष्ट रूपमा कानूनी व्यवस्था गरी यस अदालतबाट व्याख्यासमेत भइसकेको हुँदा अब यस सम्बन्धमा कुनै द्विविधा हुनुपर्ने नदेखिने ।

प्रस्तुत रिट निवेदनको तथ्यगत अवस्थालाई हेर्दा निवेदकलाई सुरू अदालतले ठहर भएको जरिवाना रू.६८,९९५।५० बापत पनि कैद नै बस्नुपर्ने गरी मिति २०७५।९।२० मा आदेश भई मिति २०७५।१०।२१ मा कैदी पुर्जी दिएको देखिन्छ । निवेदकलाई प्रतिदिन ३००।- ले हुने कैद ०।७।२० समेत जम्मा ०।८।१० दिनबापत कैद बस्नु पर्ने गरी कैदी पुर्जी दिएको पाइने ।

निवेदकलाई जबरजस्ती चोरी मुद्दामा मोरङ जिल्ला अदालतबाट १ महिना १५ दिन कैद ठहर

भएकोमा निवेदक हालसम्म थुनामा रही उक्त कैद भुक्तान भइसकेको अवस्था छ । निवेदकलाई बिगो रू.४५,९९७।- को डेढी रू.६८,९९५।५० जरिवाना भएको देखिन्छ । मोरङ जिल्ला अदालतबाट मिति २०७३।१२।१७ मा थुनछेक आदेश हुँदा निवेदकसँग माग भएको धरौट रकम रू.७०,०००।- निवेदकले धरौटी र.नं. १८१० मिति २०७३।१२।१७ बाट सुरू मोरङ जिल्ला अदालतमा धरौटी राखेको देखियो । निज निवेदकलाई लागेको जरिवानाबापतको रकम प्रचलित कानूनले जफत नहुने अवस्था भएमा निवेदकले धरौटी र.नं.१८१० मिति २०७३।१२।१७ मा राखेको रू.७०,०००।- धरौट रकमबाट असुलउपर गर्न मिल्ने ।

मुलुकी अपराध संहिता, २०७४ बमोजिम चोरी मुद्दामा जरिवानाबापत कैद गर्ने कानूनी व्यवस्था नै खारेज भइसकेको वर्तमान अवस्थामा प्रस्तुत चोरी मुद्दाको फैसला कार्यान्वयनको क्रममा जरिवानाबापत पनि निवेदकलाई कैद नै हुने गरी मोरङ जिल्ला अदालतबाट मिति २०७५।९।२० मा भएको आदेश एवम् सो आदेशानुसार निवेदकलाई कैदमा राख्ने भनी मिति २०७५।१०।२१ मा दिइएको संशोधित कैदी पुर्जी तथा कैद भुक्तानका लागि कारागार कार्यालय, मोरङ पठाइएको कार्य कानूनसम्मत नदेखिने ।

उल्लिखित आधार तथा कारणसमेतबाट निवेदकलाई चोरी मुद्दामा ठहरेको कैदको सजाय भुक्तान भइसकेको र जरिवानाको हकमा मोरङ जिल्ला अदालतमा नगद धरौट राखेको देखिँदा निवेदकलाई अपराध संहिता, २०७४ मा लेखिएबमोजिमको हदसम्म सजाय कार्यान्वयन हुने हुँदा अब निवेदकको थुना त्रुटिपूर्ण एवम् कानूनविपरीत रहेको देखिन आयो । निवेदकलाई मोरङ जिल्ला अदालतबाट मिति २०७५।९।२० मा भएको आदेश, सो आदेशबमोजिम मिति २०७५।१०।२१ मा जरिवानाबापत समेत कैद म्याद ठेकी पठाएको कैदी पुर्जीको पत्र तथा मोरङ जिल्ला अदालतको मिति २०७५।९।२० को आदेश सदर गर्ने गरेको उच्च अदालत विराटनगरको मिति २०७५।११।३० को आदेशलगायतको काम कारबाही त्रुटिपूर्ण भई निवेदकको थुना गैरकानूनी देखिन आएकाले तुरून्त थुनाबाट मुक्त गरिदिनु भनी विपक्षीहरूको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृतः भरतकुमार दहाल
कम्प्युटर: देविना खतिवडा
इति संवत् २०७६ साल वैशाख १९ गते रोज ५ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CR-०३०७, सरकारी छाप दस्तखत किर्ते, *नेपाल सरकार वि. विष्णुप्रसाद डुम्रे*

प्रतिवादी विष्णुप्रसाद डुम्रेले पूर्वरिसइवीका कारण प्रहरीले आफूलाई फसाउन खोजेको र त्यसको निम्ति आफूले चिन्दै नचिनेको व्यक्ति कोपिला शाहीलाई प्रयोग गरेको भनी अनुसन्धान अधिकृतसमक्ष तथा अदालतसमेतमा कसुरमा इन्कार रही बयान गरेको पाइयो । प्रतिवादी कोपिला शाहीले प्रतिवादी विष्णुप्रसाद डुम्रेसँग भेट भएको मिति, समय, स्थान र सिफारिस बनाएबापत उनले लिएको पारिश्रमिकसमेत उल्लेख गरी सिलसिलेवार तरिकाले क्रमबद्ध रूपमा अनुसन्धान अधिकृतसमक्ष र अदालतसमेतमा बयान गरेकी देखियो । निजको भनाइबाट कोपिला शाहीसँग निज विष्णुप्रसाद डुम्रे विवादित किर्ते लिखत तयार गर्ने क्रममा परिचित भएको देखिन आएको छ । फसाउनु पर्ने अन्यथा कारण देखिएको छैन । कोपिला शाहीलाई मैले चिन्दिन, प्रहरीले फसाउनकै निम्ति यस्तो प्रपञ्च रचेको हो भन्ने प्रतिवादी विष्णुप्रसाद डुम्रेको भनाइ तथा निजको साक्षी विश्वचक्र त्रिपाठीले गरेको बकपत्र पत्यारिलो नदेखिने ।

एउटी लेखपढ गर्न नसक्ने महिला एक्लैले स्याङ्जा जिल्ला अदालतको लेटरप्याड प्रयोग

गरी अदालतको छाप र स्रेस्तेदारको हस्ताक्षर किर्ते गरी सिफारिस पत्र बनाएको होला भनी अनुमान गर्न सकिँदैन । निजलाई सो कसुर गर्नमा साथ दिने र सहयोग गर्ने व्यक्तिको संलग्नता स्वाभाविक देखिन्छ । प्रतिवादी विष्णुप्रसाद डुम्रे लेखापढीसमेतका कानून व्यवसाय गर्ने र अदालतका काम कारबाहीसँग परिचित र पहुँच भएका व्यक्ति देखिँदा निजउपर सहअभियुक्तले गरेको पोल सुसङ्गत, तर्कपूर्ण र विश्वसनीय नै देखिन्छ । सिफारिस भएको, पूर्वजान-पहिचान नभएको भन्नेसमेतका सहअभियुक्तको बयान बेहोरा नितान्त स्वाभाविक अवस्थाकै अभिव्यक्ति देखिएको छ । निज सहअभियुक्त कोपिला शाहीलाई निजको उक्त साबिती बयानसमेतलाई प्रमाणमा ग्रहण गरी कसुरदार ठहर गरिएको देखिन्छ । निज कोपिला शाहीले आफ्नो आर्थिक स्वार्थको कारणबाट सिफारिस तयार गराएको भनी आरोपित कसुरमा साबित भई बयान गर्दा सहअभियुक्तउपर समेत पोल गरेको देखिन्छ । अनुसन्धान अधिकारीसमक्ष तथा अदालतसमक्ष बयान गर्दा घटनाक्रम सिलसिलाबद्ध रूपमा उल्लेख गरेको पाइयो । पुनरावेदन गर्दाको अवस्थामा समेत उल्लिखित तथ्य खुलाएको देखियो । यस अवस्थाको सहअभियुक्तको बयानलाई प्रमाणमा नलिनु पर्ने कुनै कारण नदेखिने ।

न्यायलाई कुनै यान्त्रिक वा गणितीय विषयवस्तुको रूपमा हेरिनु हुँदैन । तथ्यसङ्गत विश्वसनीयताका आधारमा गुण दोषको मूल्याङ्कन गरिनु पर्ने हुन्छ । उपलब्ध सम्बद्ध प्रमाणबाट यदि अभियोग प्रमाणित भएको विश्वास गर्न सकिने मनासिब अवस्था देखिन्छ भने कसुर ठहर गर्नु पर्दछ । प्रमाणको प्रकार वा सङ्ख्यालाई मात्र हेरेर गणितीय आधारमा निष्कर्ष निकाल्दा कतिपय सन्दर्भमा सामाजिक यथार्थताविपरीत पनि हुन जान्छ । भएका विश्वसनीय प्रमाणको विवेकसङ्गत मूल्याङ्कन नगरी अन्धोले लाठी खोजेजस्तो गरी एकपछि अर्को प्रमाणको खोजी गर्नु र त्यसैलाई निरपेक्ष तवरबाट सफाइको आधार बनाउनु न्यायोचित हुँदैन । यस दृष्टिबाट हेर्दासमेत प्रतिवादी विष्णुप्रसाद डुम्रेले किर्ते लिखत खडा गर्ने कसुरजन्य कार्यमा संलग्न रहेको भनी ठहर गर्नु उचित नै देखिन आउने ।

अतः माथि विवेचित आधार, कारणबाट पुनरावेदन अदालत पोखराबाट मिति २०६८।१२।१९ मा प्रतिवादी विष्णुप्रसाद डुम्रेलाई अभियोग दाबीबाट सफाइ दिने ठहर गरेको हदसम्म सो फैसला मिलेको नदेखिँदा सो हदसम्म केही उल्टी भई प्रतिवादी विष्णुप्रसाद डुम्रे अदालतको लिखत र कर्मचारीको दस्तखत तथा छापसमेतका सरकारी कागजात किर्ते खडा गर्ने कार्यका मतियार देखिँदा निजलाई प्रतिवादी कोपिला शाहीलाई भएको सजायको आधा हुने गरी मुलुकी ऐन, किर्ते कागजको ९ नं. बमोजिम रू.२५।– पच्चीस रूपैयाँ जरिवाना र ११ नं. को पछिल्लो वाक्यांश बमोजिम ६(छ) महिना कैद हुने ।

इजलास अधिकृत: शिवप्रसाद आचार्य

कम्प्युटर: अर्जुन पोख्रेल

इति संवत् २०७५ साल असार १ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-CR-१०१६, चोरी, *शम्भु थापा वि. नेपाल सरकार*

बरामदी मुचुल्कामा यी पुनरावेदक प्रतिवादी शम्भु थापाको समेत सहिछाप भएको पाइन्छ । प्रतिवादीले मोटरसाइकलमा आफ्नो संलग्नता नभएको, चिने जानेका साथी सुनिल चन्दले ल्याएको मोटरसाइकल नजिकै बसेको समयमा प्रहरीले पक्राउ गरेको भनी पुनरावेदन जिकिर लिएको भए तापनि निज प्रतिवादीले सुरू अदालतमा गरेको बयान अध्ययन गर्दा, प्रतिवादीहरू सुनिल चन्द, प्रवेश सोभै मगर, तिलक थापा र शम्भु थापा चारैजना सँगै रूपेडिया घुम्न गएका र आफू रहे भएको स्थानबाट मोटरसाइकल प्रहरीले बरामद गरेको कुरामा स्वीकार गरी बयान गरेको देखिन्छ । पुनरावेदक प्रतिवादीबाहेकका अन्य प्रतिवादीहरू प्रवेश सोभै मगर तथा तिलक थापाले अधिकारप्राप्त अधिकारी तथा अदालतसमक्ष गरेको

बयानमा, पहिले सुनिल चन्दले अर्का साथी शम्भु थापाको फोनमा कल गरी हामी तीनैजनालाई बस्न भन्यो, एकछिनमा निजले एक मोटरसाइकल लिएर हामीलाई दिई अर्को लिन मेडिकल कलेजतर्फ गयो, पछि निजले अर्को पनि मोटरसाइकल लिएर आउँदा हामी सबैलाई प्रहरीले पक्राउ गरेको हो भनी बकपत्र गरेको पाइन्छ। प्रतिवादी सुनिल चन्दकाउपर प्रस्तुत वारदातभन्दा पहिले पनि कुलदिप गोइतको जाहेरीबाट चोरी मुद्दा लागी बाँके जिल्ला अदालतबाट मिति २०६६।१२।१९ मा कसुरदार ठहर हुने गरी फैसला भएकोसमेत देखिने।

यसबाट प्रतिवादीमध्येका सुनिल चन्द पटके चोर भएको देखिन आएको छ। चिनजानका मानिस सुनिल चन्दले ल्याएको मोटरसाइकलमा बसी घुम्नु अपराध होइन भनी प्रतिवादीले प्रस्तुत पुनरावेदनमा जिकिर लिएको देखिएबाट पनि निज पुनरावेदक प्रतिवादी पटके चोरको रूपमा रहेका अर्का प्रतिवादी सुनिल चन्दले ल्याएको मोटरसाइकलमा बसेको कुरा स्वीकार गरेको देखिन आएको छ। यसबाट प्रतिवादी चोरी भएको मोटरसाइकल आफूले प्रयोग गरेकोमा स्वीकार नै रहेको देखिन आएको हुँदा निज उक्त मोटरसाइकल चोरीको वारदातमा संलग्न भएको पुष्टि हुन आउने।

प्रस्तुत मुद्दामा चोरी भएका २ वटा मोटरसाइकलको बिगो २,७६,९००।– कायम भएकोमा र यी पुनरावेदक प्रतिवादीको उमेर १५ वर्षको भएकोमा विवाद छैन। पुनरावेदन अदालत नेपालगन्जबाट भएको फैसलाको ठहर खण्डमा यी प्रतिवादी शम्भु थापा १५ वर्षको भएको देखिँदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम आधा सजाय हुन्छ भनी उल्लेख भएको र सोहीबमोजिम तपसिल खण्डको देहाय ३ मा प्रतिवादी शम्भु थापालाई कैद १ महिनाको आधा १५ दिन कैद गर्ने र बिगो रू.२,७६,९००।– को आधा रू.१,३८,४५०।– जरिवाना हुने गरी लगत राखेको देखिँदा यस अदालतबाट अ.बं.२०२ नं. प्रयोग गर्दा उल्लेख गरिएको कारण तथा आधारसँग सहमत हुन नसकिने।

तसर्थ अभियोग दाबीबमोजिम यी पुनरावेदक प्रतिवादीलाई कसुरदार ठहर गरी सजाय गर्ने गरी पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०६८।९।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: चाणकमणि अर्याल

कम्प्युटर: अर्जुन पोख्रेल

इति संवत् २०७४ साल पुस २६ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७५-WH-०११५, बन्दीप्रत्यक्षीकरण, *कौशल्य जिम्वा लामा वि. महानगरीय प्रहरी वृत्त, स्वयम्भूसमेत*

प्रस्तुत मुद्दामा साधिकार अदालतबाट प्रचलित कानूनी व्यवस्थाबमोजिम म्याद थप भई अनुसन्धान भएको पाइयो। अदालतबाट प्रदान भएको अनुमतिअनुसार निवेदकहरूलाई मिति २०७५।१२।३ मा पक्राउ पुर्जी दिई पहिलो पटक ५ दिन र दोस्रो पटक मिति २०७५।१२।८ गते ४ दिन अनुसन्धानका लागि म्याद प्रदान भएअनुसार हिरासतमा राखेको देखिन्छ। यसप्रकार मुलुकी फौजदारी अपराध संहिता, २०७४ को खण्ड २ परिच्छेद २ र ३ बमोजिम अनुसन्धान छानबिन भइरहेको नियमित न्यायिक प्रक्रियाको कुरामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिल्ने देखिँदैन। कानूनी प्रक्रिया पूरा गरेर हिरासतमा राखेको र प्रवृत्त धारणा राखी कार्य गरेको वा गम्भीर अन्यायको परिणाम आउने अवस्थासमेत देखिएन। यस अवस्थामा नियमित न्यायिक प्रक्रियाबाट थुनामा राखिएको कुरामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु मनासिब हुँदैन। अनुसन्धानको कार्य सम्पन्न भएपश्चात् मुद्दा चलाउनु पर्ने पर्याप्त अवस्था छ वा छैन भन्नेसमेतका समग्र पक्षमा अभियोजनकर्ताबाट विवेकसङ्गत निर्णय हुनुपर्ने विषय भएकोले अहिले नै प्रमाण मूल्याङ्कन गरी निवेदकले लिएको निर्दोषितासम्बन्धी जिकिरको निरूपण गर्न नमिल्ने।

अतः निवेदक नियमित न्यायिक प्रक्रियाअनुसार कानूनबमोजिम थुनामा रहेको र निजलाई गैरकानूनी थुनामा राखेको भन्ने नदेखिएको हुँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: अम्बिकाप्रसाद दाहाल

इति संवत् २०७५ साल चैत ११ गते रोज २ शुभम्।

- यसै लगाउको ०७०-WH-०११४, बन्दीप्रत्यक्षीकरण, *रोजिना कार्की वि. महानगरीय प्रहरी वृत्त, स्वयम्भूसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७२-CI-०७८२, नापी निर्णय दर्ता बदर, *रामानन्द चौधरी थारू वि. ममताज आलम अन्सारी*

वादी ममताज आलम अन्सारी तथा प्रतिवादी रामानन्द चौधरी थारूसमेतको जग्गा दाता सुभनी थरूनी रहेको देखिन्छ। सुभनी थरूनीको नाउँमा दर्ता रहेको जिल्ला पर्सा, चोर्नी गा.वि.स. वडा नं. ७ साबिक कि.नं. ९१ को ज.वि. २-५-१० बाट कित्ताकाट गरी कि.नं. २९५ को १-१४-० ज.वि. र.नं.५३०८ मिति २०५०।२।५ गतेको राजीनामाबाट पुनरावेदक प्रतिवादी दलियादेवी थरूनीले खरिद गरेको देखियो। बाँकी कि.नं. २९६ को ज.वि. ०-१-१० को जग्गा सुभनी थरूनीको नाउँमा राखेको देखिन्छ। वादी ममताज आलम अन्सारीले दाबीको कि.नं. २९६ क्षेत्रफल ०-१-१० को जग्गा सुभनी थरूनीबाट मिति २०६०।३।१६ गतेको राजीनामाबाट पूरै कित्ता जग्गा खरिद गरेको पाइयो। उक्त जग्गाको २०५६ सालमा नयाँ नापी भएको देखिन्छ। साबिक कि.नं. २९६ क्षेत्रफल ०-१-१० को जग्गा नयाँ नापी हुँदा कि.नं. २८ क्षेत्रफल ०३४७.४० वर्गमिटर कायम भएको फिल्डबुक उतारबाट देखिन्छ। नयाँ नापी भइसकेपछि पुनरावेदक वादीका दाता सुभनी थरूनीले कि.नं. २९६ को जग्गाको हाल साबिक गरी पुर्जा लिएको देखिँदैन। सुभनी थरूनी तथा ममताज आलम अन्सारीबिच साबिककै दर्ता स्रेस्ताबाट कायम रहेको कि.नं. २९६ क्षेत्रफल ०-१-१० जग्गा किनबेच गरेको देखिन्छ। प्रतिवादीमध्येका दलियादेवी थरूनीले खरिद गरेको कि.नं. २९५ क्षेत्रफल १-१४-० को जग्गामध्ये कित्ताकाट गरी कि.नं. २९९ क्षेत्रफल ०-२-० को जग्गा आफ्नो पति रामानन्द चौधरी थारूलाई र.नं. २१२ मिति २०५०।४।२० मा हालैको बकसपत्र गरिदिएको र बाँकी कि.नं. ३०० क्षेत्रफल १-१२-० जग्गा दलियादेवी थरूनीको नाउँमा रहेको देखिन्छ। रामानन्द चौधरीको नाउँमा बकसबाट प्राप्त भएको साबिक कि.नं.२९९ नयाँ नापी हुँदा कि.नं. २७ कायम भएको र दलियादेवी थरूनीको नाउँमा रहेको कि.नं. ३०० क्षेत्रफल १-१२-० को जग्गा नयाँ नापी हुँदा कि.नं. ८३ क्षेत्रफल १०९२५ वर्गमिटर कायम भई हाल साबिक गरी जग्गाधनी प्रमाण पुर्जासमेत प्राप्त गरिसकेको भन्ने कुरा प्रतिवादीहरूको प्रतिउत्तर जिकिरबाट देखिन्छ। दलियादेवी थरूनीले कि.नं. ८३ को जग्गा कित्ताकाट गरी र.नं. ५१८५क मिति २०६६।२।१९ मा अन्जुकुमारी चौधरीलाई बिक्री गरेको र बाँकी कि.नं. ३१० क्षेत्रफल ००६७७.२६ र कि.नं. ३११ क्षेत्रफल ०४३२१.७० को जग्गा दलियादेवी थरूनीको नाउँमा रहेको दलियादेवीको जग्गाधनी प्रमाण पुर्जासमेतबाट देखियो। प्रतिवादीहरूले उल्लिखित कि.नं. २७ र ३१० को दर्ता स्रेस्ता हाल साबिक गर्दा यी पुनरावेदकका दातालाई जानकारी गराएको अवस्था पनि नदेखिने।

पर्सा जिल्ला अदालतबाट मिति २०७१।१।३१ मा नक्सा मुचुल्का भएको देखिन्छ। उक्त नक्सा मुचुल्कालाई यी प्रतिवादीहरूले अन्यथा हो भनी चुनौती दिएको देखिँदैन। अदालतबाट भई आएको नक्सा मुचुल्काको नक्सा कैफियतमा न.नं. ४ मा ०११२.५० वर्गमिटर जग्गा भई साबिक कि.नं. २९६ हाल नयाँ नापीको कि.नं. २७ मध्येको वादीले विवाद देखाएको जग्गा र न.नं. १२ मा ००४०.० वर्गमिटर जग्गा भई साबिक कि.नं. २९६ हाल नयाँ

नापीको कि.नं. ३१० मध्ये वादीले विवाद देखाएको जग्गा रहेको भन्ने उल्लेख गरेको पाइयो । तसर्थ वादीको कि.नं. २९६ मध्येको जग्गा प्रतिवादीहरूको नाउँमा दर्ता रहेको कि.नं. २७ र ३१० को जग्गामा नयाँ नापी भई दर्तासमेत भएको निर्णय बदर गरी पुनरावेदक वादीको नाउँमा दर्तासमेत हुने ठहर गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला मनासिब नै देखियो । उक्त फैसला उल्टी गरिपाउँ भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः विवेचित आधार र कारणहरूबाट सुरू पर्सा जिल्ला अदालतको फैसला उल्टी गरी वादी ममताज आलम अन्सारीको कि.नं. २९६ मध्येको जग्गा प्रतिवादी रामानन्द चौधरी थारूसमेतको नाउँमा दर्ता रहेको कि.नं. २७ र ३१० को जग्गामा नयाँ नापी भई दर्तासमेत भएको निर्णय बदर गरी वादी ममताज आलम अन्सारीको नाउँमा दर्तासमेत हुने ठहर गरी मिति २०७२।३।१४ मा भएको पुनरावेदन अदालत हेटौंडाको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: डल्लुराम चौधरी

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७५ साल चैत ३ गते रोज १ शुभम् ।

## इजलास नं. १०

१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री कुमार रेग्मी,** ०७०-CI-१०२६, मिलापत्रबमोजिम मोही लगत कट्टा गरिपाऊँ, *जायदा खातुन वि. गोविन्दबहादुर चिपालु*

साबिक कि.नं.११ नारायणबहादुर चिपालु जुद्ध मैच फ्याक्ट्रीको नाममा कायम रहेको जग्गा मिति २०३८।८।२१ को निर्णयले कि.नं.५५२ र ५५३ कित्ताकाट भई कि.नं.५५३ चिकित्साशास्त्र अध्ययन संस्थानको नाममा र कि.नं.५५३ नारायणबहादुर चिपालुको नाममा नै कायम रहेको देखिन्छ । २०४२ सालमा जुद्ध मैच फ्याक्ट्री लिमिटेड विरगन्जका महाप्रबन्धक गणेशमान श्रेष्ठले प्रतिवादी सहिदन हजामिनउपर दायर गरेको मोही निस्कासन मुद्दामा साबिक कि.नं.११ को ०-५-१० जग्गा बिगाहा उल्लेख भई मुद्दा दायर भएको र सो मुद्दामा वादी प्रतिवादीबिचमा मिलापत्र भएको पाइयो । उक्त मिलापत्रको बेहोरामा मोही सहिदन हजामिनले आफ्नो मोही हकबापत नगदै बुझी मोही हक छाडी दिएको भन्ने बेहोरा उल्लेख भएको देखिन्छ । उक्त मिलापत्र बेहोराले साबिक कि.नं.११ मा कायम रहेको मोही हक छाडी दिएको भन्ने नै देखियो । उक्त कि.नं.११ बाट कित्ताकाट भई कि.नं. ५५२ र कि.नं.५५३ कायम भएपनि कित्ताकाट हुँदाको बखतमा समेत निज सहिदन हजामिन नै मोही कायम रहे भएको पनि देखिन्छ । यसरी मिति २०३९।०८।२९ मा मोहियानी हक नामसारी हुँदा मिति २०३८।८।२१ को निर्णयले कि.नं. ५५२ र ५५३ कायम भइसकेको देखिए पनि मिति २०४२।८।१० मा जिल्ला अदालत पर्सामा मिलापत्र हुँदा नयाँ कायम भएको कित्ता जग्गा उल्लेख नभएको भन्नेसम्मका आधार कारणले मात्र मिलापत्रअनुसार मोही हक कट्टा हुन नसक्ने हो भन्न मिल्ने पनि नदेखिने ।

दाबीको कि.नं.५५३ को जग्गा साबिक कि.नं.११ जग्गाबाट नै कित्ताकाट भएको भन्ने कुरामा विवाद देखिँदैन । तत्काल कायम रहेको मोहीले कानूनबमोजिम निर्णय गर्ने अधिकारक्षेत्र रहेको अदालतबाट भएको मिलापत्रबाट भएको आफ्नो हक छाडी दिएको र सोउपर कहीँकतै उजुर नपरी अन्तिम रहेको कुरामा सो मोही हक यथावत कायम नै रही रहन्छ भन्न कानूनतः मिल्ने पनि देखिएन । जहाँसम्म सहदिन हजामिनले गराएको मोही नामसारी निर्णय बदर गरिपाउँ भनी बुहारी जायदा खातुनले मुद्दा दिई भूमिसुधार कार्यालय, पर्साबाट २०६८।१।२९ मा २०३९।८।२९ को नामसारी निर्णय बदर हुने ठहरी अन्तिम भएको भन्ने प्रश्न छ, प्रथमतः २०३९।८।२९ को नामसारी निर्णयपश्चात् मिति २०४२।८।१० मा मोहियानी हक छाडी मिलापत्र गरेको देखिएकोमा सो मिलापत्रलाई कहीँकतै चुनौती दिएको

देखिँदैन । विवादित कि.नं.११ को साबिकमा रोज मिया मोही रहेकोमा २०२९ मा निजको मृत्यु भएको र तत्काल बहाल रहेको भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) बमोजिम श्रीमतीका नाउँमा नामसारी भएको छ । तत्कालमा बुहारीको नाममा नामसारी हुन सक्ने कानूनी अवस्था पनि देखिँदैन । मोही नामसारी निर्णय बदर मुद्दामा जग्गाधनीलाई विपक्षी बनाएको नदेखिएको र मिलापत्रबाट मोही पनि हक नै टुटिसकेको व्यक्तिका विरूद्ध दिएको निर्णय बदर मुद्दालाई अदालतबाट भइसकेको मिलापत्र निष्क्रिय हुन्छ भन्न मिल्ने देखिएन । कित्ता नं. ११ मा मिलापत्र हुनुपूर्व नै कि.नं. ११ कित्ताकाट भई कि.नं.५५२ र ५५३ भएको भन्ने हकमा जग्गाधनी र मोहीको नाम परिर्वतन नभएको स्थितिमा र जग्गाधनीको स्वामित्वमा विवाद भएको अवस्थामा कि.नं. राखी मिलापत्र भयो भन्ने कुराले अब कि.नं. ५५३ मा जग्गाधनीको हक समाप्त भयो भन्न मिल्ने देखिँदैन । यस अवस्थामा जग्गाधनी सलाई फ्याक्ट्रीको तर्फबाट गोविन्दबहादुर चिपालुले लगत कट्टामा निवेदन दिएकोमा लगत कट्टातर्फ केही बोली रहनु परेन भनी तामेलीमा राख्ने गरी सुरू भूमिसुधार कार्यालय, पर्साबाट मिति २०६८।१।२९ मा भएको निर्णय मिलेको नदेखिँदा बदर हुने ठहऱ्याई भएको फैसला मिलेको नै देखिन आउने ।

अतः उल्लिखित आधार कारणबाट पुनरावेदक वादीले प्रत्यर्थी प्रतिवादीउपर मोही निष्कासन गरी मोही लगत कट्टा गरिपाउँ भनी पर्सा जिल्ला अदालतमा फिरादपत्र दायर गरी चलेको मुद्दामा वादी प्रतिवादीका बिच मोही लगत कट्टा गरी मिति २०४२।८।१० मा मिलापत्र भएको देखिएको र सो मिलापत्र हालसम्म अन्तिम भइरहेको अवस्थामा उक्त मिलापत्रबमोजिम मोही लगत कट्टा गरी पाउन भूमिसुधार कार्यालय, पर्सामा निवेदन गरेकोमा सोबमोजिम मोही लगत कट्टा गरी दिनुपर्नेमा नगरी लगत कट्टातर्फ केही बोलिरहनु परेन भनी तामेलीमा राख्ने गरी सुरू भूमिसुधार कार्यालय, पर्साबाट मिति २०६८।१।२९ मा भएको निर्णय मिलेको नदेखिँदा बदर हुने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाको मिति २०७०।५।२ को भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: डोलनाथ न्यौपाने

कम्प्युटर अपरेटर: पद्मा आचार्य

इति संवत् २०७६ साल वैशाख १२ गते रोज ५ शुभम् ।

२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री कुमार रेग्मी,** ०७१-CI-०८१८, उत्प्रेषण, *प्रमोदप्रसाद यादवसमेत वि. क्षेत्रीय शिक्षा निर्देशनालय मध्यमाञ्चल हेटौंडा मकवानपुरसमेत*

शिक्षा सेवा आयोगले लिएको शिक्षण अध्यापन पत्रको परीक्षामा यी निवेदकले परीक्षा दिई मिति २०६७।६।२२ मा प्रकाशन भएको परीक्षा परिणाममा यी निवेदक उत्तीर्ण भएकोमा विवाद देखिएन । यसरी पास र फेल भएको परिणाम प्रकाशित भए पनि सोअनुसार प्राप्त हुने प्रमाण पत्र तत्काल प्राप्त गर्न सक्ने अवस्था थियो वा थिएन भन्ने विषय महत्त्वपूर्ण हुन्छ । निवेदकले आफू पास भएको प्रमाणपत्र कहिले प्राप्त गर्न सक्ने हो भन्ने विषय प्रमुख रहने देखिन्छ । निवेदकले जुन मितिमा निवेदन दिए सोही मितिमा प्रमाणपत्र प्राप्त हुने वा जारी हुने वा नतिजा प्रकाश भएको निश्चित अवधि भुक्तान भएपछि जारी भई प्राप्त गर्ने हो भन्ने स्पष्ट रूपमा खुल्न सकेको देखिँदैन । यी रिट निवेदकहरूले अलगअलग मितिमा उक्त प्रमाण पत्र प्राप्त गरेको भन्ने देखिन्छ । प्रमाण पत्र पाउने समय र प्रक्रिया के थियो भन्नेबारेमा अख्तियारको पत्रबाट समेत खुल्दैन । साथै अख्तियारले आफूसमक्ष परेको उजुरीका सम्बन्धमा यी निवेदकहरूलाई बुझेको पनि देखिँदैन । तर अख्तियारले छानबिन गरी मिति २०७१।२।२८ मा गरेको निर्णय बदर गर्न यी निवेदकहरूले माग गरेको र अख्तियारलाई विपक्षी बनाएको अवस्थासमेत नहुँदा सोतर्फ थप बोली रहनु आवश्यक नहुने ।

निवेदकमध्ये मदन बैठा P.C.F. दरबन्दीमा र प्रमोदप्रसादलाई राहत दरबन्दीमा तलब भत्ता खाने

गरी नियुक्ति दिएको देखिन्छ । उक्त दरबन्दी अस्थायी भएको र स्रोत भएसम्म सो पदमा नियुक्ति कायम रहने देखिन्छ । यसबाट निवेदकहरूको P.C.F. एवम् राहत दरबन्दीका अस्थायी शिक्षक रहेको भन्ने देखिँदा निवेदकहरूको नियुक्तिको निरन्तरता उक्त दरबन्दीमा रकम निकासा हुँदासम्म हुने देखिन आयो । निवेदकको पद नै अस्थायी र करारीय प्रकृतिको देखिँदा निजहरूको कुनै हक सिर्जना हुन सक्ने देखिएन । हक नै सिर्जना नभएको हुँदा विपक्षीहरूको कार्यबाट निवेदकहरूको हकहितमा प्रतिकूल असर परेको हो भन्ने अवस्था पनि देखिन आएन । विपक्षीहरूको उक्त कार्यबाट निवेदकहरूको हकहितमा प्रतिकूल असर परेको नदेखिएको अवस्थामा निवेदकहरूको मागबमोजिम उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गरी रहन परेन । यस स्थितिमा पनि पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।५।१८ मा भएको फैसला मिलेकै देखिन आउने ।

तसर्थ उल्लिखित अधार कारणसमेतबाट निवेदकहरूको मागबमोजिम उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान नभएकोले रिट निवेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।५।१८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: डोलनाथ न्यौपाने

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७६ साल वैशाख ९ गते रोज २ शुभम् ।

३

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०६७-WO-०२५३, उत्प्रेषण / परमादेश, *अमरबहादुर देउवा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

नेपालको अन्तरिम संविधानको उपर्युक्त व्यवस्थाअनुसार आयोगलाई मुख्य रूपमा दुई प्रकारका अधिकारप्राप्त भएको देखिन्छ । पहिलो, भ्रष्टाचार सम्बन्धमा अनुसन्धान र तहकिकात गरी भ्रष्टाचार भएको देखिएमा अदालतमा मुद्दा दायर गर्ने र दोस्रो, अनुचित कार्य गर्ने पदाधिकारीउपर आवश्यक कारबाहीको लागि अख्तियारवालासमक्ष लेखी पठाउन सक्ने, अब आयोगलाई प्राप्त यी अधिकारहरूमध्ये के कस्तो अधिकार प्रत्यायोजन गर्न मिल्ने हो भन्ने सम्बन्धमा हेर्दा संविधानको धारा १२० को उपधारा (७) मा अनुसन्धान र तहकिकात गर्ने वा मुद्दा चलाउने आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त, आयुक्त वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको सर्तको अधीनमा रही प्रयोग तथा पालन गर्न पाउने गरी सुम्पन सक्नेछ भन्ने व्यवस्था गरेको देखिन्छ । अधिकार प्रत्यायोजन सम्बन्धमा सो उपधारा (७) मा प्रयुक्त "अनुसन्धान र तहकिकात गर्ने वा मुद्दा चलाउने आफ्नो काम, कर्तव्य र अधिकारमध्ये" भन्ने शब्दावलीको अर्थ अनुसन्धान र तहकिकात गर्ने वा मुद्दा चलाउने कार्य सम्बन्धमा मात्र अधिकार प्रत्यायोजन हुन सक्ने गरी संवैधानिक सीमा निर्धारण गरेको देखिने ।

आयोगको निर्णय भनी सचिवले गरेको मिति २०६७।५।२० को निर्णय र सो निर्णयका आधारमा उद्योग मन्त्रालयमा मिति २०६७।५।२४ मा गरिएको पत्राचारहरूसमेत आयोगलाई नभएको अधिकार प्रयोग गरी भएको निर्णय देखिँदा उक्त निर्णयमा अधिकार क्षेत्रको त्रुटि देखिन आयो । यसरी अधिकार क्षेत्रभन्दा बाहिरका विषयमा भएको उक्त मिति २०६७।५।२० को निर्णय र सो निर्णयअनुसार गरिएको पत्राचारसमेत उत्प्रेषणको आदेशले बदर हुने ।

निवेदकले खयरको काठबाट उत्पादन हुने कत्था र कच्छ उत्पादन गर्ने गरी उद्योग विभागबाट मिति २०६५।१।१७ मा उद्योग दर्ता प्रमाण पत्र पाएकोमा विवाद देखिँदैन । यसरी उद्योगले प्राप्त गरेको उत्पादन गर्ने अख्तियारीअनुसार कत्था र कच्छ भन्ने शब्दभित्र खयरको झोल पर्ने हो वा होइन, त्यस्तो खयरबाट उत्पादित रस (झोल) निकासी गर्न दिँदा खयरको काठ नै निकासी हुने अवस्था आउँछ वा आउँदैन, प्राकृतिक स्रोतको रूपमा रहेको खयर

जातको रूख कटान हुँदा सो कटानले कुन हदसम्म वन जंगल र प्राकृतिक स्रोतको विनास र वातावरणमा प्रतिकूल प्रभाव र असर पार्दछ भन्ने विषयका अतिरिक्त खयर काठबाट उत्पादन हुने कत्था र कच्छ पदार्थको विषयमा भन्सार दस्तुर निर्धारण गर्न प्रयोग गरिएको भन्सार कोडले कत्था र कच्छ पदार्थको भन्सार दस्तुर र खयरको झोलको भन्सार दस्तुरको दर एउटै हो वा एउटै होइन, हाल कत्था र कच्छ पदार्थको विषयमा भन्सार कोडमा उल्लिखित कुराले खयरको झोलको निकासीलाई समेत समेट्छ समेट्दैन भन्नेसमेतका विषयमा निवेदकसहित यसै विषयसँग सरोकार राख्ने अन्य सरोकारवालाहरूसमेत सँग छलफल र परामर्श गरी गराई उचित र उपयुक्त सरकारी स्तरबाट निर्णय गर्नु गराउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: डोलनाथ न्यौपाने

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७६ साल वैशाख १० गते रोज ३ शुभम् ।

## इजलास नं. ११

१

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७४-CI-०२५५, अंश नामसारी, *खालिदा बानुसमेत वि. मुहम्मद खालिद*

वादी प्रतिवादीहरूबिच भारतमा चलेको मुद्दाबाट पति पिता मोहम्मद जाहिरको २००३।१।१ (मिति २०५९।९।१७) तारिखमा निधन भएपश्चात् नै सबै अंशियारको खानपान अलग-अलग भएको तथ्य स्वीकार गरेको, प्रतिवादीहरूबाट मिति २०६२।१।१३ मा मानो छुट्टिएको मिति देखाई प्रतिउत्तर तथा तायदातीमा समेत उल्लेख गरेको तथा नेपालमा कसैको जिम्मामा बन्डा लाग्ने सम्पत्ति रहेको भनी भारतमा मुद्दा चल्दा कसैको दाबी नरहेको अवस्थामा भारतीय अदालतमा विचार गरिएको तथ्यसमेतका आधारमा एकआपसमा छुट्टिई भिन्न-भिन्न बसिआएको र निजहरूको लेनदेन व्यवहारसमेत अलग-अलग भइसकेको देखियो । प्रतिवादी खालिदा वानुले उपर्युक्त रूपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका वडा नं.४(ख) कि.नं. १६१४, ७०६, १६९४ र १६९६ जग्गाहरू मिति २०६६।५।१६ र सोपश्चात् मात्र खरिद गरेको पनि देखियो । वादी प्रतिवादीहरूबिच भारतमा नै उपर्युक्तबमोजिम छुट्टिई व्यवहार र खानपान नै अलग भइसकेपछि खरिद गरेको जग्गा अन्य अंशियारलाई समेत बन्डा लाग्ने भन्न मिल्ने नदेखिने ।

मुलुकी ऐन, अंशबन्डाको महलको १८ नं सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (*ने.का.प.* २०५२, अङ्क ८, नि.नं.६०६०) का आधारमा समेत आपसमा मानो छुट्टिई भिन्नभिन्न बसी रहनसहन छुट्याइसकेपछि लिएको ऋण धनको दायित्व स्वयम् त्यस्तो कारोबार गर्ने व्यक्तिमा नै हुने हुँदा पुनरावेदक प्रतिवादी खालिदा वानुले खरिद गरेका उपर्युक्त ४ कित्ता जग्गाहरू बन्डा लाग्ने भन्ने नदेखिने ।

पुनरावेदक प्रतिवादी तथा प्रत्यर्थी वादीहरू भारतीय नागरिक रहेका, निजहरू आपसमा सम्पत्तिको उपभोग सम्बन्धमा भारतमा नै पटकपटक विवाद भई भारतीय न्यायालयमा समेत यस विषयमा कारबाही चलेको, प्रस्तुत मुद्दाका प्रत्यर्थी वादी स्वयम्ले समेत भारतीय न्यायालयमा यिनै प्रत्यर्थीहरूसमेत विरूद्ध दिएको निवेदनमा आफूहरूबिच इ.सं. १-१-२००३ मा पिताजीको निधनपश्चात् नै भात भान्सा अलग रहेको भनी जिकिर लिई सोहीबमोजिम न्यायालयबाट समेत निजहरूको कारोबारमा हस्तक्षेप नगर्नु भनी आदेशसमेत भएको देखिएको, पुनरावेदक प्रतिवादी खालेदा वानुको नाममा रहेको सम्पत्ति पनि यी दुवै पक्षबिच रहनसहन भात-भान्सा अलग भइसकेपछि निजले ऋण धन गरी खरिद गरेको भन्ने देखिएको, प्रत्यर्थी वादीले सो कुरालाई खण्डित गर्न नसकेको र उक्त सम्पत्ति भारतबाट अंश लाग्ने चल सम्पत्ति ल्याई खरिद गरेको भन्ने दाबीसमेत नरहेको अवस्थामा उक्त सम्पत्तिलाई प्रतिवादी खालेदा वानुको स्व-आर्जनको सम्पत्ति नै मान्नु पर्ने देखिने ।

अत: विवेचित तथ्य, आधार एवम् कारणसमेतका आधारमा पुनरावेदक प्रतिवादी खालेदा वानुले नेपालको रूपन्देही जिल्लास्थित सिद्धार्थनगर नगरपालिका वडा नं. ४ (ख) मा खरिद गरेका कि.नं १६१४, ७०६, १६९४ र १६९६ समेतका जग्गाहरू निजको स्वआर्जनका जग्गा भई बन्डा नलाग्नेमा उक्त चारै कित्ता जग्गाहरू वादी दाबीबमोजिम ४ भागको १ भाग बन्डा लाग्ने गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०७३।५।१९ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी हुने।

इजलास अधिकृत: सुभाशचन्द्र दाहाल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल भदौ १० गते रोज १ शुभम्।

२

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७४-CR-०३९३, मानव बेचबिखन तथा ओसारपसार, *नेपाल सरकार वि. धनकुमारी थारू (वि.क.) समेत*

प्रतिवादी बनाइएकी धनकुमारीले के कस्तो कार्य गरी के कुन भूमिका निर्वाह गरी मानव बेचबिखन तथा ओसारपसारजस्तो आपराधिक कार्यमा के भूमिका निर्वाह गरेकी हुन् भन्ने प्रस्ट अभियोगदाबी भई निजउपरको कसुर यो यसरी ठोस तथ्ययुक्त आधार प्रमाणबाट प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार पुष्टि प्रमाणित हुन आएको देखिँदैन। निजले यो यस्तो भूमिका निर्वाह गरेकी थिइन् भनी पीडिताहरूले समेत प्रस्ट रूपमा खुलाई भन्न लेखाउन सकेको अवस्था देखिँदैन । प्रतिवादी सन्तोषकुमार थारूको श्रीमती भएको र एउटै घरमा रहे बसेको आधारले मात्र आपराधिक कार्यमा सहयोग गरी भूमिका निर्वाह गरेको आधारविना नै कसुरदार ठहर गर्न न्यायोचित हुने नभई फौजदारी न्यायको सर्वमान्य सिद्धान्तविपरीत हुन जाने भई फौजदारी न्यायको विपरीत हुन जाने हुन्छ । कसुरदार ठहर गर्नलाई कसुर गरेको कुरा वस्तुनिष्ठ आधारबाट प्रमाणित हुनुपर्छ केबल अनुमान प्रमाणकै आधारले मात्र कसुरदार ठहर गर्नु फौजदारी न्यायको मर्मविपरीत हुन जाने।

जाहेरवाला प्रतिवेदक प्र.ना.नि.धर्मराज शाहीले अदालतसमक्ष गरेको बकपत्र हेर्दा "भे.१ ज १५४ नं.को गाडीमा पीडितहरूलाई राखी भारततर्फ बेचबिखन गर्न लैजाँदै छन् भन्ने सुराकीको आधारमा उक्त गाडी गएको दिशातर्फ पिछा गर्दै जाँदा प्रतिवादी सन्तोष थारूले आफ्नै घरमा कोठामा थुनेर राखेको अवस्थामा देखी उद्दार गरिएको हो । प्रतिवादी धनाकुमारी थारू (वि.क.) घर नजिकै थिइन् भनी बकपत्र गरेको देखिन्छ । निजको बकपत्रबाट पनि निज धनाकुमारी आरोपित कसुरमा संलग्न रहेको भनी पुष्टि हुने आधार दखिएन। प्रतिवादी धनाकुमारी थारू (वि.क.) समेतको साक्षी सुकमा सुनारले प्रतिवादी धनाकुमारीसमेत निर्दोष हुन् भनी बकपत्र गरिदिएको देखिन्छ। पीडित संकेत नं.६६ टपरी ८ ले अदालतसमक्ष उपस्थित भई बकपत्र गर्दा प्रतिवादी सन्तोषकुमार थारू र धनाकुमारी थारूलाई चिन्दैन। बलबहादुर तामाङलाई चिन्छु । प्रतिवादीहरूले कुनै प्रलोभनमा नपारेको, प्रतिवादी बलबहादुर तामाङले आज सन्तोषकुमार थारूको घरमा बसी त्यहीँ खाना खाने र दिल्ली जाने भनी सन्तोष थारूको घरमा पुर्‍याई त्यहाँ हामीले खाजा खाँदै गर्दा एक्कासी प्रहरी आई हामी पीडित ८ जनालाई गाडीमा हाली जिल्ला प्रहरी कार्यालयमा ल्याएको हो। प्रहरीमा भएको बयान कागज प्रहरीले लेखाई सही गराएका हुन् । हामीले लेवनान जान लागेको हो भन्यौं त्यसपछि प्रहरीले तिमीहरूलाई बेचबिखन गर्न ल्याएको हो भनी भन्नु भयोसमेत भनी बकपत्र गरिदिएको देखिन्छ। निजको बकपत्रबाट पनि प्रतिवादी धनाकुमारी थारू (वि.क.) उपरको अभियोग दाबी समर्थित भएको देखिँदैन। वादी नेपाल सरकारको तर्फबाट पनि अन्य वस्तुनिष्ठ प्रमाण पेस गरी निज प्रतिवादी धनाकुमारी थारू (वि.क.) विरूद्धको अभियोग दाबी पुष्टि गर्न सकेको नदेखिँदा निजले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याई सुरू अदालतबाट भएको फैसला निजको हकमा मिलेकै देखिन आएको भनी उच्च अदालत तुलसीपुर,

नेपालगन्ज इजलासबाट फैसला भएको हुँदा निज प्रतिवादी धनाकुमारी थारूलाई अभियोग दाबीबमोजिम कसुर कायम गरी सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

पुनरावेदक प्रतिवादी सन्तोषकुमार थारूको हकमा विचार गर्दा निज प्रतिवादी विरूद्ध मानव बेचबिखन तथा ओसारपसार ऐन, २०६४ को दफा ४(२)(क) को कसुरमा ऐ.दफा १५(ङ) बमोजिम सजाय हुन अभियोग दाबी रहेको देखिन्छ। ऐ.ऐनको दफा ३ ले "कसैले पनि मानव बेचबिखन र ओसारपसार गर्न गराउन हुँदैन" भनी स्पष्ट गरेको पाइन्छ । सोही ऐनको दफा ४(२)(क) हेर्दा "किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने कार्यलाई मानव ओसारपसार गरेको मानिने" भनी स्पष्ट लेखिएको पाइन्छ। प्रस्तुत सन्दर्भमा हेर्दा काठमाडौंबाट आएका पीडितहरूलाई बर्दिया जिल्लाको टपरी गाउँबाट प्रहरीले उद्धार गरेको भन्ने देखिन आएको छ । जिल्ला न्यायाधीशबाट प्रमाणित भएको पीडितहरूको संयुक्त बयान कागज हेर्दा यी प्रतिवादी सन्तोषकुमार थारूसमेत भई पीडितहरूलाई काठमाडौंबाट गुलरिया लिएर आई गुलरियाबाट जिपमा राखी निज प्रतिवादीको घर टपरी गाउँसम्म लगी राखेको भन्ने बेहोरा खुल्न आएको देखिन्छ । निज प्रतिवादी सन्तोषकुमार थारूले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा हाल फरार प्रतिवादी बलबहादुरसँग चिनजान भएको, निजले पीडितहरूलाई साथमा ल्याई सँगै बसमा काठमाडौंबाट गुलरियासम्म आई बलबहादुर तामाङसँग भएको सल्लाहबमोजिम पीडितहरूलाई भारतको बाटो हुँदै विदेश लैजाने कार्यमा सघाउ पुऱ्याउन भनी पीडितहरूलाई जिपमा राखी आफ्नो घरमा लगी राख्नेसमेतको कार्य गर्न प्रतिवादी बलबहादुरलाई सहयोगसम्म गरेको हो, निज बलबहादुर बजार जान्छु, पैसा पनि निकाल्नु छ, एकजना साथी पनि भेट्नु छ भनी गएकोमा निज फरार रहेको बेहोरासमेत खुलाई बयान गरेको देखिन्छ । निजले अदालतसमक्ष बयान गर्दासमेत प्रतिवादी बलबहादुर, पीडित जना ८ र आफू सँगै बसमा काठमाडौंबाट बर्दियासम्म आएको, निज बलबहादुरले पीडितहरूलाई भारतको दिल्लीबाट विदेश पठाउने हो भनेबमोजिम निजलाई सहयोग पुऱ्याई गाडी रिजर्भ गरी पीडितहरूलाई गुलरियाबाट आफ्नो घरमा लगी राखेको भन्नेसमेत बेहोरा खुलाई बयान गरेको देखिन्छ । सो तथ्य जाहेरवाला प्रतिवेदक प्र.ना.नि. धर्मराज शाहीले गरेको बकपत्र, पीडित संकेत नं.६६ टपरी-८ ले गरेको बकपत्रसमेतबाट पुष्टि भइरहेको देखिने।

प्रतिवादी सन्तोषकुमार चौधरी स्वयम्ले पीडित वा निजहरूको परिवारका सदस्यहरूसँग भेटी प्रलोभन देखाएको वा झुक्याई जालसाज गरी प्रपञ्च मिलाई करकाप तथा डर, त्रासमा पारी कुनै तरहले ललाई फकाई गरेको वा निजले पीडितहरूलाई विदेश पठाउनको लागि फरार प्रतिवादीसमेतसँग मिली योजना बनाई आर्थिक वा अन्य कुनै किसिमको लाभ लिने कार्य गरेको अन्य कोही कसैसँग पीडितहरूलाई विदेश पठाउन सम्पर्क गरेको भन्नेसमेतको अवस्था मिसिल प्रमाणबाट देखिन आएको छैन । यी प्रतिवादीलाई वैदेशिक रोजगारीका लागि मानिस पठाउने कानूनबमोजिमको कुनै अख्तियारी रहेको वा त्यस्तो अख्तियारप्राप्त निकायमा सेवारत रहेको भन्ने अवस्था देखिन आएको छैन। पीडितहरूलाई वैदेशिक रोजगारीका लागि लेवनान पठाउने भनी विश्वास दिलाउने कार्य फरार प्रतिवादी बलबहादुर तामाङले गरी गैरकानूनी तवरले पीडितहरूलाई ओसारपसार गर्ने कार्यमा यी प्रतिवादीले सहयोग पुऱ्याएकोसम्म मिसिल प्रमाणहरूबाट स्थापित हुन आएको हुँदा यी प्रतिवादी सन्तोषकुमार थारूले अभियोग दाबीबमोजिमको कसुर अपराधको मुख्य व्यक्ति भई उक्त कार्य गरेको नभई मतियार भई पीडितहरूलाई काठमाडौंबाट गुलरिया र गुलरियाबाट आफ्नो घर टपरी गाउँमा लगी राख्नेसमेतको मानव ओसारपसारको कार्यमा

मतियारको भूमिका निर्वाह गरी सहयोग मात्र पुऱ्याएको हो भन्ने देखिन आएको छ। तसर्थ, सुरू अदालतबाट यी प्रतिवादीलाई आरोपित कसुरमा कसुरदार ठहऱ्याई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ) बमोजिम दश वर्ष कैद र साठी हजार रूपैयाँ जरिवाना सजाय हुने ठहऱ्याई भएको फैसला मिलेको देखिएन। यी प्रतिवादी आरोपित कसुरको मतियार भन्नेसम्म मिसिल प्रमाणहरूबाट स्थापित हुन आएकोले निजलाई ऐ. दफा १५(१)(ज) बमोजिम मात्र सजाय हुने भनी उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट भएको फैसला मिलेकै देखिन आउने।

अतः प्रतिवादी धनाकुमारी थारू (वि.क.) ले आरोपित कसुर गरेको भन्ने मिसिल प्रमाणहरूबाट स्थापित हुन आएको नदेखिँदा निजउपरको अभियोग दाबी पुग्न नसक्ने भई निजले अभियोग दाबीबाट सफाइ पाउने र प्रतिवादीमध्येका सन्तोषकुमार थारूले अभियोग दाबीबमोजिम मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(क) बमोजिमको कसुरको मतियार भई उद्योगसम्म गरेको आधारमा निजलाई ऐ.ऐनको दफा १५(१)(ज) बमोजिम दफा १५(१)(ङ) बमोजिम हुने सजायको आधा सजाय गर्नुपर्नेमा निजलाई ऐ.ऐनको दफा १५(१)(ङ) बमोजिम १०(दश) वर्ष कैद र रू.६०,०००।– (साठी हजार) रूपैयाँ जरिवाना भई निज प्रतिवादीबाट पीडितहरूलाई ऐ.को दफा १७ बमोजिम जनही रू.५,०००।– (पाँच हजार रूपैयाँ) का दरले क्षतिपूर्ति भराई लिन पाउने ठहऱ्याएको हदसम्म सुरू बर्दिया जिल्ला अदालतबाट मिति २०७२।३।७ मा भएको फैसलामा केही उल्टी गरी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(क) को कसुरको मतियार भई उद्योगसम्म गरेको आधारमा निजलाई ऐ.दफा १५(१)(ज) बमोजिम पाँच वर्ष कैद र रू.३०,०००।- (तीस हजार रूपैयाँ) जरिवाना हुने गरी उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट मिति २०७३।१२।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सीता अधिकारी
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७६ साल जेठ २८ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०६९-WO-०१४६, उत्प्रेषण, *विनोद झा वि. गुठी संस्थान केन्द्रीय कार्यालय, डिल्लीबजारसमेत*

विवादको कि.नं. २७४ र २७८ को जग्गा मटिहानी गुठी संस्थान अमानत कार्यालयको २ नं. रसिदवाला शिवघर महासेठसँग बटैयामा जोती आएको भनी उल्लेख गरे पनि निवेदकका बाबु / बाजेले आफ्नो जीवनकालमा विवादित जग्गाको मोही हक कायम गराउन कारबाही चलाएको भन्ने देखिँदैन। दाबीको जग्गा निवेदकका बाबु / बाजेले मोहीको हैसियतले भोगचलन गरी आएको भनी निजहरूको जीवनकालमा मोही हक दर्ता गराई मोहीको प्रमाणपत्र लिन सक्ने अवस्था विद्यमान रही रहेको देखिन्छ। भूमिसम्बन्धी ऐन, २०२१ जारी हुनुभन्दा अगाडिदेखि नै मोहीका हैसियतले जग्गा निरन्तर जोतभोग गरेको देखिने प्रमाणहरू (कुत बुझे बुझाएको) पेस गर्न सकेको पनि नदेखिने।

मोही हक जग्गा कमाउने व्यक्तिले कानूनले तोकेको सर्तहरू पालन गरी पूरा गरेको अवस्थामा मात्र प्राप्त हुने हक हो। भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ अनुसार मोहीले कमाई आएको जग्गामा मोहीसम्बन्धी निजको हक निजपछि निजको एकासगोलका पति, पत्नी, छोरा, बाबु, धर्मपुत्र आदिमध्ये जग्गावालाले पत्याएको व्यक्तिलाई प्राप्त हुने कानूनी व्यवस्था भएकोले निवेदकको पिताको मोही हक कायम भइसकेको अवस्थामा जग्गाधनीले पत्याएमा निजको नाममा नामसारी हुने हो। निजका बाबु / बाजेले नै मोहीहक दाबी गरी हक प्राप्त नगरेको मोही हक आफ्ना नाममा नामसारी गराइ पाउँ भनी भन्नलाई भूमिसम्बन्धी ऐन, २०२१ ले निवेदकलाई त्यस्तो

हक प्रदान गरेको नदेखिने । निवेदकका बाबु / बाजेले नै आफ्नो नाममा मोहियानी हक कायम नगराएको अवस्थामा बाबुको मृत्युपछि मृतक व्यक्तिलाई मोही कायम गरी यी निवेदकका नाउँमा नामसारी गरी मोही दर्ता गरी दिने अवस्था नदेखिने ।

तसर्थ, निवेदकका बाबु / बाजेले नै मोही हक कायम गराउन नसकेको स्थितिमा निवेदकका बाजे जागेश्वर झाको नाममा दाबीको जग्गा मोही दर्ता गरी उक्त जग्गा निवेदकका बाबु जयनन्दन झाका नाममा नामसारी गरी निजका नामबाट निवेदकका नाममा नामसारी गर्न कानूनसङ्गत नदेखिँदा दाबीको कि.नं.२७४ र कि.नं. २७८ जग्गा गुठी संस्थान कार्यालयको नाममा रही तैनाथी कायम हुने भनी गुठी संस्थान केन्द्रीय कार्यालयको मिति २०६९।२।२२ को निर्णय बेरीतको नदेखिँदा बदर गरिरहनु परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल मङ्सिर ५ गते रोज ४ शुभम् ।

## इजलास नं. १२

१

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७२-CR-०६३१, चोरी, *नेपाल सरकार वि. इम्तियाज उद्धिन*

प्रतिवादी इम्तियाज उद्धिन, मोहमद बब्लु र डाक्टर भन्ने व्यक्तिहरूउपर मुलुकी ऐन, चोरीको महलको १ नं. र १२ नं. बमोजिमको कसुरमा सोही महलको १२ नं. बमोजिम सजाय गरिपाउँ भनी अभियोग माग दाबी रहेकोमा ऐ. १२ नं. बमोजिम जनही १ महिना कैद र बिगो रू.७०,०००।– जरिवाना हुने ठहरी पुनरावेदन अदालतबाट फैसला भएको देखियो । यसरी प्रतिवादीलाई पुनरावेदन अदालतले कसुरदार ठहऱ्याई कैद र जरिवानाको सजाय ठहर गरेकोमा सो हदसम्म नेपाल सरकारको पुनरावेदन जिकिर नरही प्रतिवादी इम्तियाज उद्धिनउपर पुनरावेदन अदालत पाटनमा अर्को चोरी मुद्दासमेत विचाराधीन रहेको अवस्थामा प्रस्तुत मुद्दा र उक्त मुद्दालाई साथै राखी प्रतिवादीलाई पटके कसुरमा थप सजाय हुने गरी फैसला गर्नुपर्नेमा पटके कसुरमा थप सजाय नगरेको हदसम्म पुनरावेदन अदालत पाटनबाट भएको उक्त फैसला बदर गरी प्रतिवादीलाई पटकेतर्फ समेत सजाय हुने गरी फैसला गरिपाउँ भनी यस अदालतसमक्ष नेपाल सरकारको पुनरावेदन जिकिर रहेको देखियो । सोतर्फ विचार गर्दा प्रतिवादी इम्तियाज उद्धिन विरूद्ध प्रस्तुत मुद्दाबाहेक अरूण बज्राचार्यको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी यिनै इम्तियाज उद्धिनसमेत भएको चोरी मुद्दा पुनरावेदन अदालत पाटनमा चलेको देखिन्छ । उक्त चोरी मुद्दामा यी प्रतिवादीले सफाइ पाउने ठहरी सुरू अदालतबाट भएको फैसला सदर हुने गरी पुनरावेदन अदालत पाटनबाट फैसलासमेत भएको भन्ने प्रस्तुत मुद्दाको पुनरावेदन जिकिरबाट नै देखिन्छ । यसरी पुनरावेदन अदालतबाट नै सुरू अदालतबाट सफाइ पाउने ठहरी भएको फैसला सदर गरेको अवस्थामा निज प्रतिवादीउपर पटके कायम गरी थप सजाय गर्न मिल्ने देखिँदैन । सजाय हुने ठहर नै नभएको मुद्दाको आधारमा पटके कायम गर्न नमिल्ने हुँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिरसमेत युक्तिसङ्गत देखिन आएन । यस्तो अवस्थामा प्रतिवादी इम्तियाज उद्धिनउपर प्रस्तुत मुद्दामा मात्र सजाय हुने ठहरी भएको पुनरावेदन अदालत पाटनको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

अत: उपर्युक्तबमोजिमका तथ्य, आधार र कारणबाट पुनरावेदन अदालत पाटनबाट मिति २०७१।७।१८ मा भएको फैसला मिलकैं देखिँदा सदर हुने ।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल साउन १६ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७५-CR-०४८३, जबरजस्ती करणी, *नेपाल सरकार वि. पासाङ तामाङ*

प्रतिवादीले जबरजस्ती करणी गरेको भनी पीडितको जाहेरी दरखास्त निजको मौकाको कागज र बकपत्रमा उल्लेख गरेकोमा प्रतिवादीले भने करणी गर्ने मनसायले पीडितको संवेदनशील अङ्गमा छोएको अवस्थामा निज कराएकोले गर्न नपाएको भनी अधिकारप्राप्त अधिकारीसमक्ष तथा पाखुरामा समाएकोसम्म भनी कसुरमा इन्कार रही अदालतमा बयान गरेको देखिन्छ । पीडितको मौकाको कागजमा करणी हुँदाको अवस्थामा बेहोस भएको भन्ने देखिएकोमा अदालतमा बकपत्र गर्दा सो उल्लेख नभई चिच्याएको भन्ने देखिन्छ । वारदातको अवस्थामा पीडित चिच्याएको भन्ने रमिला तामाङको मौकाको कागज, पीडितको अदालतको बकपत्र तथा प्रतिवादीको बयानबिच सामञ्जस्य रहेको देखिन आउँछ । पीडितको मौकाको कागजमा चिच्याएको नभनी बेहोस भएको भन्ने र बकपत्रमा बेहोस भएको नभनी चिच्याएको भन्ने उल्लेख भएको देखिएको हुँदा सो हदसम्म पीडितको मौकाको कागज र बकपत्रमा एकरूपता नदेखिएको अवस्था भने विचारणीय देखिने।

पीडित बाह्रबिसे (ख) को स्वास्थ्य परीक्षण रिपोर्टमा यौनिभित्र वा बाहिर वीर्य तथा अन्य जबरजस्ती करणीका चिह्नहरू, धर्साहरू र योनिको झिल्ली च्यातिएको भन्ने देखिँदैन । Forensic Test Report बाट पीडितको योनिमा वीर्य स्खलन भएको भन्ने पनि देखिँदैन । जबरजस्ती करणीको अपराध हुनलाई जबरजस्ती करणी गर्ने मनसाय, जबरजस्ती करणी गर्ने कार्य र पीडितको मन्जुरीको अभाव देखिनु पर्दछ । स्वास्थ्य परीक्षण तथा Forensic Test Report बाट करणी गर्ने कार्य भएको भन्ने देखिँदैन । कुनै वारदातमा अपराध पूर्ण हो वा उद्योग भन्ने सम्बन्धमा यस अदालतबाट "कुनै अपराध पूर्ण अपराध (Full Crime) हो वा सो अपराधको उद्योग (Attempt) मात्र हो भन्ने ठहऱ्याउन कसुरदारले गरेको कार्य र सोको परिणामसमेतलाई विचार गर्नुपर्ने हुन्छ । अपराध गर्ने उद्देश्यसहित अपराध गर्ने कार्य गर्दा बिचमा अवरोध सिर्जना भई कार्यले पूर्णता नपाएको अवस्थामा मात्र उद्योग हुने ।" भनी (*ने.का.प.* २०७५, अङ्क २, निर्णय नं. ९९५६) मा सिद्धान्त प्रतिपादन भएको पाइन्छ । उल्लिखित तथ्य तथा सिद्धान्तसमेतबाट वारदातको समयमा पीडित चिच्याएकोले अवरोध सिर्जना भई करणी हुन नपाएको भन्ने देखिन आउने।

घटनास्थल मुचुल्काबाट मकैबारीमा रहेको जमिनको भागमा घाँसपात मकैको बोटसमेत भाँचिई माटो माडिएको तथा खोस्रिएको भन्ने देखिएको साथै प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा पीडितलाई करणी गर्ने मनसायले निजको संवेदनशील अङ्गमा समाएको तथा अदालतको बयानबाट पाखुरामा समाएको भन्ने र पीडितको कपडा च्यातिएको भन्ने बरामदी मुचुल्काबाट देखिएको हुँदा उक्त प्रमाणबाट प्रतिवादीले पीडितलाई जबरजस्ती करणीको उद्योगको कसुर गरेको भन्नेसम्म देखिन आएकोले पुनरावेदक नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित आधार प्रमाण तथा कानूनी सिद्धान्तसमेतबाट प्रतिवादी पासाङ तामाङलाई जबरजस्ती करणीको कसुरमा सजाय गरेको सुरू सिन्धुपाल्चोक जिल्ला अदालतको फैसला केही उल्टी गरी साबिक मुलुकी ऐन, जबरजस्ती करणीको महलको ५ नं. बमोजिम जबरजस्ती करणीको उद्योगमा तीन वर्ष कैदको सजाय हुने ठहऱ्याई उच्च अदालत पाटनबाट मिति २०७४।२।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः मेघनाथ चापागाई
कम्प्युटर: अभिषेककुमार राय
इति संवत् २०७६ साल वैशाख ८ गते रोज १ शुभम्।

## इजलास नं. १३

१

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७४-CR-०६२९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रामवृक्ष चमारसमेत*

प्रतिवादीहरू रामवृक्ष चमार, जयनारायण चमार, शिवजी भन्ने रामदेव रविदाश, रामसेवक सरवरिया, ज्ञानदेव सरवरिया र रघुनन्दन यादवसमेत जना ६ को हकमा अभियोग मागदाबी पुष्टि हुने भरपर्दो विश्वसनीय वस्तुनिष्ठ प्रत्यक्ष स्वतन्त्र प्रमाणको अभाव देखिँदा प्रतिवादीहरूले आरोपित कसुर गरे होलान् भनी भन्न मिलेन। आरोपित कसुरबाट यी प्रतिवादीहरूलाई सफाइ दिई भएको सुरू फैसलालाई सदर गरी भएको पुनरावेदन अदालतको फैसला अन्यथा नदेखिई मिलेकै देखिने।

अब प्रतिवादीमध्येको रामप्रताप साहको हकमा साधकको रोहबाट विचार गरी हेर्दा यिनको नाम जाहेरी दरखास्तमा किटानीरूपमा उल्लेख भएको देखिन्छ। जाहेरवाला देवकुमारले उपस्थित भई बकपत्र गर्दा प्रतिवादी रामप्रताप साहको नाम उल्लेख गरी लेखाएको पाइन्छ। घटनाको प्रत्यक्षदर्शी जितनी देवीले रामप्रताप साहलाई किटानीरूपमा आरोपित कसुरका सम्बन्धमा पोल गरी लेखाएको पाइन्छ । मृतकको मृत्यु Head Injury बाट भएको भन्ने Post Mortem Report मा उल्लेख भएको र प्रतिवादी रामप्रताप साहले अधिकारप्राप्त अधिकारीसमक्ष आरोपित कसुरमा साबित भई बयान गरेकोमा अदालतमा बयान गर्दा आरोपित कसुरलाई इन्कार गरी आफ्नो बयान बेहोरा लेखाए पनि अनुसन्धान अधिकारीसमक्ष भएको आफ्नो साबिती स्वेच्छाबेगरको हो भनी पुष्टि गर्न सकेको पाइँदैन। बुझिएका रामलाल महरा, सत्यनारायण राउत कुर्मी, शिवा कापड केवट, रघुवीर राउत कुर्मी र योगेन्द्र ठाकुरसमेतले प्रतिवादी रामप्रताप साहले मृतक मगरा भन्ने फुलगेन कुमरलाई कुटपिट गरी मारेको भनी स्पष्टसँग लेखाई दिएको पाइने।

तसर्थ प्रतिवादी अनुसन्धान अधिकारीसमक्ष आरोपित कसुरमा साबित रही अदालतमा इन्कार रहे पनि मौकाको आफ्नो साबिती स्वेच्छाबेगर डरत्रासमा पारी भएको भनी प्रमाणित गराउन नसकेको, जाहेरवाला, मौकाको व्यक्तिहरूले प्रत्यक्ष भई यी प्रतिवादीले आरोपित कसुर गरेको भनी स्पष्ट लेखाई दिएकोसमेतका उल्लिखित आधार एवम् प्रमाणबाट आरोपित कसुरको कसुरदार ठहऱ्याई प्रतिवादी रामप्रताप साहलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय हुने ठहऱ्याई भएको सुरू धनुषा जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत जनकपुरबाट भएको फैसला मिलेको नै देखिने।

अतः उल्लिखित आधार एवम् प्रमाणहरूबाट प्रतिवादी रामप्रताप साहलाई अभियोग माग दाबीअनुसारको आरोपित कसुर ठहर गरी सजाय गर्ने गरेको पुनरावेदन अदालत जनकपुरको फैसला प्रतिवादी रामप्रताप साहको हकमा साधकको रोहबाट हेर्दा मिलेकै देखिएकोले साधक सदर हुने ठहर्छ । सफाइ पाउने प्रतिवादीहरूको हकमा सुरू धनुषा जिल्ला अदालतको मिति २०६७।२।६ को फैसला सदर गरी भएको पुनरावेदन अदालत जनकपुरको मिति २०७०।३।५ को फैसलासमेत मिलेकै देखिँदा प्रतिवादीहरू रामवृक्ष चमार, जयनारायण चमार, शिवजी भन्ने रामदेव रविदास, रामसेवक सरवरिया, ज्ञानदेव सरवरिया र रघुनन्दन यादवको हकमा सदर हुने।

इजलास अधिकृतः धनसिंह गिरी

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७६ साल असार २९ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-CI-१८००, सार्वजनिक बाटो खिचोला चलन, *सिंहबहादुर डंगोल वि. लक्ष्मीदेवी शाक्य*

फिराद दाबी रहेको कि.नं. २८३ को ०-०-१६ जग्गा कित्ताकाट भई कि.नं. ५२४ र कि.नं. ५२५ कायम भएको कित्ताकाट स्रेस्ता (प्लट रजिस्ट्रर) बाट देखिएको र कि.नं. ५२४ को क्षेत्रफल ०-०-३१/२ र कि.नं. ५२५ को क्षेत्रफल ०-०-१२१/२ भएको कुरा फिल्डबुक स्रेस्ताबाट स्पष्ट भएको देखिन्छ । कि.नं. ५२४ को फिल्डबुकमा कसैको नाउँ उल्लेख भएको देखिँदैन । कि.नं. ५२४ को उत्तरमा न.नं. २ मा गोरेटो बाटो देखिन्छ । उक्त कि.नं. ५२४ मा बाटो देखिएको छैन । सुरू अदालतबाट भएको नक्सा मुचुल्का हेर्दा कि.नं. ५२४ मा भएको जग्गा न.नं. ३ मा देखिन्छ । सो जग्गामा प्रतिवादी लक्ष्मीदेवी शाक्यको भोग रहेको कुरा उक्त अदालतबाट भएको नक्सा मुचुल्काबाट पुष्टि भएको देखिन्छ भने उक्त कि.नं ५२४ मा सुकवीर तामाङको छोराले घर निर्माण गर्ने क्रममा मिचेको सम्बन्धमा प्रतिवादी र सुकवीर तामाङको छोराको बिच सो कित्तामा कुनै किसिमसँग दाबी खरखिचोला गर्ने गराउने छैन भनी हेटौंडा उपमहानगरपालिका कार्यालय, मकवानपुरमा मिति २०७१।८।२५ मा मिलापत्र भएको बेहोरा मिसिल संलग्न मिलापत्रको प्रतिलिपिबाट देखिँदा उक्त कित्ता प्रतिवादी लक्ष्मीदेवी शाक्यको नै देखिने ।

सुरू अदालतबाट मिति २०७२।३।१८ मा भएको नक्सा मुचुल्कामा वादी प्रतिवादी दुवै पक्षले रोहबरमा बसी सहिछापसमेत गरेको सो नक्सामा कुनै जिरह विरोध पनि गरेको देखिँदैन । तसर्थ उक्त नक्सा मुचुल्कालाई अन्यथा मान्न नमिल्ने ।

वादीले आफ्नो फिरादपत्र दाबी गरेको जग्गामा सार्वजनिक बाटो रहेको भन्ने कुरा नक्सा प्रिन्ट, फिल्डबुक उतार र सुरू अदालतबाट भई आएको नक्सा मुचुल्कासमेतबाट देखिँदैन । दाबीबमोजिमको साबिकको कि.नं. २८३ को जग्गाबाट कित्ताकाट भई आएको कित्तामध्ये कि.नं. ५२५ को जग्गा वादीका नाउँमा दर्ता नभई सुकवीर तामाङका नाउँमा दर्ता भएको कुरा मालपोत कार्यालय, मकवानपुर हेटौंडाको च.नं. ७६३९ मिति २०७२।१।७ को पत्रसाथ प्राप्त जग्गा दर्ता उतार स्रेस्ताबाट उल्लेख भएको देखिन्छ । कि.नं.५२४ जग्गा प्रतिवादीको भोगमा देखिएकोले आफ्नी आमाको शेषपछि उक्त जग्गा यी प्रतिवादी लक्ष्मीदेवी शाक्यले भोग गर्न पाउने हुँदा मिति २०३६।१।३० को फैसलासँग सरोकार नै नराख्ने दाबीको जग्गालाई सार्वजनिक बाटो कायम गर्न नमिल्ने देखिँदा यस अदालतबाट भएको प्रत्यर्थी झिकाउने आदेशसँग सहमत हुन नसकिने ।

पुनरावेदक वादी सिंहबहादुर डंगोलले कि.नं. ५२४ को जग्गा सार्वजनिक बाटो कायम गरिपाउँ भनी दिएको फिराद दाबीअनुसार उक्त कि.नं. को जग्गामा सार्वजनिक बाटो रहेको तथ्य सुरू अदालतबाट भएको नक्सा मुचुल्का, नापी कार्यालय, मकवानपुरको च.न.९३७ मिति २०७१।१२।३० को प्राप्त पत्र तथा कुनै पनि वस्तुनिष्ठ सबुत प्रमाणबाट पुष्टि भएको देखिँदैन । तसर्थ सुरू मकवानपुर जिल्ला अदालतबाट वादी दाबी नपुग्ने गरी भएको फैसला सदर हुने ठहर गरेको पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।६।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः नारायण सापकोटा

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७५ साल माघ १७ गते रोज ५ शुभम् ।

## इजलास नं. १४

१

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६९-CR-०५९४, नागरिकता किर्ते, *शिवनाथ मण्डल वि. नेपाल सरकार*

प्रतिवादीले तत्कालीन श्री ५ को सरकारको छाप भएको सरकारी कागज आफ्नो नामको नागरिकताको प्रतिलिपिमा आफ्नो जन्ममिति फरक पारी लेखी सहायक प्रमुख जिल्ला अधिकारीको सहिछापसमेत आफैँले गरी किर्ते गरेको पाइएको र उक्त कार्यबाट निजले आफ्नो उमेर सच्याई विदेश

जान पाउने भई यसबाट प्रतिवादीले लाभ लिने दूषित मनसायबाट ग्रसित भई उक्त कार्य गरेको देखिन्छ । प्रतिवादी अदालतसमक्ष इन्कार भए तापनि भई आएको मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादीकै कार्य कारणसमेतबाट उमेर सच्याउने कार्य भएको देखिन्छ । जुन कुरालाई घटनास्थल अवस्था, परिस्थिति तथा परिस्थितिजन्य प्रमाणबाट उक्त कुरा समर्थित भएकै देखिन्छ । पुनरावेदक प्रतिवादीले सुरूमा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानलाई घटनाक्रमअनुसार क्रमबद्ध रूपले मेल खाएको र उक्त नागरिकतामा उमेर सच्याउँदा प्रतिवादीले बयान गरेअनुसार निजबाहेक अरूलाई कुनै फाइदा नहुने भई निजले नै आफ्नो फाइदा अर्थात् विदेश जाने अभिलाषा पूरा गर्नको लागि गरेको भन्ने मिसिल संलग्न प्रमाणहरू तथा परिस्थितिजन्य प्रमाणहरूबाट समर्थित हुन आएको देखिने ।

सहिछाप जाँच नभएको भन्ने आधारमा मात्र भए गरेको कसुरबाट उन्मुक्ति पाउने अवस्था देखिँदैन । उक्त नागरिकतामा परेको सहायक प्रमुख जिल्ला अधिकारीको सहिछाप निज राजेन्द्र झाको नै हो भनी पुनरावेदक प्रतिवादीले भन्न सकेको देखिँदैन । उक्त सच्याइएको उमेरबाट पुनरावेदकले लाभ पाउने देखिएको कारणबाट माथि उल्लिखित किर्ते कागजको १ नं. अनुरूपको कसुर पुनरावेदक प्रतिवादीबाट नै भएको कुरा पुष्टि भएकाले प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिने गरी सुरू धनुषा जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी उक्त कसुरमा निजलाई सोही किर्ते कागजको महलको ९ नं. बमोजिम बिगो नखुलेको हकमा रू.५०।- जरिवाना र सोही महलको १२ नं. बमोजिम सरकारी कर्मचारीको छाप दस्तखतसमेत किर्ते गरेको भई थप एक वर्ष कैदसमेत हुने ठहऱ्याई पुनरावेदन अदालत जनकपुरबाट मिति २०५५।३।२ मा भएको फैसला नमिलेको भन्ने पुनरावेदन जिकिर र निज पुनरावेदकको तर्फबाट बहस गर्नुहुने विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ उल्लिखित तथ्य, आधार र कारणबाट प्रतिवादी शिवनाथ मण्डललाई मुलुकी ऐन, किर्ते कागजको महलको १ नं. अनुरूपको कसुरमा निजलाई सोही किर्ते कागजको महलको ९ नं. बमोजिम बिगो नखुलेको हकमा रू.५०।- जरिवाना र सोही महलको १२ नं. बमोजिम सरकारी कर्मचारीको छाप दस्तखतसमेत किर्ते गरेकोमा थप एक वर्ष कैदसमेत हुने ठहऱ्याई पुनरावेदन अदालत जनकपुरबाट मिति २०५५।३।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: भीमप्रसाद भुसाल
कम्प्युटर: मञ्जु खड्का
इति संवत् २०७६ साल असार ११ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** ०७१-CR-१२८५ र ०७१-CR-१५६५, कर्तव्य ज्यान, *राजकुमार श्रेष्ठ वि. नेपाल सरकार र नेपाल सरकार वि. राजकुमार श्रेष्ठसमेत*

मिसिल संलग्न उल्लिखित सम्पूर्ण तथ्यलाई हेर्दा मृतक हेमकुमारी श्रेष्ठ र यी प्रतिवादीहरू घरपरिवारकै सदस्य रही मृतक र प्रतिवादी राजकुमार श्रेष्ठ (देवर भाउजू) का बिचमा जग्गाको विवाद रहेको देखिन्छ । मृतक हेमकुमारी श्रेष्ठले जोतभोग गरी आएको जग्गा बन्डा हुँदा प्रतिवादीमध्येका राजकुमार श्रेष्ठको अंश भागमा परेको र सो बन्डाको विषयमा अदालतमा मुद्दा परेको कुरा पनि मिसिलबाट देखिन्छ । प्रतिवादी राजकुमार श्रेष्ठले आफूले अंशमा पाएको जग्गा आफैँ भोगचलन गर्न खोजेको र मृतक हेमकुमारी श्रेष्ठले पहिलादेखि राजकुमारले अंशमा पाएको जग्गा भोगचलन गरी आएको कारण प्रतिवादी राजकुमारलाई भोग गर्न दिन नमानेको विवादको जरियाबाट मिति २०६९।३।१४ गते बिहान अन्दाजी १०.०० बजेको समयमा वारदात भएको र वारदातबाट मृतक हेमकुमारी श्रेष्ठ गम्भीर घाइते भई उपचारको लागि न्यूरो अस्पतालमा ल्याइएकोमा उपचारको क्रममा भोलिपल्ट मिति २०६९।३।१५ गते बिहान अन्दाजी

६.०० बजे मृत्यु भएको विषयमा विवाद देखिँदैन । निजको संवेदनशील अङ्ग टाउकोमा र शरीरको अन्य भागमा समेत फरूवाको धारिलो भागबाट चोट लाग्न गएको र मृत्युको कारण Brain Haemorrhage बाट भएको भन्ने Post-mortem Report बाट स्पष्ट हुन्छ ।

प्रतिवादी डिल्लीकुमार श्रेष्ठ र निर्मला श्रेष्ठसमेतलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सजाय गरिपाउँ भनी अभियोजन पक्षबाट अभियोग दायर भएकोमा निज प्रतिवादीद्वयलाई अभियोग दाबीबाट सफाइ दिने गरी सुरू अदालतबाट भएको फैसलालाई नै तत्कालीन पुनरावेदन अदालत इलामबाट सदर भएको देखिन्छ । प्रतिवादी डिल्लीकुमार र निर्मला श्रेष्ठउपर परेको जाहेरी, निजहरूले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान र घटना विवरण कागज तथा वस्तुस्थिति मुचुल्काका मानिसहरूले गरेको कागज बेहोरा अदालतमा समर्थित हुन सकेको देखिँदैन । जाहेरवाला काजिमान श्रेष्ठ, घटना विवरण कागज गर्ने लोकबहादुर तिवारी, वस्तुस्थिति मुचुल्काका मानिसहरू तिलकबहादुर गौतमसमेतका व्यक्तिहरू तथा प्रतिवादीहरूका साक्षी शिवलाल मैनाली तथा धनकुमार श्रेष्ठले अदालतमा आई गरेको बकपत्र कागज तथा प्रतिवादीहरू डिल्लीकुमार र निर्मलाले अदालतमा गरेको बयान कागजसमेतलाई हेर्दा निजहरूको वारदातमा संलग्नता रहेको भन्ने पुष्टि भएको देखिँदैन । यसर्थ प्रतिवादी डिल्लीकुमार श्रेष्ठ र निर्मला श्रेष्ठलाई सुरू जिल्ला अदालत तथा तत्कालीन पुनरावेदन अदालतबाट सफाइ दिने गरी भएको फैसलालाई उल्टी गरी अभियोग माग दाबीबमोजिम सजाय हुनुपर्छ भनी पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विद्वान् उपन्यायाधिवक्ताले गर्नुभएको बहस जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी राजकुमार श्रेष्ठ र मृतकको बिचमा अगाडिदेखि जग्गाको विवाद रहेको, जग्गाको विषयलाई लिएर झैझगडा भइरहेको देखिन्छ । वारदातमा मृतक हेमकुमारीमाथि प्रतिवादी राजकुमारले फरूवाको धारिलो भागबाट पटकपटक प्रहार गरेको र सोही कारणबाट गम्भीर चोट लागी निजको मृत्यु भएको देखिने ।

वारदातको पृष्ठभूमि हेर्दा मृतक हेमकुमारी श्रेष्ठ प्रतिवादी राजकुमार श्रेष्ठको देवर नाताको व्यक्ति रहेका छन् । मृतकले घरमा केही जग्गा भोग गरिरहेको अवस्था रहेको र सो जग्गा अंशबन्डा गर्दा प्रतिवादी राजकुमार श्रेष्ठको भागमा परेर निजले उक्त जग्गामा भोग गर्ने कार्य सुरू गर्दा वारदात घट्न गएको देखिन्छ । मृतक र प्रतिवादीका बिच जग्गा र घरायसी अंशमा विवाद रही रहेको र त्यससम्बन्धी मुद्दा पनि अदालतमा चलिरहेको अवस्था खुलेको छ । प्रतिवादीहरूको बयान र घटना विवरण कागजको बेहोराबाट मृतक र प्रतिवादीबिचमा घर व्यवहारबाट आपसी मनमुटाव भएको देखिए पनि ज्यानै लिनेसम्मको इविलाग, मनसाय, उद्देश्य, तयारी आदि केही पनि रहे भएको देखिँदैन । घरमा सम्पत्तिसम्बन्धी विवादको कारणले आपसी मनमुटाव भए पनि त्यत्तिकै आधारमा ज्यान मार्नेसम्मको इविलाग र मनसाय रहेको भन्न पनि नमिल्ने ।

आफ्नो अंश भागमा परेको र भाउजूले पहिलेदेखि नै उक्त जग्गा भोग गरिरहेको कारणले प्रतिवादी राजकुमार श्रेष्ठले अंशहकको जग्गा भोग गर्न भाउजूबाट बाधा भई सुरू भएको विवादमा निज प्रतिवादीले फरूवाले मृतक भाउजूको टाउकोमा हानेको वारदातलाई परिणाम थाहा नभएको र एउटा कामको लागि कुनै कार्य गर्दा परिमाण थाहा नहुने गरी अर्को घटना घटी मानिस मरेको भन्ने अवस्था देखिँदैन । प्रतिवादी मृतकलाई रक्षा शिक्षा दिने पारिवारिक हैसियतका व्यक्ति पनि देखिँदैनन् । प्रतिवादी र मृतकबिच देवर भाउजूको नाता पर्ने भए पनि वारदात खेतमा भएको र वारदातमा फरूवा प्रयोग भएको छ । खेत एकाको अंश भागमा परेको र अर्को अंशियारले भोग गरिरहेको र अंश भागमा परेको प्रतिवादी अंशियारले जग्गा भोग गर्न नपाएबाट विवाद उठी खेतमा नै

मृतक र प्रतिवादी आमने सामने भई वारदात घटेको अवस्थालाई भवितव्य भन्न मिल्ने देखिँदैन । अतः प्रतिवादी राजकुमार श्रेष्ठले वारदातलाई भवितव्य भनी जिकिर लिएको र निजका तर्फबाट उपस्थित हुनु भएका विद्वान् अधिवक्ताले प्रस्तुत वारदातलाई ज्यानसम्बन्धी महलको ५ नं. बमोजिम भवितव्य हो भनी बहस गर्नु भएकोमा वारदातको तथ्यबाट सो घटनालाई भवितव्य हो भनी मान्न सकिने अवस्था नदेखिने ।

प्रस्तुत वारदातमा प्रतिवादी राजकुमार श्रेष्ठलाई पनि चोट लागेको भन्ने निजको घा जाँच केस फारामबाट देखिएको छ । प्रतिवादी राजकुमार श्रेष्ठलाई लागेको चोटसमेतलाई विचार गरी निजलाई १५ वर्ष मात्र कैद गर्न मनासिब हुने भनी अ.बं. १८८ नं. बमोजिम राय व्यक्त भएको देखिन्छ । नेपाल सरकारको तर्फबाट प्रतिवादी राजकुमारको हकमा ज्यानसम्बन्धी महलको १३(३) नं. को सट्टामा अभियोग माग दाबीअनुसारको ऐ. १३(१) नं. बमोजिम नै सर्वस्वसहित जन्मकैदको सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिर रहेको भए तापनि मुलुकी अपराध संहिता, २०७४ को दफा ४० को उपदफा (२) मा "कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन, प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन" भन्ने कानूनी व्यवस्था रहेको देखिँदा उल्लिखित कानूनी व्यवस्थासमेतलाई मध्यनजर गरी प्रतिवादी राजकुमार श्रेष्ठलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग पनि सहमत हुन नसकिने ।

तसर्थ, विवेचित मुद्दाको तथ्य, आधार र कारणहरूबाट समेत प्रतिवादी राजकुमार श्रेष्ठलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय हुने ठहर गरिए पनि प्रतिवादी राजकुमार श्रेष्ठ र मृतकबिचमा देवर भाउजूको नाता रहेको देखिन्छ । अंशबन्डा र भोगसम्बन्धी घरायसी विवादको जरियाबाट वारदात घटेको छ । मृतक र प्रतिवादी राजकुमारबिच घरायसी एवम् आन्तरिक मनमुटाव भएपनि दुवैबिच मार्नेसम्मको कुनै पुरानो इविलाग, पूर्वतयारी भएको देखिँदैन । यस्तो पृष्ठभूमि र अवस्थामा घटेको उपर्युक्त वारदातका सम्बन्धमा विचार गर्दा प्रतिवादीलाई अभियोग दाबीबमोजिम नै सजाय गर्दा चर्को पर्ने देखिँदा निज प्रतिवादी राजकुमार श्रेष्ठलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय हुने ठहर गरी १५ वर्ष कैदको सजाय गर्न मनासिब हुने भनी अ.बं. १८८ नं. बमोजिम व्यक्त भएको राय र प्रतिवादीहरू डिल्लीकुमार श्रेष्ठ र निर्मला श्रेष्ठलाई सफाइ दिने गरी झापा जिल्ला अदालतबाट मिति २०६९।११।२० मा भएको फैसलालाई सदर गर्ने गरी तत्कालीन पुनरावेदन अदालत इलामबाट मिति २०७१।८।१५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: महेन्द्रबहादुर कार्की

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७६ साल जेठ २० गते रोज २ शुभम् ।

## एकल इजलास

१

**स.प्र.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७५-WO-१२२२, उत्प्रेषण, *इन्द्रामैयाँ मानन्धर डंगोलसमेत वि. काठमाडौं जिल्ला अदालतसमेत*

संविधान प्रदत्त मौलिक हकको प्रचलनका लागि, अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अप्रर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि रिटका माध्यमबाट आवश्यक र उपयुक्त आदेश जारी गरी उचित उपचार प्रदान गर्ने प्रयोजनका लागि असाधारण अधिकारको प्रयोग हुने अवस्था हो । तर प्रस्तुत सन्दर्भमा नियमित अदालतबाट मिति २०७१।१२।१ मा फैसला भइसकेको र सोही विषयमा यी निवेदकले निर्णय तथा लिखत बदरसमेतको मुद्दा दिई बादी दाबी पुग्न नसक्ने ठहरी सुरू काठमाडौं जिल्ला अदालतबाट

भएको फैसलाउपर चित्त नबुझी पुनरावेदन गरेकोमा उच्च अदालत पाटनबाट सुरू फैसला सदर हुने ठहरी फैसला भएको र हाल सो फैसलाउपर मुद्दा दोहोऱ्याई पाउँ भनी यस अदालतमा निवेदनसमेत परेको भन्ने कुरा स्वयम् निवेदककै कथनबाट देखिन आएको छ । यसरी नियमित अदालतबाट कानूनको गम्भीर उल्लङ्घन (Gross violation of law) गरी निर्णय गरेको अवस्थामा बाहेक कानूनसम्मत रूपमा भएका फैसलाको विषयमा रिट क्षेत्रबाट हस्तक्षेप गर्नु रिटको उद्देश्य, मर्म र सिद्धान्तविपरीत हुन जाने देखिने ।

यसरी सक्षम अदालतबाट मिति २०७१।१२।१ मा भएको उक्त फैसलाको सम्बन्धमा यी निवेदकले विभिन्न कानूनी उपचारको मार्ग अवलम्बन गरी पहिले दिएको मुद्दाको रूप विचार गरी अन्तिम फैसला भएको करिब ५/६ वर्षपछि पर्न आएको प्रस्तुत रिट निवेदनको विषयवस्तुलाई हेर्दा प्राथमिक (Prima Facie) रूपमा नै प्रस्तुत रिट निवेदनका सम्बन्धमा थप कारबाही गरिरहनु पर्नेसम्मको अवस्था नदेखिने ।

तसर्थ उल्लिखित आधार कारणसमेतबाट प्राथमिक रूपमा नै यस रिट निवेदनका सम्बन्धमा थप कारबाही गरिरहनु पर्नेसम्मको अवस्था नदेखिँदा विपक्षीहरूबाट लिखित जवाफ मगाई रहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः ठाकुरप्रसाद खरेल
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७६ साल जेठ २० गते रोज २ शुभम् ।

२

**स.प्र.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७५-WO-१३१५, उत्प्रेषण / परमादेश, *रामबहादुर शाह वि. ऋण असुली न्यायाधिकरण, कमलपोखरीसमेत*

निवेदकले मिति २०६९।३।१५ मा साबिक रोयल मर्चेन्ट बैंकिङ एन्ड फाइनान्स लि. सँग रू.४,००,००,०००।- (चार करोड) कर्जा माग गरेकोमा ०६९।३।२५ मा रू.२,५०,००,०००।- स्वीकृत भई ०६९।३।२६ मा कर्जा प्रवाह गरिएको र भाखाभित्र निजले कर्जा लिएको रकमको साँवा ब्याज नतिरेकोले निजले लिएको साँवा, ब्याज पेनाल र अन्य दस्तुरसमेत दिलाई भराई पाउँ भनी यी रिट निवेदकउपर नेपाल क्रेडिट एन्ड कमर्स बैंक लि. (साबिकको रोयल मर्चेन्ट बैंकिङ एन्ड फाइनान्स लि. गाभिएको) ले ऋण असुली न्यायाधिकरण काठमाडौंमा उजुरी दिएको भनी निवेदकले रिट निवेदनमा बेहोरा उल्लेख गरेको हुनुका साथै सोही उजुरीको प्रतिलिपिसमेत मिसिल संलग्न रहेको देखिएबाट यी रिट निवेदकले लिएको ऋणको सम्बन्धमा निवेदकहरूउपर ऋण असुली न्यायाधिकरण काठमाडौंमा विपक्षी नेपाल क्रेडिट एन्ड कमर्स बैंक लि. को तर्फबाट उजुरी परी मुद्दा विचाराधीन रहेको भन्ने नै देखियो । बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को कानूनी व्यवस्थाअनुसार बैंक तथा वित्तीय संस्थाको ऋण असुलीसम्बन्धी मुद्दाको सुरू कारबाही र किनारा गर्ने क्षेत्राधिकार ऋण असुली न्यायाधिकरणको हुने देखिन्छ । यसप्रकार बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को कानूनी व्यवस्थाबमोजिम अधिकार सम्पन्न निकाय ऋण असुली न्यायाधिकरण काठमाडौंमा उजुरी परी विचाराधीन रहिरहेको तथा साधारण क्षेत्राधिकारमार्फत टुंगो लाग्नु पर्ने विषयमा सोहीअनुसार कारबाही प्रक्रिया अगाडि बढी रहेको अवस्थामा त्यस्तो निकायबाट निर्णय हुनुअगावै रिट क्षेत्रबाट हस्तक्षेप गरी प्रस्तुत रिट निवेदनमा निर्णय गर्नु कानूनसम्मत र मनासिब हुने नदेखिने ।

रोयल मर्चेन्ट बैंकिङ एन्ड फाइनान्स लि. ले स्वीकृत गरेको सबै रकम मैले लिएको छैन । मैले जम्मा रू.९,००,०००।- (नौ लाख) मात्र कर्जा लिएकोमा सोको हुने ब्याज मैले तिरी बुझाई सकेको छु । अब रू.२,११४।०२ मात्र तिर्न बाँकी छ । सो रकम म जुनसुकैबेला पनि तिर्न तयार छु । रू. २,११४।०२ मात्र तिर्न बाँकी छ भन्ने कुरा विपक्षी बैंकको मिति २०७३।११।१८ को च.नं. NCCB/ ०४३/ ७५९/ २०७३/७४ को पत्रबाट प्रमाणित हुन्छ, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३ (घ) को प्रतिबन्धात्मक वाक्यांशमा रू.

पाँच लाखभन्दा कम रकमको असुलीमा यो ऐनको व्यवस्था लागू हुने छैन भन्ने व्यवस्था भएकोले सो व्यवस्थाको आधारमा प्रस्तुत रकमको सम्बन्धमा ऋण असुली न्यायाधिकरणले क्षेत्राधिकार ग्रहण गरी कारबाही गर्न मिल्दैन, तसर्थ पनि प्रस्तुत निवेदनमा आदेश जारी हुनु पर्दछ भन्ने बेहोरा रिट निवेदकले निवेदनमा उल्लेख गरेको देखिन्छ । यो बेहोराबाट निज निवेदक र विपक्षी बैंकबिच आर्थिक कारोबार भएको तथ्यगत अवस्था देखिए पनि निज निवेदकले विपक्षी बैंकसँग के कति रकम ऋणको रूपमा लिएको हो र लिएको रकममध्ये के कति रकम निजले तिरी बुझाई सकेको छ र के कति रकम तिर्न बाँकी छ भन्ने जस्ता तथ्यगत पक्षहरूको विश्लेषण र विवेचना गरी निर्णय दिन सैद्धान्तिक रूपमा नै रिट क्षेत्रबाट मिल्ने नदेखिने ।

प्रस्तुत मुद्दामा ऋण असुली न्यायाधिकरणको क्षेत्राधिकार आकर्षण हुने वा नहुने भन्ने कुराको निर्धारणसमेत निवेदकले विपक्षी बैंकलाई तिर्नुपर्ने जम्मा ऋण रकम यकिन भएपछि मात्र भन्न सकिने विषय भएको र सो सम्बन्धमा ऋण असुली न्यायाधिकरणमा विचाराधीन उक्त मुद्दा अन्तिम किनारा हुँदा व्याख्या र विवेचना भई निर्णय हुने नै हुँदा अहिले नै निवेदकको दाबीलाई आधारमानी क्षेत्राधिकारको सम्बन्धमा प्रस्तुत रिट निवेदनबाट विवेचना गरी निर्णय गर्न मिल्ने अवस्था नदेखिने ।

बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को व्यवस्थाअनुसार ऋण असुलीको लागि कानूनबमोजिम अधिकार सम्पन्न निकायमा उजुरी गरी आफ्नो ऋण असुलउपर गर्ने प्रयास ऋण प्रवाह गर्ने निकायले गरेको प्रयासलाई अस्वाभाविक मान्न तथा त्यस्तो प्रयास स्वयम्मा गैरकानूनी र असंवैधानिक हुन्छ भनी निष्कर्ष निकाल्नु मनासिब र तर्कसङ्गत हुने देखिँदैन । ऋण असुली न्यायाधिकरणमा उजुरी परिसकेपछि रिट निवेदकले आफू विरूद्ध परेको सो मुद्दामा उपस्थित भई आफूले विपक्षी फाइनान्ससँग लिएको ऋण तथा तिरी बुझाइसकेको रकमसम्बन्धी आफ्ना सम्पूर्ण सबुद प्रमाण प्रस्तुत गरी त्यहीँबाट उपचार प्राप्त गर्न स्वस्थ प्रयास गर्नुपर्नेमा सो नगरी सो मुद्दालाई नै चुनौती दिई रिट निवेदकले असाधारण क्षेत्राधिकारको मार्ग अवलम्बन गरी प्रस्तुत रिट निवेदन दिएकोलाई औचित्यपूर्णसमेत मान्न नसकिने ।

यसप्रकार विवेचित तथ्य आधार र कारणबाट रिट निवेदकले उठाएको विषयको विवाद ऋण असुली न्यायाधिकरणमा विचाराधीन मुद्दाबाटै निर्णय हुनुपर्ने प्रकृतिको देखिई निवेदकको मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था र औचित्य विद्यमान रहेको नदेखिँदा विपक्षीबाट लिखित जवाफ मगाई थप विवेचना गरिरहनुपर्ने अवस्था देखिन आएन । तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: उद्धवप्रसाद गजुरेल
कम्प्युटर: विकेश गुरागाई
इति संवत् २०७६ साल असार ११ गते रोज ४ शुभम् ।

**"मेलमिलाप गरौं, विवाद नबढाऔं"**

**- सर्वोच्च अदालत, मेलमिलाप समिति**